गाँउ कार्यपालिकाबाट मिति २०८२ असार १७ गते स्वीकृत

# पाँच वर्षे गाउँ शिक्षा योजना

## (आ.व.२०८२/०८३- २०८६/०८७)




## मायादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# पाँच वर्षे गाउँ शिक्षा योजना

## (आ.व.२०८२/०८३- २०८६/०८७)

गाँउ कार्यपालिकाबाट मिति २०८२ असार १७ गते स्वीकृत

## मायादेवी गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

# मन्तब्य

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ। संविधानको अनुसूचि-८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहने उल्लेख गरेको छ । संविधान तथा कानूनले अंगिकार गरेको व्यवस्थालाई आत्मसाथ गर्दै समाज परिवर्तनको मूल आधारको रुपमा रहेको शिक्षालाई समयसापेक्ष, वैज्ञानिक, सिपमूलक, जीवनोपयोगी, रोजगारमूलक बनाउनु आजको आवश्यकता रहेको छ । राज्यले अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिबद्धता, दिगो विकासको लक्ष्य, सोह्रौं योजना, लुम्बिन प्रदेशको आवधिक योजना , विद्यालय शिक्षा क्षेत्र योजना, मायादेवी गाउँपालिकाको नीति तथा कार्यक्रमलाई मुल मार्गदर्शकको रुपमा लिई मायादेवी गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरेको छ।

मायादेवी गाउँपालिकाको शैक्षिक प्रणालीलाई व्यवस्थित रुपमा संचालन गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई सहजै विद्यालयको पहुँचमा ल्याई शैक्षिक गुणस्तर सुधार गर्ने, सिकाइ उपलब्धि सुधार गर्ने, प्राविधिक शिक्षालाई थप व्यवस्थित र विस्तार गर्ने, शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास गर्ने, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्ने, विद्यालयमा सुशासन कायम गरी संस्थागत क्षमता विकास गर्ने, प्रविधिमैत्री शिक्षण सिकाइ गर्ने तथा शिक्षामा अधिकतम लगानी बृद्धि गर्नु जस्ता विषयहरुलाई प्राथमिकतामा राख्नु आजको आवश्यकता रहेको छ।

मायादेवी गाउँपालिकाले तयार गरेको पाँच वर्षे गाउँ शिक्षा योजना (२०८२/०८३-२०८६/०८७) ले गाउँपालिकाको **"समृद्ध गाउँपालिका, खुशी जनता"** को दिर्घकालिन सोंच पुरा गर्न यसले राखेका लक्ष्य, उद्देश्य तथा रणनीतिहरुले सहयोग गर्ने कुरामा विश्वस्त रहेको छु । यो शिक्षा योजना निर्माणका लागि आवश्यक सुझाव तथा सल्लाह प्रदान गर्नुहुने गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरु, शिक्षा प्रेमी, बुद्धिजिवी, शिक्षक, कर्मचारी लगायत शिक्षा योजना लेखन कार्यदललाई हार्दिक धन्यबाद सहित आभार व्यक्त गर्दछु। धन्यवाद

**१७ असार , २०८२**

**वलीउद्दीन मुसलमान**
**अध्यक्ष**
मायादेवी गाउँपालिका

# मन्तव्य

शिक्षा विकासको मेरुदण्ड हो ।शिक्षाको विकास बिना देश विकास संभव छैन ।शिक्षाबाट नै समाज रुपान्तरण संभव छ । मायादेवी गाउँपालिका आफ्नो क्षेत्रमा रहेका विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रयासरत रहेको छ । संविधान तथा कानुनले निर्दिष्ट गरेको आभारभूत तथा माध्यमिक तहको शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्न यस गाउँपालिकाले हरेक वर्ष आफ्ना नीति तथा कार्यक्रम र बजेटमा शैक्षिक क्रियाकलापहरु राखि सबै बालिबालिकाहरुको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्न प्रयत्नशिल रहेको छ । सबै बालबालिकालाई विद्यालयमा ल्याई समतामुलक र गुणस्तरीय शिक्षा प्रदान गर्न संघ, प्रदेश र स्थानीय तहले संविधानको मर्मअनुसार **सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त** अनुसार जिम्मेवार हुनुपर्ने अहिलेको आवश्यकता रहेको छ ।

मायादेवी गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना मार्फत यस गाउँपालिकाको वास्तविक शैक्षिक अवस्थाको विश्लेषण गरी यस क्षेत्रको शिक्षाका समस्या, चुनौति तथा अवसरहरुको खोजी गरेको छ ।सोही अनुसार शैक्षिक विकास तथा उन्नयनका लागि प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तहसम्मको शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, अनौपचारिक शिक्षा र वैकल्पिक निरन्तर सिकाइका कार्यक्रम सँग सम्बन्धित लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धी, रणनीति, कार्यनीति तथा परिमाणात्मक लक्ष्यहरु तय गरेको छ । यो योजना यस गाउँपालिकाको शैक्षिक विकासका लागि महत्वपूर्ण आधार रहेकोले सम्पूर्ण सरोकारवालाहरुको हातेमालो जरुरी रहेको छ ।

शिक्षा योजना निर्माणमा महत्वपूर्ण सुझाव सल्लाह दिनुहुने गाउँ कार्यपालिकाका पदाधिकारीहरु, महानुभावहरु, शैक्षिक सूचना तथा तथ्याङ्क उपलब्ध गराउनुहुने विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरु, प्राविधिक सहयोग गर्नुहुने विभिन्न संघसंस्थाहरु, शिक्षा योजना निर्माण कार्यदलका सम्पूर्ण पदाधिकारी, योजना मूल्याङ्कनकर्ता शिक्षा विकास समन्वय इकाइ प्रमुख श्रीमान् लोकनाथ मरासिनीज्यू, शिक्षा शाखा प्रमुख तथा अन्य कर्मचारीहरुलाई विशेष धन्यबाद दिन चाहन्छु ।

**१७ असार , २०८२**

**रामकृष्ण तेली**
नि. प्रमुख प्रशासकीय अधिकृत

# मन्तव्य

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापीत गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । साथै आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको सूचिमा राखिएको छ । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) ले आधारभूत र माध्यमिक शिक्षाका २३ वटा अधिकारहरु उल्लेख गरेको सन्दर्भमा मायादेवी गाउँपालिकाले संविधान तथा कानुनमा उल्लेखित शिक्षाका व्यवस्थाहरुको सफल कार्यान्वयनमार्फत शैक्षिक गुणस्तर अभिबृद्धि तथा सिकाइ उपलब्धि सुधारका लागि विभिन्न सरोकारवालाहरुको रचनात्मक सुझाव तथा पृष्ठपोषण समेतका आधारमा गाउँपालिकाको शैक्षिक, व्यवस्थापकीय तथा भौतिक सुधारका लागि यो योजना महत्वपूर्ण रहेने विश्वास गरेको छु ।

नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिबद्धता पुरा गर्न, दिगो बिकासको लक्ष्य, सोह्रौं योजनाको लक्ष्य, राष्ट्रिय शिक्षा नीति २०७६ को लक्ष्य, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) को सोंच तथा लक्ष्य तथा गाउँपालिकाको दिर्घकालीन सोंच तथा लक्ष्य पुरा गर्न यो योजना महत्वपूर्ण हुनेछ । सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि **"समृद्ध नेपाल, सुखि नेपाली "** को राष्ट्रिय सोंच, **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"** लुम्बिनी प्रदेशको सोंच र मायादेवी गाउँपालिकाको **"समृद्ध गाउँपालिका, खुशी जनता"** को दिर्घकालिन सोंच पुरा गर्न यस गाउँपालिकाले पाँच वर्षीय शिक्षा योजना (२०८२/०८३- २०८६/०८७) तयार गरेको छ ।

यो शिक्षा योजना निर्माणका लागि प्राविधिक सहायता प्रदान गर्ने USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम, योजना लेखन कार्यदलमा बसी लेखनमा महत्वपूर्ण योगदान प्रदान गर्ने पूर्व शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्रीमान् बाबुराम भट्टराई, योजनाको पूर्व मूल्याङ्कन गर्नुहुने शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्रीमान् लोकनाथ मरासिनी, योजना लेखन कार्यदलका सबै पदाधिकारीहरु, रचनात्मक सुझाव प्रदान गर्नुहुने जनप्रतिनिधि, बुद्धिजीवि, शिक्षा प्रेमी, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरु, अभिभावक, विद्यार्थी लगायत सबैलाई हार्दिक आभार दिन चाहन्छु ।

**१७ असार , २०८२**

**माधव प्रसाद घिमिरे**
शिक्षा अधिकृत

# विषयसूची


| शिर्षाक | पेज नं. |
|---|---|
| **विषय प्रवेश** | **क** |
| शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | ख |
| शिक्षा योजना निर्माणको औचित्य | ग |
| शिक्षा योजना निर्माणका आधारहरु | घ |
| शिक्षा योजना निर्माण प्रक्रिया | ङ |
| योजनाको दस्तावेजको स्वरुप | च |
| **परिच्छेद १ परिचय** | १.१ |
| १.१ पृष्ठभूमि | १ |
| १.२. वर्तमान अवस्था | १ |
| १.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण | १५ |
| १.४ शिक्षा क्षेत्रको समस्या तथा चुनौतिको SWOT विश्लेषण | १७ |
| **परिच्छेदः२ दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण** | २० |
| २.१ मायादेवी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरु | २० |
| २.२ दूरदृष्टि | २० |
| २.३ लक्ष्य | २१ |
| २.४ उद्धेश्यहरु | २१ |
| २.५ रणनीति र कार्यनीति | २१ |
| २.६ अपेक्षित उपलब्धि | २९ |
| २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ३० |
| **परिच्छेदः ३ शिक्षाका मुख्य उपक्षेत्र** | ३६ |
| ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा | ३६ |
| ३.१.१ परिचय | ३६ |
| ३.१.२ वर्तमान स्थिति | ३७ |
| ३.१.३ उद्देश्य | ३९ |
| ३.१.४ रणनीतिहरू | ३९ |
| ३.१.५ प्रमुख उपलब्धि र नतिजा | ४० |

| शिर्षाक | पेज नं. |
| --- | --- |
| ३.२ आधारभूत शिक्षा | ४३ |
| ३.२.१ परिचय | ४३ |
| ३.२.२ वर्तमान अवस्था | ४३ |
| ३.२.३ उद्देश्य | ४६ |
| ३.२.४ रणनिति | ४७ |
| ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा | ४७ |
| ३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य | ४९ |
| ३.३ माध्यमिक तहको शिक्षा | ५२ |
| ३.३.१ परिचय | ५२ |
| ३.३.२ वर्तमान अवस्था | ५३ |
| ३.३.३ समस्या र चुनौतीहरू | ५४ |
| ३.३.४ उद्देश्य | ५४ |
| ३.३.५ रणनीतिहरू | ५५ |
| ३.३.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य | ५७ |
| ३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ५७ |
| ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ६० |
| ३.४.१ परिचय | ६० |
| ३.४.२ वर्तमान अवस्था | ६० |
| ३.४.३ समस्या तथा चुनौतिहरु | ६१ |
| ३.४.४ उद्देश्यहरु | ६२ |
| ३.४.५ रणनीति | ६२ |
| ३.४.६ प्रमुख उपलब्धि तथा नतिजाः | ६३ |
| ३.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ६४ |
| ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ६६ |
| ३.५.१.परिचय | ६६ |
| ३.५.२ वर्तमान अवस्था | ६७ |
| ३.५.३ उद्देश्यहरु | ६८ |

| शिर्षाक | पेज नं. |
|---|---|
| ३.५.४ रणनीति | ६९ |
| ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा | ६९ |
| ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ७० |
| **परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र** | ७२ |
| ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ७२ |
| ४.१.१. परिचय | ७२ |
| ४.१.२ वर्तमान अवस्था | ७३ |
| ४.१.३ उद्देश्यहरु | ७४ |
| ४.१.४ रणनीतिहरु | ७५ |
| ४.१.५. प्रमुख उपलब्धि तथा नतिजा | ७५ |
| ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु | ७७ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | ७८ |
| ४.२.१ परिचय | ७८ |
| ४.२.२ वर्तमान अवस्था | ७९ |
| ४.२.३ उद्देश्यहरु | ८१ |
| ४.२.४ रणनीतिहरू | ८२ |
| ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा | ८२ |
| ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ८३ |
| ४.३ शैक्षिक समता र समावेशीकरण | ८५ |
| ४.३.१ परिचय | ८५ |
| ४.३.२ वर्तमान अवस्था | ८६ |
| ४.३.३ उद्देश्यहरु | ८६ |
| ४.३.४ रणनीतिहरु | ८७ |
| ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा | ८७ |
| ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ८८ |
| ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ९१ |
| ४.४.१ परिचय | ९१ |

| शिर्षक | पेज नं. |
|---|---|
| ४.४.२ वर्तमान अवस्था | ९२ |
| ४.४.३ उद्देश्य | ९३ |
| ४.४.४ रणनीतिहरु | ९३ |
| ४.४.५ समस्या तथा चुनौतीहरू | ९४ |
| ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा | ९४ |
| ४.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ९६ |
| ४.५ विद्यालय सुरक्षा, बिपत्, न्यूनिकरण तथा उत्थानशीलता | ९७ |
| ४.५.१ परिचय | ९७ |
| ४.५.२ वर्तमान अवस्था | ९८ |
| ४.५.३ उद्देश्य | ९८ |
| ४.५.४ रणनीति | ९८ |
| ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा | ९९ |
| ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | १०० |
| ४.६ विद्यालय भौतिक पूर्वाधार विकास | १०१ |
| ४.६.१. परिचय | १०१ |
| ४.६.२ वर्तमान अवस्था | १०१ |
| ४.६.३ उद्देश्यहरु | १०२ |
| ४.६.४ रणनीतिहरु | १०३ |
| ४.६.५ प्रमुख उपलब्धि र नतिजा | १०३ |
| ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य | १०४ |
| ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १०५ |
| ४.७.१ परिचयः | १०५ |
| ४.७.२. वर्तमान अवस्था | १०६ |
| ४.७.३ उद्देश्य | १०७ |
| ४.७.४ रणनीति | १०७ |
| ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा | १०७ |
| ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | १०८ |

| शिर्षाक | पेज नं. |
|---|---|
| **परिच्छेद-५ अन्य उपक्षेत्र** | १०९ |
| ५.१ मदरसा शिक्षा | १०९ |
| ५.१.१ परिचय | १०९ |
| ५.१.२ वर्तमान अवस्था | १०९ |
| ५.१.३ उद्देश्य | ११० |
| ५.१.४.रणनीति | ११० |
| ५.१.५. प्रमुख उपलब्धि तथा नतिजा | १११ |
| ५.१.६ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य | ११२ |
| **परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** | ११३ |
| ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ११३ |
| ६.१.१ परिचय | ११३ |
| ६.१.२ वर्तमान अवस्था | ११३ |
| ६.१.३ उद्देश्य | ११४ |
| ६.१.४ रणनीति | ११५ |
| ६.१.५. समस्या र चुनौतीहरु | ११५ |
| ६.१.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ११६ |
| ६.१.७ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य | ११७ |
| ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ११८ |
| ६.२.१ परिचय | ११८ |
| ६.२.२ वर्तमान अवस्था | ११८ |
| ६.२.३ उद्देश्य | ११९ |
| ६.२.४ रणनीतिहरू | ११९ |
| ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा | १२० |
| ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | १२० |
| **परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** | **१२२** |
| ७.१ परिचय | १२२ |
| ७.२ वर्तमान अवस्था | १२३ |

| शिर्षाक | पेज नं. |
|---|---|
| ७.३ उद्देश्य | १२४ |
| ७.४ रणनीति | १२४ |
| ७.५ प्रमुख उपलब्धि | १२५ |
| ७.६ प्रमुख क्रियाकलाप र लक्ष्य | १२५ |
| ७.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया | १२८ |
| ७.८ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन | १२९ |
| **परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन** | **१३०** |
| ८.१ परिचय | १३० |
| ८.२ वर्तमान अवस्था | १३१ |
| ८.३ उद्देश्य | १३१ |
| ८.४ रणनीति | १३१ |
| ८.५ प्रमुख उपलब्धि तथा नतिजा | १३२ |
| ८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | १३२ |
| **मायादेवी गाउँपालिका भित्र रहेका धार्मिक, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरुको सम्पर्क नम्बर** | **१५०** |

## १. विषय प्रवेशः

शिक्षा नागरीकको नैसर्गिक अधिकार हो । नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखिएको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ। जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरीकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरीकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरीकलाई ब्रेललिपि, बहिरा तथा बोलाई समस्या भएका नागरीकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी नेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरी दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक, जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ। साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरीकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय

तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयले दश वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस मायादेवी गाउँपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षाका साथ मायादेवी गाउँपालिकाले गाउँ शिक्षा योजना २०८२/०८३ -२०८६/०८७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

विद्यमान शिक्षा ऐन तथा नियमावलीमा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने सोका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरीकलाई प्रदान गरी **"समृद्ध नेपाल, सुखि नेपाली" को** राष्ट्रिय सोच, **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"** लुम्बिनी प्रदेशको सोच र मायादेवी गाउँपालिकाको **"समृद्ध गाउँपालिका, खुशी जनता"** को दीर्घकालिन सोच पुरा गर्न यस गाउँपालिकाले पाँच वर्षीय शिक्षा योजना २०८२/०८३- २०८६/०८७ तयार गरेको छ। यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरीएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहने छ । यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरीकको कर्तव्य रहने छ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरीक तयार गर्न र समृद्ध मायादेवी गाउँपालिकाको रुपमा विकास गर्न यस शैक्षिक योजनाले महत्वपूर्ण भूमिका खेलेको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६ औ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानूनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरीक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ १) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan २०७९-२०८८) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा यस  मायादेवी  गाउँपालिका ले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी पाँच वर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ ।

## ३. मायादेवी गाउँपालिकामा शिक्षा योजना निर्माणको औचित्यः

१. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह, समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच सम्बोधन गर्न

२. आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको ससम्मान प्रवेश, बालबालिकाको क्षमता, आवश्यकता र परिवेश अनुसार सफल जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न
३. विद्यालय भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई विद्यालयमा टिकाइ राख्ने र सिकाइ पश्चात् शैक्षिक सिपको उद्देश्य पूरा गर्न
४. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाइमा सुधार ल्याउन
५. तिनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजय सहसम्बन्ध स्थापित गर्न
६. सङ्घ र प्रदेशबाट प्रदान गरीने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
७. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
८. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
९. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन
१०. गाउँपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरी समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न,

## ४. शिक्षा योजना निर्माणका आधारहरुः

मायादेवी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

१. नेपालको संविधान २०७२
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन तथा नियमावली
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan २०७९-२०८८)
७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
८. विद्यालय शिक्षामा समता रणनीति

९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
११. स्थानीय तहको मध्यमकालीन खर्च संरचना
१२. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
१३. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि
१४. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू
१५. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)
१६. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)
१७. लुम्बिनी प्रदेशको आवधिक योजना
१८. एकीकृत शैक्षिक सूचना प्रणाली (IEMIS) का तथ्याङ्कहरु
१९. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरु

## ५. शिक्षा योजना निर्माण प्रक्रियाः

कुनै पनि कार्य सम्पन्न गर्न गरीने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम पुर्याई प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ। मायादेवी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. गाउँ शिक्षा समितिको मिति २०८१/०३/०५ को बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको १० सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
२. कार्यदलको मिति २०८१/ ०५ /१२ गते बैठक बसी गाउँ शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।

४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।
५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा Gap Analysis गरिएको ।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावकोलागि कार्यशाला आयोजना गरिएको
८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
११. गाउँ कार्यपालिकाको मिति २०८२।३।१७ गतेको बैठकबाट स्वीकृत भई आ.व. २०८२।८३ बाट कार्यान्वन हुने।

## ६. योजनाको दस्तावेजको स्वरुपः

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनीति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । मायादेवी गाउँपालिकाको आगामी ५ बर्षे शिक्षाको स्पष्ट नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय, वर्तमान अवस्थाको विश्लेषण, अवसर र चुनौती, रणनीती र क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ।

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना गरी नेपालको एकात्मक राज्य प्रणालीलाई सङ्घीय राज्य प्रणालीमा रुपान्तरण गरेको छ । संविधानको मर्म मुताविक हाल मुलुकमा सङ्घीय सरकार , प्रदेश सरकार र स्थानीय तहका सरकारहरु रहेका छन । वर्तमान संविधान अनुसारनै मायादेवी गाउँपालिका पनि स्थानीय सरकार मध्येको एउटा स्थानीय सरकार हो । सबै सरकारहरुले आ-आफ्ना परिवेश तथा प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई विकास विस्तार गरी विभिन्न योजना तथा कार्यक्रम निर्माण गरी कार्यन्वयन गरेका छन् । तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता र चुनौती हो।

## १.२. वर्तमान अवस्थाः

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराले शिक्षा सम्बन्धी पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरीकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना

आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस मायादेवी गाउँपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा समतामूलक पहुँच, गुणस्तर र सहभागिता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी पाँच वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९—२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस मायादेवी गाउँपालिकाको पाँच वर्षे शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

विद्यमान शिक्षा ऐन तथा नियमावलीमा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु पुरा गर्न विद्यालय शिक्षा क्षेत्र योजना (२०७९—२०८८) कार्यान्वयनमा ल्याएको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु—व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरीकलाई प्रदान गरी **"समृद्ध नेपाल, सुखि नेपाली"** को राष्ट्रिय आकांक्षा, **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"** लुम्बिनी प्रदेशको सोच र मायादेवी गाउँपालिकाको **"समृद्ध गाउँपालिका, खुशी जनता"** को दीर्घकालिन सोचलाई साकार पार्न मायादेवी गाउँपालिकाले गाउँ शिक्षा योजना २०८२-२०८६ तयार गरेको छ । यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरीएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहने छ । यस योजनामा भएका कार्यक्रमहरुलाई आ—आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरीकको कर्तव्य रहने छ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरीक तयार गर्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेल्ने छ।

## गाउँपालिकाको परिचयः

कपिलवस्तु जिल्लाका १० वटा स्थानीय तहहरु मध्ये मायादेवी गाउँपालिका जिल्लाको दक्षिण भेगमा अवस्थित रहेको गाउँपालिका हो । मायादेवी गाउँपालिकाको स्थापना २०७३ फागुन २७ गते भएको हो । साविकका पकडी, अभिराव, फुलिका, पिपरा, बलुहवा, डुमरा, हरनामपूर र बिजुवा गा.वि.सहरुलाई समायोजन गरी मायादेवी गाउँपालिका घोषणा गरिएको थियो । यस

पालिकाको सिमाना पूर्वमा शुद्धोधन गाँउपालिका, पश्चिममा कपिलवस्तु  नगरपालिका र यशोधरा गाउँपालिका, उत्तरमा कपिलवस्तु  नगरपालिका र वाणगंगा  नगरपालिका र  दक्षिणमा भारतको सिमाना रहेको छ ।

## भौगोलिक तथा धरातलिय अवस्थाः

यस गाउँपालिकाको अक्षांश २७.३५' देखि २७.४७' र देशान्तर ८३.०४' देखि ८३.१५' रहेको छ । यस गाउँपालिकाको जम्मा क्षेत्रफल ८८.५३ वर्ग कि.मी. रहेको छ। संघीय निर्वाचन क्षेत्र नं. १, प्रदेश निर्वाचन क्षेत्र नं. ख मा पर्ने यस पालिकामा ८ वटा वडाहरु रहेका छन्। यस पालिकाको सिमाना पूर्वमा शुद्धोधन गाँउपालिका, पश्चिममा कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिका, उत्तरमा कपिलवस्तु  नगरपालिका र वाणगंगा  नगरपालिका र  दक्षिणमा भारतको सिमाना रहेको छ । यस गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय वडा नं.१, पकडीमा रहेको छ । बिश्वशान्तिका अग्रदुत गौतमबुद्धको जन्मस्थलदेखि नजिक रहेको र गौतमबुद्धको माताको नामबाट यस पालिकाको नामाकरण मायादेवी गाउँपालिका रहेको हो । यस पालिकाको वडा नं. ७ मा पुरातात्विक महत्वको करमहवाकोट, वडा नं. ५ मा ऐतिहासिक तथा धार्मिक सिसहनियाकोट रहेको छ । यस गाउँपालिकाको भू-बनोट समथर तथा खेतीयोग्य रहेको, उत्पादनको हिसावले प्रमुख बालीहरुमा धान, गहुँ, दलहन र तेलहन रहेका छन् । व्यवसायिक पशुपालन, उद्योग, व्यापार व्यवसायको पर्याप्त संभावना रहेको छ । यहाँको हावापानी उष्णप्रदेशीय रहेको छ । समथर र होचो जमिन भएकोले वर्षायाममा डुवानको जोखिम रहेको छ । यस क्षेत्रको अधिकतम तापक्रम ४०° सेल्सियस भन्दा बढी र न्यूनतम तापक्रम १५° सेल्सियस भन्दा कम पुगेको पाइन्छ र औसत वर्षा १४३६.५ मि.मि. सम्म भएको पाइएको छ ।

## जनसाङ्ख्यिक संरचना विश्लेषणः

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ५५,९७२ जस मध्ये पुरुषको जनसङ्ख्या २७,१२४ र महिलाको जनसङ्ख्या २८,८४८ रहेको छ भने घरधुरी सङ्ख्या (परिवार सङ्ख्या) ८४४३ रहेको छ । परिवारको औसत आकार ६.६३, बार्षिक जनसङ्ख्या वृद्धिदर १.४३%, लैंगिक अनुपात ९४.०२, र जनघनत्व ६३२ वर्ग किलोमीटर रहेको छ ।

## गाउँपालिकाको जनसाङ्ख्यिक विवरणः

| जनगणना | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसङ्ख्या बृद्धिदर | जन— घनत्व |
|---|---|---|---|---|---|---|---|---|
| २०६८ | ६,५०७ | ४८२१८ | २४१९८ | २४०२० | ७.४१ | १००.७४ | - | ५४४.६५ |
| २०७८ | ८,४४३ | ५५,९७२ | २७,१२४ | २८,८४८ | ६.६३ | ९४.०२ | १.४३ | ६३२ |

## राष्ट्रिय जनगणना २०७८ अनुसार वडागत जनसङ्ख्या विवरणः

| वडा नं. | पुरुष | महिला | जम्मा | जम्मा प्रतिशत | लैङ्गिक अनुपात | कैफियत |
|---|---|---|---|---|---|---|
| वडा नं. १ | ४,९९२ | ४,७७० | ९,४२२ | १६.९० | ९४.०२ | |
| वडा नं. २ | ३,८४४ | ४,२७० | ८,१३४ | १४.५३ | ९०.४९ | |
| वडा नं. ३ | ४,०३३ | ४,१३९ | ८,१७२ | १४.६० | ९७.४४ | |
| वडा नं. ४ | २,४९६ | २,८७२ | ५,३६८ | ९.५९ | ८६.९१ | |
| वडा नं. ५ | २,८८२ | ३,२९९ | ६,१८१ | ११.०४ | ८७.३६ | |
| वडा नं. ६ | २,९०१ | २,९०४ | ५,८०५ | १०.३७ | ९९.९० | |
| वडा नं. ७ | २,८८६ | २,९३८ | ५,८२४ | १०.४१ | ९८.२३ | |
| वडा नं. ८ | ३,३७० | ३,६५६ | ७,०२६ | १२.५५ | ९२.१८ | |
| | २७,१२४ | २८,८४८ | ५५,९७२ | १०० | ९४.०२ | |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

## उमेर अनुसार जनसङ्ख्या विवरणः

| क्र.स. | उमेरसमूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ९५+ | १६ | २० | ३६ | ०.०६ |
| २ | ९०–९४ | २२ | २० | ४२ | ०.०८ |
| ३ | ८५–८९ | ४३ | ३३ | ७६ | ०.१४ |
| ४ | ८०–८४ | १२० | ७३ | १९३ | ०.३४ |
| ५ | ७५–७९ | २८४ | १९६ | ४८० | ०.८६ |
| ६ | ७०–७४ | ६६४ | ६३९ | १३०३ | २.३३ |
| ७ | ६५–६९ | ६५३ | ५९९ | १२५२ | २.२४ |
| ८ | ६०–६४ | ६३७ | ६४६ | १२८३ | २.२९ |
| ९ | ५५–५९ | ८३८ | ७२७ | १५६५ | २.८० |
| १० | ५०–५४ | ८८१ | ९२४ | १८०५ | ३.२२ |

| क्र.स. | उमेरसमूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ११ | ४५-४९ | ९८३ | १०७२ | २०५५ | ३.६७ |
| १२ | ४०-४४ | ११३४ | १३७३ | २५०७ | ४.४८ |
| १३ | ३५-३९ | १४८१ | १८६४ | ३३४५ | ४.९८ |
| १४ | ३०-३४ | १४४७ | १९७२ | ३४१९ | ६.११ |
| १५ | २५-२९ | २०११ | २४३२ | ४४४३ | ७.९४ |
| १६ | २०-२४ | २३५४ | २८४२ | ५१९६ | ९.२८ |
| १७ | १५-१९ | ३१७६ | ३२७२ | ६४४८ | ११.५२ |
| १८ | १०-१४ | ३४९९ | ३३४३ | ६८४२ | १२.२२ |
| १९ | ०५-०९ | ३६७५ | ३५१५ | ७१९० | १२.८५ |
| २० | ००-०४ | ३२०६ | ३२८६ | ६४९२ | ११.६० |
| जम्मा | | २७१२४ | २८८४८ | ५५९७२ | १०० |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

**धर्मको आधारमा जनसङ्ख्याको विवरणः**

सङ्ख्याको आधारमा हेर्दा यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरू ३७२६१ (कुल जनसङ्ख्याको ६६.५७ प्रतिशत) हिन्दु धर्मावलम्बीहरू रहेका देखिन्छ भने दोस्रो मुख्य धर्मको रूपमा इस्लाम धर्म रहेको छ जसमा १८६४७ जना (कुल जनसङ्ख्याको ३३.३१ प्रतिशत) रहेको देखिन्छ । यसैगरी बौद्ध,जैन प्रकृति धर्म मान्ने मानिसहरु पनि यहाँ बसोबास गर्दछन्। धर्मका आधारमा यहाँको जनसङ्ख्याको अवस्थालाई तलको तालिका मा प्रस्तुत गरिएको छ ।

| लिङ्ग | जनसङ्ख्या | धर्म | | | | |
|---|---|---|---|---|---|---|
| | | हिन्दु | ईस्लाम | बौद्ध | जैन | प्रकृति |
| **जम्मा** | **५५९७२** | **३७२६१** | **१८६४७** | **५२** | **११** | **१** |
| **पुरुष** | **२७१२४** | **१८२२८** | **८८६४** | **२६** | **५** | **१** |
| **महिला** | **२८८४८** | **१९०३३** | **९७८३** | **२६** | **६** | **०** |
| **प्रतिशत** | | ६६.५७ | ३३.३१ | ०.०९ | ०.०२ | ०.००२ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

**जातजातीको आधारमा जनसङ्ख्याको विवरणः**

यस गाउँपालिकामा ३० भन्दा बढी प्रकारका जातजातिका मानिसहरू बसोबास गर्ने गरेका छन्। तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा मुसलमान, यादव, कुर्मी, हरिजन, पासी, पासी ब्राम्हण तराई लगायतका रहेका छन् ।

तालिकामा यस सम्बन्धी विवरण विस्तृत रूपमा देखाइएको छ

| जातजाती | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत | औसत |
|---|---|---|---|---|---|---|
| मुसलमान | ८७९८ | ९८८२ | १८४८० | ३२.४४ | ३३.५६ | ३३ |
| यादव | ३५५४ | ३७७३ | ७२२७ | १३.१० | १२.७३ | १२.७२ |
| कुर्मी | १९५२ | १८८६ | ३८३८ | ७.२० | ६.५४ | ६.८७ |
| क्षेत्री | २९ | २६ | ५५ | ०.११ | ०.०९ | ०.१० |
| ब्राम्हण पहाड | २८ | ३८ | ६६ | ०.१० | ०.१३ | ०.१२ |
| मगर | ४५ | ३९ | ८४ | ०.१७ | ०.१४ | ०.१५ |
| थारु | २९१ | ३२३ | ६१४ | १.०७ | १.१२ | १.१० |
| विश्वकर्मा | ६ | ९ | १५ | ०.०२ | ०.०३ | ०.०३ |
| परियार | १२ | १२ | २४ | ०.०४ | ०.०४ | ०.०४ |
| ठकुरी | १६ | २२ | ३८ | ०.०६ | ०.०८ | ०.०७ |
| तेली | ४९० | ४८१ | ९७१ | १.८१ | १.६७ | १.७४ |
| चमार हरिजन राम | १६९८ | १८०४ | ३५०२ | ६.२६ | ६.२५ | ६.२६ |
| कोइरी कुशहवा | १४९ | १७४ | ३२३ | ०.५५ | ०.६० | ०.५८ |
| सन्यासी दशनामी | १० | ११ | २१ | ०.०४ | ०.०४ | ०.०४ |
| दुशाद पासवान पासी | १३४० | १४२१ | २७६१ | ४.९४ | ४.९३ | ४.९३ |
| मल्लाह | १६८ | १७९ | ३४७ | ०.६२ | ०.६२ | ०.६२ |
| केवट | ५०५ | ४९२ | ९९७ | १.८६ | १.७१ | १.७८ |
| कठाबानीया | ८५ | ९५ | १८० | ०.३१ | ०.३३ | ०.३२ |
| ब्राम्हण तराई | १०३१ | १०५७ | २०८८ | ३.८० | ३.६६ | ३.७३ |
| कलवार | ४०६ | ४३९ | ८४५ | १.५० | १.५२ | १.५१ |
| कानु | ६० | ५५ | ११५ | ०.२२ | ०.१९ | ०.२१ |
| हजाम ठाकुर | २८८ | ३१६ | ६०४ | १.०६ | १.१० | १.०८ |
| धोबी | ६५७ | ७१४ | १३७१ | २.४२ | २.४८ | २.४५ |
| लोहार | ३१७ | ३५३ | ६७० | १.१७ | १.२२ | १.२० |

| जातजाती | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत | औसत |
|---|---|---|---|---|---|---|
| बरई | ७८७ | ७८९ | १५७६ | २.९० | २.७४ | २.८२ |
| नुनिया | ६२३ | ७३४ | १३५७ | २.३० | २.५४ | २.४२ |
| सोनार | ५६ | ५२ | १०८ | ०.२१ | ०.१८ | ०.१९ |
| कमहार | ५४६ | ५९९ | ११४५ | २.०१ | २.०८ | २.०४ |
| कहार | ९४० | १०२५ | १९६५ | ३.४७ | ३.५५ | ३.५१ |
| कायश्थ | १४ | १७ | ३१ | ०.०५ | ०.०६ | ०.०६ |
| राजपुत | ५५ | ६६ | १२१ | ०.२० | ०.२३ | ०.२२ |
| ओराओन/कुदुख | ६२ | ४८ | ११० | ०.२३ | ०.१७ | ०.२० |
| लोध | २३९ | २७३ | ५१२ | ०.८८ | ०.९५ | ०.९१ |
| बधाई/बाधी | ३११ | ३३२ | ६४३ | १.१५ | १.१५ | १.१५ |
| गडेरी/भेडियार | ३३३ | ३४१ | ६७४ | १.२३ | १.१८ | १.२० |
| माली | ७ | ८ | १५ | ०.०३ | ०.०३ | ०.०३ |
| धुनिया | ३९ | ६५ | १०४ | ०.१४ | ०.२३ | ०.१८ |
| कोरी | ४५५ | ४८२ | ९३७ | १.६८ | १.६७ | १.६७ |
| पत्थरकट्टा/खुस्वाडीया | ३४ | ३५ | ६९ | ०.१३ | ०.१२ | ०.१२ |
| नटुवा | ७१ | ६८ | १३९ | ०.२६ | ०.२४ | ०.२५ |
| ढाडी | ९ | ७ | १६ | ०.०३ | ०.०२ | ०.०३ |
| बनिया | ५३३ | ४९९ | १०३२ | १.९७ | १.७३ | १.८५ |
| खटिक | ३७ | ४५ | ८२ | ०.१४ | ०.१६ | ०.१५ |
| अन्य | १० | १३ | २३ | ०.०४ | ०.०५ | ०.०४ |
| विदेशी नागरीक | २८ | ४९ | ७७ | ०.१० | ०.१७ | ०.१४ |
| जम्मा | २७१२४ | २८८४८ | ५५९७२ | १०० | १०० | १०० |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

## अपाङ्गताको आधारमा जनसङ्ख्या विवरणः

राष्ट्रिय जनगणना, २०७८ अनुसार विभिन्न शारीरिक तथा मानसिक अपाङ्गताको आधारमा हेर्दा मायादेवी गाउँपालिकामा कुल ८८४ जना विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू रहेको देखिन्छ। तथ्याङ्कलाई हेर्दा कुल ८८४ जना मध्ये ३०९ जना शारीरिक रूपमा अपाङ्ग देखिन्छन् ।अन्य अपाङ्गहरुमा न्यूनदृष्टियुक्त, दृष्टिबिहिन, बहिरोना, मनोसामाजिक अपाङ्गता, न्यून

श्रवणशक्ति जस्ता अपाङ्गता भएका व्यक्तिहरु रहेका छन जसको विस्तृत जानकारी तल तालिकामा देखाइएको छ।

| क्र.सं | अपाङ्गताको प्रकार | पुरुषको सङ्ख्या | महिलाको सङ्ख्या | जम्मा | पुरुषको प्रतिशत | महिलाको प्रतिशत | जम्मा अनुपात |
|---|---|---|---|---|---|---|---|
| १. | शारीरिक अपाङ्गता | १७९ | १३० | ३०९ | ३७.१ | ३२.७ | ३४.९ |
| २. | न्यून दृष्टियुक्त | ७२ | ९२ | १६४ | १४.९ | २३.२ | १९.०५ |
| ३. | दृष्टिविहिन | २२ | २४ | ४६ | ४.६ | ६ | ५.३ |
| ४. | बहिरोपन | १७ | १९ | ३६ | ३.५ | ४.८ | ४.१५ |
| ५. | मनोसामाजिक अपाङ्गता | २८ | २९ | ५७ | ५.८ | ७.३ | ६.५५ |
| ६. | न्यून श्रवणशक्ति | ३२ | ३३ | ६५ | ६.६ | ८.३ | ७.४५ |
| ७. | बहिरोपन एवं दृष्टिविहिन | ७ | ४ | ११ | १.४ | १.०१ | १.२० |
| ८. | मानसिक वा मनोसामाजिक | २७ | १८ | ४५ | ५.६ | ४.५ | ५.०५ |
| ९. | बौद्धिक अपाङ्गता | २४ | १० | ३४ | ५ | २.५ | ३.७५ |
| १०. | अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ११ | ४ | १५ | २.३ | १.०१ | १.६५ |
| ११. | अटिजम् | ४ | ४ | ८ | ०.८ | १.०१ | ०.९० |
| १२. | बहुअपाङ्गता | ६० | ३० | ९० | १२.४ | ७.६ | १० |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

## सामाजिक र सांस्कृतिक अवस्थाको विश्लेषणः

मायादेवी गाउँपालिकाको जम्मा जनसङ्ख्या ५५,९७२ छ । उक्त जनसङ्ख्यामा महिलको सङ्ख्या २८,८४८ र पुरुषको सङ्ख्या २७१२४ छ । कूल जनसङ्ख्यामा महिलाको प्रतिशत ५१.५ र पुरुषको प्रतिशत ४८.५ छ । यस गाउँपालिकमा मुख्यत मुसलमान, यादव, कुर्मी, चमार, पासवान, बाहुन लगायतका जातिहरुको बसोबास रहेको छ । सबैले आफ्नो परम्परागत अनुसारका धर्म, रीतिरिवाज र संस्कृति मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ । यहाँ बसोबास गर्ने मानिसहरुको आफ्नै भेषभूषा रहेको पाइन्छ । यस पालिकाकामा बसोबास गर्ने मानिसहरुले दशै, तिहार, ईद, बकर-ईद(इदुलअजह), छठ, माघी, बडका आइतवारी तथा अन्य चाडहरु मनाउने गरेका छन् । यस गाउँपालिकाका वहुसंख्यक मानिसहरु कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ । यहाँ उत्पादन हुने प्रमुख

बालीमा धान, गहुँ, तरकारी खेती आदि हुन् । गाउँपालिका बासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ र यसका साथै वैदेशिक रोजगार, नोकरी, व्यापार, श्रम नै मुख्य पेशाहरु हुन् ।

**आर्थिक अवस्थाः**

मानिसहरुको जिविकोपार्जन तथा सम्वृद्धिको मुख्य आधार आर्थिक कृयाकलाप हो । आर्थिक गतिविधिका आधारमा सामाजिक व्यवहार, मुल्यमान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अवस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रूपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, खाद्यसुरक्षा, पोषण लगायतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ । आर्थिक विकाससंग सम्बन्धीत विषयवस्तु मायादेवी गाउँपालिकाको आर्थिक विकासको प्रमुख उद्देश्यका रूपमा रहेको छ । रोजगारीको अवस्था, उद्योगधन्दा तथा भौतिक पुर्वाधारको विकास तथा व्यावसायिक आधुनिक कृषि प्रणालीको प्रबर्धनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । मिश्रीत जातजातिको बसोबास रहेको यस मायादेवी गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि, व्यापार, उद्योग, सेवा तथा श्रम आदि रहेको छ। यहाँ मुख्य गरी धान, गहुँ, तोरी, माछापालन, कुखुरापालन, हाँसपालन अन्य पशुपालन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरु बढी हुने गरेको छ।

**५ वर्ष भन्दा माथिको साक्षरता सम्बन्धी विवरणः**

| उमेर | जम्मा | जनसङ्ख्या जसले | | | नखुलाइएको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| ०५ वर्ष | १६२१ | १२७९ | १९ | ३११ | १२ |
| ६ वर्ष | १४७१ | १३०७ | १२ | १५१ | १ |
| ७ वर्ष | १३४४ | १२४२ | १८ | ८४ | ० |
| ८ वर्ष | १७४६ | १६३४ | १२ | ९९ | १ |
| ९ वर्ष | १००८ | ९७४ | ५ | २९ | ० |
| १० वर्ष | १७९१ | १७३९ | ३ | ४९ | ० |
| ११ वर्ष | ९२० | ९०३ | २ | १५ | ० |
| १२ वर्ष | १६८४ | १६३० | ० | ५४ | ० |
| १३ वर्ष | ११४८ | ११२३ | १ | २४ | ० |
| १४ वर्ष | १२९९ | १२५३ | २ | ४४ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ वर्ष | १३७७ | १३०७ | १ | ६९ | ० |
| १६-१९ वर्ष | ५०७१ | ४७१८ | १ | ३५१ | १ |
| २०-२४ वर्ष | ५१९६ | ४४४८ | १० | ७३६ | २ |
| २५-२९ वर्ष | ४४४३ | ३३६० | १५ | १०६८ | ० |
| ३०-३४ वर्ष | ३४१९ | २२११ | १३ | ११९५ | ० |
| ३५-३९ वर्ष | ३३४५ | १९०४ | १२ | १४२७ | २ |
| ४०-४४ वर्ष | २५०७ | १२९० | १३ | १२०४ | ० |
| ४५-४९ वर्ष | २०५५ | ९८७ | ६ | १०६१ | १ |
| ५०-५४ वर्ष | १८०५ | ६९६ | १४ | १०९५ | ० |
| ५५-५९ वर्ष | १५६५ | ५७९ | १० | ९७६ | ० |
| ६०-६४ वर्ष | १२८३ | ४३१ | १० | ८४२ | ० |
| ६५-६९ वर्ष | १२५२ | ४०० | ६ | ८४६ | ० |
| ७०-७४ वर्ष | १३०३ | ३१३ | ५ | ९८५ | ० |
| ७५ वर्षभन्दा माथि | ८२७ | १७१ | ४ | ६५२ | ० |
| जम्मा | ४९४८० | ३५८९९ | १९४ | १३३६७ | २० |

**शैक्षिक अवस्थाको विश्लेषणः**

यस गाउँपालिकामा सामुदायिक, धार्मिक र संस्थागत गरी जम्मा ८४ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् जसमा सामुदायिक ३३, धार्मिक ३३ र संस्थागत १८ विद्यालयहरु सञ्चालनमा रहेका छन् । विद्यालय र समुदायमा गरी जम्मा ४४ वटा बालविकास केन्द्रहरु रहेका छन् भने सामुदायिक सिकाइ केन्द्रहरु ७ वटा सञ्चालनमा रहेका छन् । पालिकाभित्र सबै प्रकारका विद्यालयहरुमा शैक्षिक वर्ष २०८१ मा जम्मा २०७९० जना विद्यार्थीहरु अध्ययनरत छन् । पालिकाको आधारभूत तह (कक्षा १-८)को खुद भर्नादर ९४.६ र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर ४६.६ रहेको छ । कक्षा-८ को सिकाइ उपलब्धिदर २.२७ र कक्षा-१० को सिकाइ उपलब्धिदर ०.९४ रहेको छ ।त्यसैगरी पालिकाभित्र सबै तहका स्वीकृत र राहत दरबन्दी गरी जम्मा १३४, सङ्घीय अनुदानमा १७ जना र गाउँपालिका शिक्षण अनुदानमा ८० जना शिक्षकहरु कार्यरत छन् ।सबै प्रकारका दरबन्दी र अनुदान शिक्षकका आधारमा सामुदायिक विद्यालयको हालको शिक्षक विद्यार्थी अनुपात १:३६.९५ रहेको छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्ष वा सो भन्दा माथिको यस पालिकाको साक्षरतादर ७२.६ प्रतिशत रहेको छ।

**शैक्षिक संस्थाहरुको विवरणः**

| *तह* | *सामुदायिक* | *संस्थागत* | *धार्मिक* | *जम्मा* |
|---|---|---|---|---|
| बाल विकास केन्द्र | ४४ | १८ | ३३ | ९५ |
| आधारभूत तह १-३ सञ्चालित | २ | १ | ४ | ७ |
| आधारभूत तह १-५ सञ्चालित | १२ | १ | १७ | ३० |
| आधारभूत तह १-८ सञ्चालित | ११ | ८ | ७ | २६ |
| माध्यमिक तह १-१० सञ्चालित | ४ | ८ | ३ | १५ |
| माध्यमिक तह १-१२ सञ्चालित | ४ | ० | २ | ६ |
| सामुदायिक सिकाइ केन्द्र | ७ | | | |

**स्रोत : IEMIS 2081**

**सामुदायिक, धार्मिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी विवरणः**

| **क्र.सं.** | **तह** | **कुल विद्यार्थी** | | |
|---|---|---|---|---|
| | | **छात्रा** | **छात्र** | **जम्मा** |
| १ | बालविकास | १७७७ | २०५९ | ३८३६ |
| २ | आधारभूत १-५ | ५४१७ | ५६०४ | ११०२१ |
| ३ | आधारभूत ६-८ | २०४८ | १८२४ | ३८७२ |
| ४ | माध्यमिक ९-१० | ८४३ | ७८८ | १६३१ |
| ५ | माध्यमिक ११-१२ | २६४ | १६६ | ४३० |
| **जम्मा** | | १०३४९ | १०४४१ | २०७९० |

**स्रोत : IEMIS 2081**

**विद्यार्थी विवरण सामुदायिक तर्फः**

| विवरण | लिङ्ग | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ७१० | २५१० | ११११ | ४७७ | २२८ | ५०३६ |
| | छात्र | ६७३ | २४११ | १०७७ | ५५६ | १६६ | ४८८३ |
| | जम्मा | १३८३ | ४९२१ | २१८८ | १०३३ | ३९४ | ९९१९ |

स्रोतः IEMIS , 2081

*विद्यार्थी विवरण संस्थागत तर्फः*

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ४६८ | ८९५ | १८२ | ६४ | ० | १६०९ |
| | छात्र | ६९४ | १७३१ | ५१४ | १४६ | ० | ३०८५ |
| | जम्मा | ११६२ | २६२६ | ६९६ | २१० | ० | ४६९४ |

*स्रोतः IEMIS , 2081*

विद्यार्थी विवरण धार्मिक विद्यालय तर्फः

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | छात्रा | ५९९ | २०१२ | ७५५ | ३०२ | ३६ | ३७०४ |
| | छात्र | ६९२ | १४६२ | २३३ | ८६ | ० | २४७३ |
| | जम्मा | १२९१ | ३४७४ | ९८८ | ३८८ | ३६ | ६१७७ |

स्रोतः IEMIS , 2081

शिक्षक विवरण सामुदायिक तर्फः

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० (प्राविधिक अनुदान समेत) | कक्षा ११-१२ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| शिक्षक | महिला | ४४ | ५२ | ९ | ८ | २ | |
| | पुरुष | ० | ७९ | ३७ | २३ | ८ | |
| | जम्मा | ४४ | १३४ | ५० | ३७ | १० | |

**स्रोतः IEMIS , 2081**

शिक्षक विबरणः

| क्रसं | तह | दरबन्दी | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहत | संघीय अनुदान | गाउँपालिका अनुदान | |
| १ | वाविके | ४४ | ० | ० | ० | ४४ |
| २ | प्राथमिक | ७२ | २७ | ० | ३५ | १३४ |
| ३ | निम्नमाध्यमिक | ६ | ७ | ६ | ३१ | ५० |
| ४ | माध्यमिक | ८ | ४ | ११ | १० | ३३ |
| ५ | साविक उमातह | ४ | ० | ० | ४ | ८ |
| ६ | प्राविधिक धारतर्फ | ६ | ० | ० | ० | ६ |
| | कुल जम्मा | १४० | ३८ | १७ | ८० | २७५ |

स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, मायादेवी गाउँपालिका

वडागत सामुदायिक विद्यालय विबरणः

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | २ | १ | १ | १ | ० | १ | ० |
| २ | २ | १ | ० | २ | १ | ० | ० |
| ३ | ६ | १ | ४ | २ | ० | १ | ० |
| ४ | ५ | ० | ४ | १ | ० | ० | ० |
| ५ | ३ | २ | १ | २ | १ | १ | १ |
| ६. | २ | १ | २ | ० | १ | ० | ० |
| ७. | ४ | १ | २ | २ | ० | १ | ० |
| ८. | १ | १ | ० | १ | १ | ० | ० |
| जम्मा | २५ | ८ | १४ | ११ | ४ | ४ | १ |

स्रोतः IEMIS , 2081

## वडागत संस्थागत विद्यालय विबरणः

| वडा नं | आधारभूत | माध्यमिक | पूर्व प्रा.वि | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ३ | ८ | २ | ३ | ३ | ० | ० |
| २ | १ | ० | १ | ० | १ | ० | ० | ० |
| ३ | १ | ० | १ | १ | ० | ० | ० | ० |
| ४ | १ | ० | १ | १ | ० | ० | ० | ० |
| ५ | १ | १ | २ | ० | १ | १ | ० | ० |
| ६ | २ | ० | २ | १ | १ | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | २ | १ | ३ | ० | २ | १ | ० | ० |
| **जम्मा** | **१३** | **५** | **१८** | **५** | **८** | **५** | **०** | **०** |

स्रोतः IEMIS , 2081

## वडागत धार्मिक विद्यालय विबरणः

| वडा नं | आधारभूत | माध्यमिक | पूर्व प्रा.वि | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | १ | ६ | ५ | ० | १ | ० | ० |
| २ | ४ | १ | ४ | २ | २ | १ | ० | ० |
| ३ | १ | ० | १ | १ | ० | ० | ० | ० |
| ४ | ४ | १ | ५ | २ | २ | १ | ० | ० |
| ५ | ३ | ० | ३ | २ | १ | ० | ० | ० |
| ६ | ३ | २ | ५ | ३ | ० | ० | २ | ० |
| ७ | २ | ० | २ | १ | १ | ० | ० | ० |
| ८ | ६ | ० | ६ | ६ | ० | ० | ० | ० |
| जम्मा | २८ | ५ | ३२ | २२ | ६ | ३ | २ | ० |

स्रोतः IEMIS , 2081

## शिक्षक तथा शैक्षिक जनशक्ति विवरण(सामुदायिक विद्यालय)

| तह | पुरुष | महिला | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| माध्यमिक | ३१ | १० | ४७ | |
| आधारभूत कक्षा ६-८ | ३७ | ९ | ५० | |

| तह | पुरुष | महिला | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| आधारभूत कक्षा १-५ | ७९ | ५२ | १३४ | |
| बालविकास | ० | ४४ | ४४ | |
| विद्यालय सहायक कर्मचारी | ७ | ० | ८ | |
| कार्यालय सहयोगी | २४ | ८ | ३३ | |

### १.३ शिक्षा क्षेत्रको समग्र विश्लेषणः

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक मानवपूँजी तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ। देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । **"समृद्ध नेपाल, सुखी नेपाली"** हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरीकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी भएको छ । मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारण गर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरीन्छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीति मार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ ।

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने नागरीकका आधारभूत आवश्यकता सम्बन्धी नीति नेपालको संविधानमा उल्लेख छ
- उमेर समूह अनुसार प्रारम्भिक बालशिक्षाका लागि ४ वर्षदेखि ५ वर्षमुनी, कक्षा १–५ का लागि ५–९ वर्ष, कक्षा ६–८ का लागि १०–१२ वर्ष र माध्यमिक तह कक्षा) ९–१२( का लागि १३–१६ वर्ष तोकिएको छ ।
- नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी,सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न नीतिगत प्रबन्ध गर्ने प्रारम्भिक बालशिक्षाको नीति रहेको छ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवाक्षेत्र को अवधारणा अनुरुप व्यवस्थित गर्ने ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने माध्यमिक शिक्षाको नीति रहेको छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।

## १.४ शिक्षा क्षेत्रको समस्या तथा चुनौतीको SWOT विश्लेषण

मायादेवी गाउँपालिकाको वर्तमान अवस्था विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका सवल पक्ष ,कमजोर पक्ष ,अवसर र चुनौतीहरु पहिचान गरिएको छ ।सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र **अन्तर विश्लेषण** प्रक्रिया अवलम्बन गरिएको छ।सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणहरुलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरीएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धीत रहेर विश्लेषण गरिएको छ । गाउँपालिका क्षेत्रको तथ्याङ्क विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका सबल पक्ष , कमजोर पक्ष, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

**शिक्षा क्षेत्रका मुख्य समस्याहरुः**

१. विद्यालयहरुमा भौतिक पूर्वाधार आवश्यकता अनुसार नहुँनु
२. विषयगत शिक्षकको अभाव हुनु,
३. सबै विद्यालयमा प्रयोगशाला एवं पुस्तकालयको व्यवस्था नहुँनु,
४. स्थानीय भाषामा पाठ्यक्रम उपलब्ध हुन नसक्नु,
५. विद्यार्थी विद्यालयमा नियमित नहुनु
६. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु
७. बालविकास र आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहनु,
८. शिक्षाको क्षेत्रमा स्थानीय समुदायको अपनत्व पर्याप्त हुन नसक्नु,
९. सिकाइ उपलब्धि सन्तोषजनक नहुँनु,
१०. विद्यार्थी सँख्याको आधारमा शिक्षक दरवन्दी नहुनु,
११. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री भौतिक संरचनाको अभाव रहेको
१२. सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा हुनु,
१३. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग जोड्न नसकिनु
१४. तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा कम प्रयोग हुनु,

१५. विपद् तथा महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन वैकल्पिक सिकाइका अवसरहरु कम हुनु तथा विद्यार्थीको सिकाइमा क्षती हुनु,
१६. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त नहुँनु, भएका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु,
१७. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरी शिक्षण गर्न स्रोतको अभाव तथा उपलब्ध स्रोतको प्रयोग गर्न ज्ञानको कमी हुनु,
१८. विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु,
१९. पाठ्यक्रम, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको कक्षाकोठामा कम प्रयोग हुँनु,
२०. अभिभावक शिक्षाको कमि तथा विद्यार्थीले घरमा पढ्ने वातावरणको सिर्जना हुन नसकेक,
२१. निरन्तर विद्यार्थी मूल्यांकनको उद्धेश्यअनुसार कार्यान्वयन नभएको,
२२. योजनाबद्ध अतिरिक्त क्रियाकलाप सबै विद्यालयमा सञ्चालन नभएको,
२३. विपद् व्यवस्थापनका लागि विद्यालयगत अभ्यास, उद्धार, परामर्श कार्य गर्न संयन्त्रको कमी,

**शिक्षा क्षेत्रका मुख्य चुनौतीहरुः**

१. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न,
२. प्रारम्भिक बालविकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न,
३. विद्यालयको नक्शांकन तथा समायोजन गर्न,
४. प्रविधिमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री सिकाइ वातावरण निर्माण गर्न,
५. प्रभावकारी रुपमा सूचना र प्रविधिको पहुँच पुर्‍याउन,
६. विद्यालयको आवश्यकता अनुसार भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्न,
७. अपाङ्ग बालबालिकाहरुलाइ शिक्षण सिकाइमा समान सिकाइको अवसर प्रदान गर्न,

**शिक्षा क्षेत्रका अवसरहरुः**

१. संवैधानिक तथा कानूनी आधार अनुरुप आवश्यक ऐन, नियम तथा निर्देशिकाहरु निर्माण गरिएको ।
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक तहको शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
३. तीनै तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट शिक्षामा लगानी गर्न सक्ने वातावरण बन्दै जानु।
४. वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीहरुको सिक्न पाउने अधिकार सुनिश्चितता हुदै जानु,
५. दीगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको,

६. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको,
७. शैक्षिक अभियन्ता तथा सरोकारवालाहरुको अग्रसरता रहेको,
८. विद्यालयका भौतिक निर्माणका कार्यक्रमहरु पालिकाको प्राथमिकतामा रहनु,
९. स्थानीय तहमा शिक्षा क्षेत्रमा सरोकारवाला सङ्घसंस्थाहरूको क्रियाशीलता रहेको,
१०. तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य,

**सबल पक्षहरूः**

१. सबै वडाहरुमा जनसङ्ख्याको आधारमा विद्यालयहरु रहेको,
२. प्राविधिक शिक्षा प्रासिका लागि पालिका भित्र १ वटा प्राविधिक शिक्षालय रहेको,
३. सबै विद्यालयहरुमा न्युनतम भौतिक पूर्वधार रहेको,
४. सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन,
५. सबै विद्यालयहरुमा इन्टरनेटको पहुँच रहेको,
६. गाउँपालिका साक्षर घोषणा भएको,
७. पालिकाभित्र १ वटा सामुदायिक विद्यालय नमुना विद्यालयको लागि छनौट भई गुरुयोजना अनुसार भौतिक तथा शैक्षिक पक्ष अगाडि बढेको,
८. पालिका अन्तर्गत सञ्चालनमा रहेका परम्परागत विद्यालयहरु(मदरसा/गुरुकुल)लाई मूलप्रवाहिकरण गरिएको,
९. सामुदायिक सिकाइ केन्द्रहरुबाट वैकल्पिक शिक्षाका कार्यक्रमहरु सञ्चालन भइरहेका,

**सुधार गर्नु पर्ने पक्षहरूः**

१. सबै विद्यालयहरुमा आवश्यकता अनुसारका भौतिक संरचनाहरु निर्माण गर्नुपर्ने,
२. तहगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्नुपर्ने,
३. प्राविधिक शिक्षामा लगानी तथा विद्यार्थीको पहुँच बृद्धी गर्नुपर्ने,
४. तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या बृद्धी गर्नुपर्ने,
५. शिक्षकहरुलाइ समयानुकुल तालिमको व्यवस्था गर्नुपर्ने,
६. विद्यालय राजनीतिक प्रभाववाट मुक्त बनाउनु पर्ने,
७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादनमा जोड्नु पर्ने,
८. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न सबै विद्यालय सक्षम बनाउने,
९. विद्यालय अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास गर्नु पर्ने,

# परिच्छेद:२ दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ मायादेवी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरुः

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गर्दै संवैधानिक हक कार्यान्वयन गर्न कानूनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा ल्याएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले शिक्षा लगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकले उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट सफलता प्राप्त गर्न सक्दछ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको १० वर्षे (२०७८-२०८७ ) विद्यालय शिक्षा क्षेत्र योजना र कोभिड- १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्दै, **समृद्ध नेपाल र सुखी नेपालीको** राष्ट्रिय अपेक्षा **"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"** लुम्बिनी प्रदेशको सोच र मायादेवी गाउँपालिकाको **"समृद्ध गाउँपालिका, खुशी जनता"** को दीर्घकालिन सोचलाई पूरा गर्ने विश्वासका साथ मायादेवी गाउँपालिकाको यो शिक्षा योजनाले कार्यान्वयन मार्फत योगदान पुर्याउने छ ।

## २.२ दूरदृष्टिः

समतामूलक पहुँचयोग्य गुणस्तरीय, प्राविधिक तथा जीवनोपयोगी शिक्षा; संस्कारयुक्त स्वावलम्बी, क्षमतावान जनशक्तिको विकास गर्ने पालिकाको ईच्छा

## २.३ लक्ष्य

सबै बालबालिकाहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी गुणस्तरीय, प्राविधिक, सिपमूलक र रोजगारमूलक शिक्षाको अवसर प्रदान गरी मानव संसाधनको विकासमा जोड दिने।

## २.४ उद्धेश्यहरु

१. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई समावेशी तथा समतामूलक शैक्षिक पहुँचको सुनिश्चित गर्नु
२. विद्यालयमा शैक्षिक सुशासनको प्रबर्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी शिक्षाको गुणस्तरको सुनिश्चित गर्नु
३. प्रारम्भिक बाल विकास शिक्षालाई प्रभावकारी रुपबाट सञ्चालन गरी बालबालिकाको सर्बाङ्गिण विकासको सुनिश्चित गर्नु
४. शिक्षामा सूचना तथा सन्चार प्रविधिको प्रयोग गर्दै सक्षम, सृजनशील र प्रतिस्प्रर्धी दक्ष जनशक्ति तयार गर्नु
५. अनौपचारीक शिक्षा र आजीवन  सिकाइका अवसरहरु सुनिश्चित गर्नु
६. विद्यालय व्यवस्थापन पदाधिकारीहरु, शिक्षक तथा कर्मचारीहरुको नेतृत्व विकास र पेसागत क्षमता विकासका अवसरहरु उपलब्ध गराउनु
७. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, रोजगारमूलक, स्वावलम्बी, प्रतिस्पर्धी र उद्यमशील मानव शंसाधनको विकास गर्नु
८. विपतको समयमा पनि विधार्थीहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइका अवसरहरुको प्रभावकारी रुपमा कार्यन्वयन गर्नु ।
९. स्थानीय भाषा, कला, साहित्य,लिपी, संस्कृतिको जगेर्ना र स्थानीय सिपलाई प्रबर्द्धन गर्नु,
१०. मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु

## २.५ रणनीति र कार्यनीतिः

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| १ | विद्यालय उमेरका सबै बालबालिकाहरुलाई समावेशी तथा | १.सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी | १. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरीने छ ।<br>२.विद्यालय शिक्षामा पहुँच बृद्धिका |

| क.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | समतामूलक शैक्षिक पहुँचको सुनिश्चित गर्नु । | आवश्यकताको आधारमा शैक्षिक सेवाहरुको पहुँच विस्तार गर्ने ।<br>२. अनिवार्य तथा निशूल्क आधारभूत शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच,गुणस्तर र निरन्तरता सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ,<br>३.विद्यालय तहमा जिवनोपयोगी, प्राविधिक, तथा सिपमूलक शिक्षाको पहुँच अभिबृद्धि गरी रोजगार तथा स्वावलम्बी जनशक्ति विकास गर्ने । | लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशूल्क पाठ्यपुस्तक, दिवा खाजा, विद्यालय पोशाक, छात्रबृत्ति, शैक्षिक सामग्री तथा अभिभावक शिक्षा जस्ता कार्यक्रम सञ्चालन गरीने छ ।<br>३.शिक्षण सिकाइ क्रियाकलापलाइ प्रभावकारी बनाउन पाठ्यसामग्री, स्रोत सामग्री, सन्दर्भ सामग्री, उपयुक्त कक्षाकोठाको ब्यवस्था र शिक्षक क्षमता विकास साथै सिकाइका विश्वव्यापी ढाँचा (Universal Design for Learning, UDL) जस्ता कार्यक्रम सञ्चालन गरीने छ ।<br>४.सबैका लागि अनिवार्य र निःशूल्क शिक्षाको सुनिस्चित गर्न शारीरिक तथा सामाजिक रुपमा पछाडि परेका, सिकाइ सिमितता (Learning Limitation) भएका बाल बालिकाहरुलाई पहिचान गरी विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरीने छ ।<br>५.प्राविधिक तथा सिपमूलक शिक्षाको विस्तारका लागि माग र संभावनाका आधारमा प्राविधिक विषयहरु थप गरीने छ । |
| २ | विद्यालयमा शैक्षिक सुशासनको प्रबर्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक | • विद्यालयमा शैक्षिक सुशासन कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने,<br>• विद्यार्थी सङ्ख्या, विषयगत र तहगत आधारमा | • एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई यथार्थपरक तथा वस्तुनिष्ठ बनाईने र पालिकास्तरमा वार्षिक रुपमा शैक्षिक पार्श्वचित्र बनाइने छ ।<br>• निर्धारित समयमा सामाजिक |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी शिक्षाको गुणस्तरको सुनिश्चित गर्नु । | शिक्षकहरुको व्यवस्था गर्ने,<br>• भवन निर्माण संहिताको पालना गर्दै आवश्यकताको आधारमा सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, भौतिक पूवाधार निर्माण गर्ने,<br>• गुणस्तरिय शिक्षाको सुनिश्चितका लागि शिक्षकहरुको क्षमता विकास गर्दै विद्यालयलाई आवश्यक शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने, | परीक्षण, लेखापरीक्षण गर्ने, विद्यालय सुधार योजना निर्माण र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन गर्ने व्यवस्था मिलाईने छ ।<br>• शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा नियमानुसार प्र.अ. व्यवस्थापन गरीने छ ।<br>• शिक्षकहरुको पेसागत क्षमता विकासका लागि मागमा आधारित कार्यक्रमहरु सञ्चालन गरीने छ ।<br>• शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि ई(हाजिरीको व्यवस्था, विद्यालयको सम्पूर्ण आर्थिक कारोबारलाई बैकिङ्ग प्रणालीमा आबद्ध गरीने छ ।<br>• आवश्यकताका आधारमा विद्यालयमा भौतिक संरचना निर्माण गर्दै लगिनेछ ।<br>• शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, बालमैत्री कक्षाकोठा व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरीने छ ।<br>• एक विद्यालय एक सिकाइ बगैंचा निर्माण जस्ता हरियाली विद्यालय कार्यक्रम सञ्चालन गरीनेछ ।<br>• विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण कायम गरीने छ। |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| ३ | प्रारम्भिक बाल विकास शिक्षालाई प्रभाबकारी रुपबाट सञ्चालन गरी बालबालिकाको सर्बाङ्गिण विकासको सुनिश्चित गर्ने । | • बाल विकास केन्द्रका बालबालिकाहरुको सर्बाङ्गिण विकासको सुनिश्चित गर्ने ।<br>• न्यूनतम मापदण्ड सहितका प्रारम्भिक बालविकास केन्दको अवसर विस्तार गर्न स्थानीय सरकार गैर सरकारी संस्था र सरोकारवालाहरुको समन्वय र सहभागितामा बृद्धि गर्ने । | • प्रारम्भिक बाल विकास केन्द्रहरुलाई नक्साङ्कन गरी समायोजन पुनर्वितरण, र ब्यवस्थापन गरीने छ ।<br>• स्थानीय सरकार, गैर सरकारी संस्था, अभिभावकहरु र अन्य सरोकारवालाहरु विच समन्वय र सहभागिता बृद्धि गर्नका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीने छ ।<br>• सबै प्रारम्भिक बाल विकास कक्षाहरुमा न्यूनतम मापदण्ड बमोजिमका पूर्वाधारहरु तयार गरीने छ।<br>• बालबालिका अनुकूलका शैक्षिक सामग्रीको विकास र ब्यवस्थापन गरीने छ ।<br>• बाल विकास केन्द्रका शिक्षकको क्षमता योग्यता विकासका अवसरहरु उपलव्ध गराइने ।<br>• अभिभावक शिक्षा सञ्चालन गरीने छ । |
| ४ | शिक्षामा सूचना तथा सन्चार प्रविधिको प्रयोग गर्दै सक्षम, सृजनशिल र प्रतिस्प्रर्धि दक्ष जनशक्ति तयार गर्नु । | • प्रविधि मैत्री शिक्षाको विस्तारका लागि विद्यालयमा सूचना प्रविधिका सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>• आवश्यकतका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरी सक्षम दक्ष जनशक्ति तयार गर्ने | • विद्यालयमा गुणस्तरिय ईन्टरनेट र विद्युतको व्यवस्था गरीने छ ।<br>• प्रत्येक विद्यालयमा कम्तिमा एकएक वटा स्मार्ट कक्षा र माध्यमिक तहमा ई(लाईब्रेरीको निर्माण गरीने छ ।<br>• क्रमशः साझेदारीमा एक शिक्षक एक ल्यापटपको व्यवस्था गरीने छ।<br>• प्राविधिक शिक्षा सञ्चालन भएको विद्यालयहरुको स्तरोन्नती गर्दै |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | कक्षा, शिक्षक तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरीने छ।<br>• उत्पादन भएका सिपयुक्त जनशक्तिलाई सङ्घ संस्था, उद्योग र रोजगारदाताहरुसँग रोजगारीका लागि समन्वय, पहल तथा सहजीकरण गरीने छ ।<br>• विद्यार्थीहरुका लागि सिपमूलक छोटो अवधिका तालिम सञ्चालन गरीने छ ।<br>• विद्यार्थीहरुमा नवप्रर्वतनात्मक कार्य गर्न पोत्साहन गरीने छ । |
| ५ | अनौपचारीक शिक्षा र आजीवन सिकाइका अवसरहरु सुनिश्चित गर्नु । | • अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरका लागि सामुदायिक सिकाइ केन्द्रहरुलाई सक्षम र स्रोतपुर्ण बनाउने ।<br>• अनौपचारीक तथा वैकल्पिक सिकाइ कार्यक्रम मार्फत सिकेका ज्ञान तथा सिपहरुलाई आयमूलक कार्यक्रम संग आवद्धगरी जीवन पर्यन्त सिकाइलाइ सुनिश्चित गर्ने । | • सामुदायिक सिकाइ केन्द्रहरुलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सूचना प्रविधि सम्बन्धी सामग्री, फर्निचर आदिको व्यवस्थापन गर्दै सिकाइ केन्द्रको रुपमा विकास गरीने छ ।<br>• सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति र सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरीने छ ।<br>• सामुदायिक सिकाइकेन्द्रहरु बीच असल अभ्यासहरुको आदान प्रदान गर्न गाउँपालिकाको समन्वयमा कम्तिमा त्रैमासिक रुपमा बैठक बस्ने व्यवस्था मिलाईने छ ।<br>• साक्षरताको वर्तमान अवस्था साथै विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचानको लागि घर धुरी सर्वेक्षण गरीनेछ । |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वय तथा सहयोगमा निरन्तर साक्षरता कक्षा तथा वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालन गरीने छ ।<br>• अनौपचारिक शिक्षाबाट साक्षर भएकाहरुलाई व्यवसायिक सिपमा आबद्ध गर्न आवश्यक सहयोग गरीने छ ।<br>• अनौपचारिक शिक्षाबाट प्राप्त गरेको ज्ञान,सिपलाई परीक्षण गरी प्रमाणीकरण गरीनेछ ।<br>• लक्षित समूह पहिचान गरी साक्षरता शिविर सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरी सञ्चालन गरीने छ । |
| ६ | विद्यालय व्यवस्थापन पदाधिकारीहरु, शिक्षक तथा कर्मचारीहरुको नेतृत्व विकास र पेसागत क्षमता विकासका अवसरहरु उपलब्ध गराउनु | • शिक्षण पेसालाई समयानुकुल बनाउन लागि शिक्षकको दक्षता विकासका अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• विद्यालयको सफल ब्यवस्थापनका लागि सम्बद्ध ब्यक्तिहरुको क्षमता विकास गर्ने । | • शिक्षकहरुको मागमा आधारित पेसागत विकास तालिमहरु सञ्चालन गरीने छ ।<br>• एकीकृत पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी तालिम सबै शिक्षकहरुलाइ दिईने छ ।<br>• प्र.अ.का लागि नेतृत्व क्षमता विकास र ब्यवस्थापन सम्बन्धी तालिम उपलब्ध गराइने छ ।<br>• विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरुको क्षमता विकास गरीने छ ।<br>• उत्कृष्ट काम गर्ने प्र.अ., शिक्षक, विद्यालय कर्मचारी, वि.ब्य.स.र शि.अ.स.को मूल्याङ्कन गरी पुरस्कृत गरीने छ । |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | • पालिकास्तरीय सिकाइ समूहको गठन गरी परिचालन गरीनेछ। |
| ७ | उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, रोजगारमूलक, स्वावलम्बी, प्रतिस्पर्धि र उद्यमशील मानव संशाधनको विकास गर्नु | • उच्च शिक्षा अध्ययनको लागि शैक्षिक संस्था स्थापना, समन्वय तथा व्यवस्थापन गर्ने,<br>• विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने विद्यार्थीहरुको लागि प्रोत्साहन गर्ने, | • पालिकाभित्र उच्च शिक्षा अध्ययनको लागि कम्तिमा एक शैक्षिक संस्थाको स्थापना गरीने छ।<br>• अन्य स्थानीय तह, जिल्लामा सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरुसँगको समन्वयमा अध्ययनको व्यवस्था मिलाउन पहल गरीने छ ।<br>• उच्च शिक्षामा विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने लक्षित समूहका विद्यार्थीहरुका लागि आर्थिक सहायता उपलब्ध गराईने छ ।<br>• उच्च शिक्षामा विद्यार्थीहरुको आकर्षण अभिवृद्धि गर्न माध्यमिक तहबाट नै परामर्श सेवा सञ्चालन गरीने छ । |
| ८ | विपद्को समयमा पनि विधार्थीहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु। | • विपद्को समयमा शिक्षाको निरन्तरताको लागि आवश्यक योजना, नीति तथा कार्यविधि निर्माण गरी आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>• कोभिड १९ लगायतका अन्य महामारी र प्रकोपका कारणले शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाउने, | • विपद् व्यवस्थापनका लागि संयन्त्र निर्माण, क्षमता अभिवृद्धि गर्दै श्रोत साधनको व्यवस्था गरीने छ ।<br>• बृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरु सबै विद्यालयहरुमा सञ्चालन गरीने छ ।<br>• सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना साझेदारीमा प्रभावकारी रुपमा सञ्चालन गरीने छ ।<br>• महामारी तथा प्रकोपका कारणले विद्यालय सञ्चालन हुन नसक्ने अवस्था भएमा अनलाईन तथा भर्चुअल सिकाइको व्यवस्था गरीने |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | छ ।<br>• स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गरीने छ। |
| ९ | स्थानीय भाषा, कला, साहित्य,लिपी, संस्कृतिको जगेर्ना र स्थानीय सिपलाई प्रबर्द्धन गर्नु, | • स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण र कार्यान्वयन गर्दै स्थानीय कला, साहित्य र संस्कृतिको जगेर्ना गर्ने,<br>• स्थानीय परम्परागत रैथाने सिपहरुको पहिचान, संरक्षण र प्रबर्द्धन गर्ने,<br>• माध्यम भाषाको रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोग गर्ने, | • स्थानीय परिवेश सुहाँउदो पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गरीने छ।<br>• स्थानीय कला, साहित्य र संस्कृतिको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरीने छ ।<br>• स्थानीय सिप पहिचान गरी अन्तरपुस्ता हस्तान्तरण गर्न सहजीकरण गर्दै जीविकोपार्जन सँग आबद्ध गरीने छ ।<br>• भाषा, कला तथा साहित्यको संरक्षण, प्रबर्द्धन र विकासका लागि पालिकास्तरमा प्रज्ञा प्रतिष्ठान स्थापना गरीने छ ।<br>• सरोकारवालाहरुको सहभागितामा पालिकाभित्रको बहुभाषाको पहिचान गरीने छ ।<br>• आवश्यकता अनुसार मातृ भाषा र बहुभाषाका कक्षाहरु सञ्चालन गरीने छ ।<br>• स्थानीय भाषा, कला र संस्कृति प्रबर्द्धन हुने खालका सह-कार्यकलापहरु सञ्चालन गरीने छ। |
| १० | मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु | • शिक्षाका विषयवस्तुहरुलाई व्यवहारमा देखिने गरी शिक्षण सिकाइ गर्ने, | • अभिभावक शिक्षा सञ्चालन गरीने छ।<br>• विद्यार्थीहरुमा व्यवहार कुशल सिपहरुको अभ्यासको लागि |

| क्र.सं. | उद्धेश्यहरु | रणनीति | कार्यनीति |
|---|---|---|---|
| | | | शिक्षक, विद्यार्थी र अभिभावकहरुबीचमा अन्तर्कृया कार्यक्रम सञ्चालन गरीने छ ।<br>• विद्यालयस्तरमा गठन हुने बालक्लब, स्काउट, जुनियर रेडक्रस सर्कल, सदन लगायतका बालसमूहलाई सिकाइका क्षेत्रमा सहभागि गराइने छ ।<br>• सम्बन्धीत क्षेत्रको विज्ञ,ज्येष्ठ नागरीकसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरीने छ । |

## २.६ अपेक्षित उपलब्धिः

१. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई समावेशी तथा समतामूलक शैक्षिक पहुँचको सुनिश्चित भएको हुने छ।

२. विद्यालयमा शैक्षिक सुशासनको प्रबर्धन भएको हुने छ ।

३. गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार सहितको बालमैत्रीतथा अपाङ्गमैत्री वातावरण निर्माण भएको हुने छ ।

४. बालबालिकाको सर्वाङ्गीण विकासको सुनिश्चितका लागि प्रारम्भिक बाल विकास शिक्षा प्रभाबकारी रुपबाट सञ्चालन भएको हुने छ ।

५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दै सक्षम, सृजनशील र प्रतिस्प्रर्धी दक्ष जनशक्ति तयार भएको हुने छ ।

६. अनौपचारी शिक्षा र आजीवन  सिकाइका अवसरहरु सुनिश्चित भएका हुने छन् ।

७. विद्यालयका शिक्षकहरुको पेसागत क्षमता विकासका भएको हुने छ ।

८. उच्च शिक्षामा पहुँच बृद्धि भएको हुने छ ।

९. प्राविधिक सिपयुक्त, रोजगारमुखी, प्रतिस्प्रर्धी, स्वावलम्बी तथा क्षमतावान जनशक्ति उत्पादन भएका हुने छन् ।

१०. विपद्को समयमा पनि वैकल्पिक माध्यमबाट विधार्थीहरुको सिक्न पाउने अधिकारको सुनिश्चित  भएको हुने छ ।

११. स्थानीय भाषा, कला, लिपि, संस्कृतिको जगेर्ना र स्थानीय सिपको प्रबर्द्धन भएको हुने छ।

१२. विद्यार्थीहरुमा नैतिक आचरण सहितको मानव मूल्यमा आधारित असल व्यवहार देखिनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | मायादेवि गाउँपालिका (आधार वर्ष २०८१) | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | ९७.६ | ८५ | ८७ | ९० | ९५ | ९७ | १०० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ५९.२ | ५५ | ६० | ६५ | ७० | ७५ | ८५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ७७.३ | ७१.५ | ७५ | ८० | ८५ | ९० | ९५ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.८६ | ०.८७ | ०.८८ | ०.९० | ०.९२ | ०.९५ |
| ५ | कक्षा १ मा खुद नयाँ भर्ना NIR | ९५.७ | ९५.८ | ९५.७ | ९४.५ | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| ६ | कक्षा १ मा कूल नयाँ भर्ना GIR | ११५.९ | ११९.५ | १२०.३ | ११८.८ | ११५ | ११२ | ११० | १०८ | १०५ |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.४ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १३१.८ | १४० | १३० | १२५ | १२० | ११५ | ११० |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता | ०.९२ | ०.९१ | ०.९६ | ०.९७ | ०.९८ | ०.९८ | ०.९९ | ०.९९ | ०.९९ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | मायादेवि गाउँपालिका (आधार वर्ष २०८१) | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| | सूचकाङ्क | | | | | | | | | |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९४.५ | ९४.६ | ९५ | ९५.५ | ९६ | ९६.५ | ९७ |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२१.७ | १२५.१ | १२२ | ११९ | ११७ | ११५ | ११० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.२ | ८६.४ | ८८ | ९० | ९२ | ९५ | ९७ |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.९३ | १.० | १.० | १.० | १.० | १.० | १.० |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७३.० | ७३.४ | ७५ | ७७ | ७९ | ८१ | ८५ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | ९०.९ | ८८.८ | ९० | ९२ | ९४ | ९६ | ९७ |
| १६ | माध्यमिक तह )कक्षा ९–१० (मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.९१ | १.०६ | १.०४ | १.०२ | १.० | १.० | १.० |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | २४.२ | १५.५ | २० | २५ | ३० | ३५ | ४५ |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ४२.२ | २२.४ | २५ | ३५ | ४५ | ५५ | ७० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | मायादेवि गाउँपालिका (आधार वर्ष २०८१) | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १९ | माध्यमिक तह )कक्षा ११-१२ (मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | १.०२ | १.५९ | १.५० | १.४५ | १.४० | १.३० | १.० |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ४६.८ | ४४.६ | ४८ | ५० | ५५ | ५७ | ६० |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ६४.७ | ५५.६ | ६० | ६५ | ७० | ७८ | ८५ |
| २२ | माध्यमिक तहको कक्षा ९-१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.९५ | १.१६ | १.१२ | १.०८ | १.०४ | १.०२ | १.० |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७५.५ | ८०.९ | ८२ | ८४ | ८६ | ८८ | ९० |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८६.२ | ८६.७ | ८८ | ९० | ९२ | ९४ | ९६ |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ९२.१ | ८९.१ | ९२ | ९४ | ९६ | ९७ | ९८ |
| २६ | कक्षा ११-१२ मा उत्तीर्ण दर | ९१.३ | ९१.२ | ९१.३ | ८९.३ | ९१ | ९३ | ९५ | ९६ | ९८ |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.७ | ८.३ | ८ | ७.५ | ६ | ४.५ | ३.० |
| २८ | कक्षा दोहोर्याउने दर ६ देखि ८ | ५.२ | ६.३ | ४.४ | ३.२ | २.८ | २.२ | २.० | १.८ | १.४ |
| २९ | कक्षा दोहोर्याउने दर ९ देखि १० | २.२ | २.३ | ०.८ | ३.८ | ३.२ | ३.० | २.८ | २.६ | २.४ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | मायादेवि गाउँपालिका (आधार वर्ष २०८१) | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| ३० | कक्षा ११-१२ मा कक्षा दोहोऱ्याउने | ०.८ | ०.५ | ७.२ | ०.२ | ०.१ | ० | ० | ० | ० |
| ३१ | कक्षा छाड्ने दर १ देखि ५ | ३.२ | ३.३ | ५.३ | ६.४ | ६ | ५.४ | ५ | ४.५ | ३ |
| ३२ | कक्षा छाड्ने दर ६ देखि ८ | २.८ | २.९ | ३.७ | ५.१ | ४.५ | ४ | ३.५ | ३ | २.५ |
| ३३ | कक्षा छाड्ने दर ९ देखि १० | १.९ | २.१ | २.६ | ४.४ | ४ | ३.६ | ३.२ | ३ | २.५ |
| ३४ | कक्षा ११-१२ मा कक्षा छोड्ने दर | ०.९ | १.१ | ०.४ | १.७ | १.२ | १ | ०.८ | ०.६ | ०.४ |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.५ | ४.४ | ४.३ | ४.२ | ४.१ | ३.८ | ३.५ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ५.७ | ४.९ | ४.६ | ४.४ | ४ | ३.५ | ३ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ४.६ | २.७ | २.५ | २.२ | २ | १.८ | १.५ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ८.३ | ९.० | ८ | ७.५ | ६.५ | ५.५ | ५ |
| ३९ | सिकाइ उपलब्धिदर आधारभूत तह कक्षा ८ | ० | ० | | २.२७ | २.५० | २.७२ | २.८ | ३.२ | ३.५ |
| ४० | साक्षरता दर ( ६ वर्ष माथिको) | ८२ | | | ७२.६ | ७३.५ | ७३ | ७५ | ७८ | ८० |
| ४१ | शिक्षक विद्यार्थी अनुपात कक्षा १-५(सामुदायिक | २४.१ | | | ४९.७० | ४० | ३५ | ३० | ३० | ३० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | मायादेवि गाउँपालिका (आधार वर्ष २०८१) | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| | विद्यालय) | | | | | | | | | |
| ४२ | शिक्षक विद्यार्थी अनुपात कक्षा ६-८(सामुदायिक विद्यालय) | ३०.१ | | | १६८.५३ | १५० | १४० | १२० | ८० | ५० |
| ४३ | शिक्षक विद्यार्थी अनुपात कक्षा ९-१०(सामुदायिक विद्यालय) | ४०.१ | | | ६४.५६ | ५० | ४५ | ४० | ३५ | ३० |
| ४४ | शिक्षक विद्यार्थी अनुपात कक्षा ११-१२(सामुदायिक विद्यालय) | ४१.१ | | | ६५.६ | ५० | ४५ | ४० | ३५ | ३० |
| ४५ | कुल बजेटमा शिक्षा क्षेत्रमा विनियोजीत बजेट(%) | १०.६८ | | | ११.४३ | १२.५ | १३.५ | १४.५ | १५ | १८ |
| ४६ | आधारभूत तह कक्षा १-८ मा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या (%) (सामुदायिक दरबन्दी मात्र) | ४३.७ | | | ५२ | ५३ | ५४ | ५५ | ५६ | ५८ |
| ४७ | माध्यमिक तह कक्षा ९-१२ मा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको | २०.६ | | | ३२ | ३५ | ४० | ४५ | ५० | ५० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | मायादेवि गाउँपालिका (आधार वर्ष २०८१) | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| | सङ्ख्या(%)(सामुदायिक दरबन्दी मात्र) | | | | | | | | | |
| ४८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएको विद्यार्थी सङ्ख्या (%) | १० | | | ६.१६ | ७ | ८.५ | १० | १२ | १५ |
| ४९ | सिकाइ उपलब्धिदर माध्यमिक तह कक्षा १० | | | | ०.९४ | १.६ | १.८९ | २.० | २.१२ | २.४० |

# परिच्छेदः ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

सामान्यतया प्रारम्भिक बालविकास भनेको मानव विकासको जग हो। बालबालिकाको सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षको समुचित विकासलाई प्रारम्भिक बालविकास भनिन्छ। प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको लागि अवश्यक स्वास्थ्य, पोषण, सुरक्षा र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो ।नेपालको संविधानले प्रारम्भिक बालविकासलाई बालवालिकाहरुको मौलिक हकका रूपमा स्थापित गरेको छ । मौलिक हक अन्तर्गत धारा ३९ मा प्रत्येक बालवालिकाहरुलाई प्रारम्भिक बालविकास र बालसहभागिताको हक हुनेछ भन्ने व्यवस्था रहेको छ । त्यस्तै शिक्षा ऐनका आठौं संशोधनले प्रारम्भिक बालविकासलाई आधारभूत शिक्षाको जगको रूपमा स्थापित गरेको छ। यस परिप्रेक्षमा प्रारम्भिक उमेरका बालबालिकाको लागि नेपालको संविधानले प्रत्याभूत गरेका अधिकार सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति योजना र कार्यक्रमहरू तर्जुमा गरीएका छन्। स्थानीय सरकार संञ्चालन ऐन, २०७४ का दफा ११ का उपदफा २ खण्ड (ज) मा आधारभूत र माध्यमिक शिक्षामा स्थानीय तहले सम्पादन गर्नुपर्ने २३ वटा अधिकार अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गरीने व्यवस्था उल्लेख गरिएको छ। हाल प्रारम्भिक बालविकास शिक्षाको क्षेत्रमा विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रहरूको संलग्नता रहेका छन्। शिक्षाका राष्ट्रिय नीति २०७६ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको विकासका लागि तीन वटा नीतिहरू उल्लेख गरेको छ । बालविकास निर्देशिका २०६१ का अनुसार बालविकासको मुख्य उदेश्यहरु बालबालिकाको शारिरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम भौतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउदै आधारभूत शिक्षाका लागि बालबालिका तयार गरने भनि स्पष्ट उल्लेख छ । यस अर्थमा बालविकास शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने अक्षर तथा अङ्क चिनाउने कार्यमा भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिन्छ ।

### ३.१.२ वर्तमान स्थितिः

मायादेवी गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ ४४ वटा बालविकास केन्द्रहरु( ४३ वटा विद्यालयमा आधारित र १ वटा समुदायमा आधारित), संस्थागत तर्फ १८ वटा पूर्वप्राथमिक नर्सरी कक्षाहरु र धार्मिक विद्यालयतर्फ ३३ वटा बालविकास कक्षाहरु सञ्चालनमा रहेका छन्।सबै बालविकास कक्षाहरु(नर्सरी सहित) गरी जम्मा ९५ बालविकास/पूर्वप्राथमिक कक्षाहरुमा कुल ३८३६ बालवालिकाहरु रहेका छन् जसमध्ये १७७७ जना बालिका र २०५९ जना बालक रहेका छन् । सङ्ख्यात्मक आधारमा सामुदायिक विद्यालयमा १३८३ जना र संस्थागत विद्यालयमा ११६२ जना र धार्मिक विद्यालयमा १२९१ जना गरी जम्मा ३८३६ जना विद्यार्थी यस शैक्षिक वर्ष २०८१ मा अध्ययनरत रहेका छन् । २०८० को फ्लास रिपोर्ट अनुसार प्रारम्भिक बालविकासमा कुल भर्नादर ११८.९ प्रतिशत र खुदभर्नादर ५१.५ प्रतिशत रहेको देखिन्छ । कक्षा १ मा भर्ना हुने विद्यार्थी  मध्ये ७१.५ प्रतिशत प्रारम्भिक बालविकास कक्षाको अनुभव सहित भर्ना हुन आउने रहेका छन् ।

**२०८० को फ्लास रिपोर्ट अनुसार बालविकास शिक्षाको सूचक यसप्रकार रहेको छ ।**

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ११८.९ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ५१.५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७१.५ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८३ |

**स्रोतः** ***CEHRD flash report 2080***

यस गाउँपालिकाको बालविकास शिक्षा तथा सिकाइ केन्द्रको वर्तमान अवस्था तपशिल बमोजिम रहेको छ ।

**मायादेवी गाउँपालिकाको सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासको अवस्था**

| सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाइ सामग्री व्यवस्था | | | खेल सामग्री व्यवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिएको सङ्ख्या | नलिएको सङ्ख्या | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | कै |
| २३ | ५३ | ४४ | ३२ | ५ | २२ | १७ | २१ | २३ | ९ | २१ | १४ | ९ | १९ | ४ | १ | |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, मायादेवी गाउँपालिका*

**समस्या र चुनौतीहरू:**

हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरुमा अधिकांश बालविकास केन्द्रहरुका कक्षाकोठा बालमैत्री नहुँनु, पर्याप्त सिकाइ सामग्री, खेल सामग्री व्यवस्थापन र प्रयोग गर्न नसकिनु, सबै बालविकास शिक्षकहरुलाई पेसागत क्षमता विकास गर्न नसकिएको, बालविकास केन्द्रको मापदण्ड अनुसार भौतिक पूर्वाधार विकास गर्न नसकिनु, उपयुक्त उमेर समूहका बालवालिकाहरु बालविकासमा भर्ना नभई बढी र कम उमेरका बालकालिकाहरु बालविकासमा भर्ना भएकाले बालविकासको खुद भर्नादर कम र कुल भर्नादर बढी देखिनु, अभिभावकहरुको बालविकास शिक्षाप्रति कम चासो देखिनु यस गाउँपालिकाको बालविकास शिक्षाका प्रमुख समस्या र चुनौतीहरु रहेका छन् ।

### ३.१.३ उद्देश्यः

१. प्रारम्भिक बालविकासको उमेर पुगेका बालवालिकाहरुलाई बालविकास केन्द्रमा समतामूलक सहज पहुँच र सर्वाङ्गीर्ण विकासका लागि विद्यालय जाने बानीको विकास, बाल क्रियाकलापमा सक्रिय सहभागिता, सामुहिकता र सरसफाइ प्रति प्रारम्भिक बानीको विकास गर्नु,

२. बालविकास उमेर समूहका बालवालिकाको पोषण, सुरक्षा र विकासका लागि सहयोग गर्नु,

३. प्रारम्भिक बालविकास केन्द्रहरुमा तोकिएको मापदण्ड अनुसार बालमैत्री सिकाइ वातावरणको सुनिश्चित गर्नु,

४. सबै बालवालिकाहरुलाई प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु,

५. प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,

### ३.१.४ रणनीतिहरूः

१. सबै बालवालिकाको पहुँचका लागि सरकारले निर्धारण गरेका राष्ट्रिय मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

२. बालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

३. आर्थिक तथा सामाजिक रुपले विपन्न, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालवालिकाहरुका लागि वैकल्पिक बालविकास शिक्षाका कार्यक्रमहरुको विकास गरी पहुँच सुनिश्चित गर्ने,

४. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, नीजि क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने,

५. प्रारम्भिक बालविकास शिक्षाको महत्व र आवश्यकताको विषयमा अभिभावक शिक्षा लगायत सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने,

६. प्रारम्भिक बालविकास केन्द्रमा उमेर समूहका सबै बालवालिकाहरुको पहुँच पुर्याउँदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सिप सिकेको सुनिश्चित गर्ने,

७. विद्यालयहरुमा नमुना बालविकास कक्षाको व्यवस्था गर्ने,

८. प्रत्येक वडामा बालवालिकाको चौतर्फी विकास र मनोरञ्जनको लागि एउटा बालउद्यान सिकाइ केन्द्र निर्माण गर्ने,

### ३.१.५ प्रमुख उपलब्धि र नतिजाः

**उपलब्धिः**

सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/०८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ३८३६ | ३९८६ | ४०८६ | ४१८८ | ४२९३ | ४४५० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या(सामुदायिक र धार्मिक) | १२ | २५ | ३० | ५० | ६० | ७२ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ११८.९ | ११५ | ११२ | १०८ | १०६ | १०५ |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ५१.५ | ५५ | ५८ | ६५ | ७५ | ८५ |
| ५ | तालिम प्राप्त गरेका बालविकास शिक्षकहरुको सङ्ख्या | १० | २० | ४० | ६० | ७० | ८० |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने | ७१.५ | ७३ | ७५ | ८० | ८८ | ९५ |
| ७ | सबै वडामा बालवालिकाको चौतर्फी विकास र मनोरञ्जनको लागि बालउद्यान सिकाइ केन्द्र सङ्ख्या | ० | ० | १ | ३ | ५ | ८ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन, समायोजन तथा पुनर्वितरण | पटक | ० | १ | ० | ० | ० | १ | |
| २. | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३. | बालविकास केन्द्रको सबलीकरण | सङ्ख्या | १२ | १० | १० | १० | १० | ५२ | |
| ४. | बालविकास शिक्षकहरुको पेसागत क्षमता विकास | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | |
| ५. | बालविकास शिक्षकहरुको पुनर्ताजगी क्षमता विकास | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | |
| ६. | परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्रसँगको सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७. | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८. | सुरक्षित तथा अपाङ्ग मैत्री शौचालयको व्यवस्था | वटा | २ | २ | २ | २ | २ | १० | |
| ९. | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विद्यार्थी अभिलेखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १०. | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ११. | प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम प्रबोधिकरण | सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| १२. | पूर्वाधार, सिकाइक्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १३. | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४. | अभिभावक शिक्षा | सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ३०० | |
| १५. | नमुना बालविकास केन्द्रको विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| १६. | प्रारम्भिक वालविकास शिक्षकहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कार तथा सम्मान | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १७. | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री अनुदान | जना | ३९८६ | ४०८६ | ४१८८ | ४२९३ | ४४५० | २१००३ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचयः

विद्यालय शिक्षाको संरचना दूई तहको भएपछि कक्षा १ देखि ८ सम्मलाई आधारभूत तह भनिन्छ । शिक्षा एन २०२८ आठौं संसोधन अनूसार प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्म आधारभूत शिक्षा भनिन्छ । नेपालको संविधान २०७२ अनुसार आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क शिक्षाको रुपमा व्यवस्था गरेको छ । साथै संविधानको निर्देशक सिद्धान्त तथा नीति अन्तरगत आधारभूत शिक्षा र स्वास्थ्यको सुविधाबाट कुनै पनि नेपाली नागरीकले बञ्चित हुन नपर्ने कुरा उल्लेख गरेको छ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले विद्यालय शिक्षाको पुनः संरचना गरेर कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति समाज र राष्ट्को विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ मा यसलाई नागरीकको मौलिक हक अन्तरगत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरीबी हटाउन व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन तथा समाज र राष्ट्रलाई विकासको पथमा अगाडी बढन सहयोग पुर्याउने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन । आधारभूत तहको शिक्षा ग्रहण गरीसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । आधारभूत शिक्षाका १२ वटा सक्षमताहरु पाठ्यक्रममा रहेका छन । आधारभूत तहको शिक्षाको यस्तो महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध व्यवस्थित, गुणस्तरिय र मर्यादित वनाउन यस मायादेवी गा.पा.ले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

मायादेवी गाउँपालिका  भित्र कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित सामुदायिक विद्यालयहरु जम्मा १४ वटा र  कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित जम्मा ११ वटा गरी आधारभूत विद्यालयहरुको सङ्ख्या जम्मा २५ वटा रहेका छन् । त्यस्तै माध्यमिक तह  सञ्चालित ८ वटा सामुदायिक विद्यालयहरुले समेत आधारभूत तहको शिक्षा प्रदान गरीरहेका छन् । हाल सम्म संस्थागत १८ वटा विद्यालयहरुले आधारभूत तहका कक्षाहरु सञ्चालन गरीरहेका छन भने

धार्मिक ३३ वटा विद्यालयहरुले पनि आधारभूत तहको शिक्षा प्रदान गरेका छन् । शैक्षिक सत्र २०८१ मा सामुदायिक, धार्मिक तथा संस्थागत गरी कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको सङ्ख्या ५४१७ जना र छात्रको सङ्ख्या ५६०४ जना गरी जम्मा ११०२१ जना रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको सङ्ख्या २०४८ र छात्रको सङ्ख्या १८२४ गरी जम्मा ३८७२ जना रहेकोमा आधारभूत तहमा कूल विद्यार्थीको सङ्ख्या १४८९३ जना रहेको छ । प्राथमिकता प्राप्त न्यूनतम मापदण्ड पूरा गरेका विद्यालयहरुको सङ्ख्या ३२ रहेको छ ।

**यस पालिकाको आधारभूत शिक्षाको तथ्याङ्क निम्न अनुसार रहेको छ :**

| क.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९४.५ |
| २. | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११८.८ |
| ३. | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.४ |
| ४. | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १४०.० |
| ५. | आधारभूत तह कक्षा १—५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.० |
| ६. | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.६ |
| ७. | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२५.१ |
| ८. | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.४ |
| ९. | आधारभूत तह (कक्षा १—८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.० |
| १०. | कक्षा चढ्ने दर १ देखि ५ | ८०.९ |
| ११. | कक्षा चढ्ने दर ६ देखि ८ | ८६.७ |
| १२. | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.३ |
| १३. | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ३.२ |
| १४. | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ६.४ |
| १५. | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | ५.१ |
| १६. | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.४ |
| १७. | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ४.९ |

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १८. | बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | ७१.५ |
| १९. | आधारभूत तहको सिकाइ उपलब्धी (कक्षा ५ ) GPA | २.३२ |
| २०. | आधारभूत तहको सिकाइ उपलब्धी (कक्षा ८ ) GPA | २.२७ |
| २१. | विद्यालय विद्यार्थी अनुपात ( सामुदायिक १-८) | २१६ |
| २२. | शिक्षक विद्यार्थी अनुपात ( सामुदायिक १-५ स्वीकृत र राहत दरबन्दी) | ५० |
| २३. | शिक्षक विद्यार्थी अनुपात ( सामुदायिक ६-८ स्वीकृत र राहत दरबन्दी) | १६८ |
| २४ | शिक्षक विद्यार्थी अनुपात ( सामुदायिक १-५ स्वीकृत,राहत दरबन्दी र सबै अनुदान समेत) | ३७ |
| २५ | शिक्षक विद्यार्थी अनुपात ( सामुदायिक ६-८ स्वीकृत र राहत दरबन्दी र सबै अनुदान समेत) | ४४ |

*स्रोतः CEHRD flash report 2080 र शिक्षा,युवा तथा खेलकुद शाखा, मायादेवी गाउँपालिका*

**आधारभूत शिक्षाका मुख्य समस्या र चुनौतीः**

**समस्याः**

१. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु,
२. विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक दरबन्दी तथा पुनर्वितरण हुन नसक्नु,
३. सबै विद्यालयहरुमा भौतिक पूर्वाधार लैङ्गिक मैत्री र अपाङ्गता मैत्री नहुनु,
४. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइकालाई तयार नहुनु,
५. विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास नहुनु,
६. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु,
७. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु,
८. सबै विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने सेनिटरी प्याडको प्रयोग पछि उचित विसर्जन व्यवस्था नहुनु,

९. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु,
१०. विद्यालयका बालबालिकाहरूका लागि वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रिफरल गर्ने अवस्था नहुनु,
११. सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु,
१२. विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु, भएका विद्यालयहरुमा प्रयोग नहुनु,
१३. विद्यालयहरुमा विपद् उत्थानशील योजना बनाउन नसक्नु,

**चुनौतीहरुः**

१. सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्न,
२. आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधि मैत्री र अपाङ्ग मैत्री बनाउन,
३. आधारभूत तहमा टिकाउ दर वृद्धि गर्न,
४. नक्शाङ्कन तथा जनसङ्ख्याको आधारमा विद्यालयको समायोजन गर्न,

### ३.२.३ उद्देश्य

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकालाई आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क, गुणस्तरीय र समावेशी बनाउनु ,
३. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा पुरा गर्ने कुराको सुनिश्चित गर्नु,
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री र सुरक्षित बनाउनु,
५. विद्यार्थीहरुको औषत सिकाइ उपलब्धि बृद्धि गर्नु,

## ३.२.४ रणनिति

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकालाई आधारभूत तहको शिक्षामा समतामूलक पहुँचको सुनिश्चित गर्ने,

२. अनिवार्य तथा निशुल्क आधारभुत शिक्षाको सुनिश्चितता गरी स्थानीय तहबाट प्रदान गर्ने सेवा सुविधा सँग समन्वय हुने व्यवस्था मिलाईने छ,

३. तहगत सिकाइ उपलब्धि सुनिश्चित गरी बालमैत्री, समावेशी सहितको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,

४. धार्मिक विद्यालयहरुलाई शिक्षाको मूलप्रवाहीकरणमा ल्याइ गुणस्तरीय सिकाइ वातावरण बनाउने,

५. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,

६. विद्यालयमा सुशासन कायम गरी अभिभावकहरुको सहभागिता अभिवृद्धि गर्ने,

७. राष्ट्रिय प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको न्यूनतम प्याकेज कार्यान्वयनमा ल्याईने छ,

८. विद्यालयमा बालमैत्री, प्रविधिमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरीने छ,

९. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गरीने छ,

१०. शिक्षकको पेसागत विकास तथा पेसागत सहयोगको सुनिश्चितता गरीने छ,

## ३.२.५ प्रमुख उपलब्धि तथा नतिजाः

<u>उपलब्धि</u>

- अनिवार्य तथा निः शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चितता हुनेछ ।
- विद्यार्थीहरुको औषत सिकाइ उपलव्धिलाई वृद्धि हुनेछ ।
- विद्यालयहरु भौतिक, शैक्षिक व्यवस्थापकीय वातावरणमा सुधार गर्दै बालमैत्री, अपांगमैत्री, समावेशी, प्रबिधिमैत्री जवाफदेहि तथा सुरक्षित हुनेछन ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधार वर्ष(२०८१/०८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षाको पहुँच सुनिश्चितता भएका बालबालिको सङ्ख्या | १४८९३ | १५०४१ | १५१९१ | १५३४२ | १५९९२ | १६२०० |
| २ | प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेका विद्यालय सङ्ख्या(सामुदायिक र धार्मिक) | ३२ | ३५ | ४० | ५० | ६० | ६९ |
| ३ | आधारभूत तहमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण र कार्यान्वयन पटक | ० | १ | ० | ० | ० | १ |
| ४ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | ३० | ५० | ६० | ७० | ८० | १०० |
| ५ | आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाको सिकाइ उपलब्धि । | २.२७ | २.४० | २.५० | २.७२ | २.८० | ३.२ |
| ६ | बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने विद्यालय सङ्ख्या | ५ | ८ | १० | १५ | २० | ३३ |
| ७ | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने विद्यालयमा सङ्ख्या | ८४ | ८४ | ८४ | ८४ | ८४ | ८४ |

### ३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १. | विद्यालय नक्शाङ्कन, समायोजन तथा पुनर्वितरण | पटक | | १ | | | | १ | |
| २. | स्वयंसेवक शिक्षक व्यवस्थापन | जना | ७० | ७० | ७० | ७० | ७० | ३५० | |
| ३. | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | विद्यालय उमेर समूहका सबै | |
| ४. | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था(सामुदायिक) | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| ५. | प्रारम्भिक कक्षामा कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| ६. | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | कोठा | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| ७. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८. | शिक्षक पेसागत क्षमता विकास | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ९. | विद्यालय विपत उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १०. | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ११. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यार्थी | ८५०० | ८७०० | ८९०० | ९१०० | ९३०० | ४४५०० | |
| १२. | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति | जना | २३ | ३० | ४० | ५० | ६० | २०३ | |
| १३. | पाठ्यपुस्तक व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १४. | अति विपन्न परिवारका बालबालिकाहरुका लागि ड्रेस तथा स्टेशनरीका लागि छात्रबृत्ति | जना | २० | २० | २० | २० | २० | १०० | |
| १५. | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | मासिक | मासिक | मासिक | मासिक | मासिक | मासिक | |
| १६. | व्यवस्थित परीक्षा प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७. | विव्यस, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १८. | अभिभावक शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९. | उत्कृष्ट शिक्षकलाई पुरस्कार तथा सम्मान | जना | १० | १० | १० | १० | १० | ५० | |
| २०. | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २१. | असल अभ्यास आदानप्रदानका लागि शैक्षिक अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २२. | आधारभूत तह कक्षा १-३ को मूल्याङ्कन अभिलेखिकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| २३. | आधारभूत तह स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| २४. | एक विद्यालय एक पुस्तकालय | विद्यालय | १६ | ५ | ५ | ७ | १० | ४३ | |

## ३.३ माध्यमिक तहको शिक्षा

### ३.३.१ परिचय

आधारभूत तह पार गरीसकेपछि माध्यमिक तहको चार वर्षको ९ देखि १२ कक्षा सम्मको शिक्षा हासिल गर्नुपर्ने शिक्षा ऐन २०२८ संशोधनसहितको व्यवस्थाले गरेको छ। नेपालको संविधान २०७२ अनुसार माध्यमिक तहको शिक्षालाई निःशुल्क शिक्षा पाउने अधिकारको व्यवस्था गरिएको छ। बालबालिकाहरूले आधारभूत तहको शिक्षा प्राप्त गरीसकेपछि आफ्नो रुचि, चाहना र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक तथा साधारण धारको शिक्षा छनोट गर्न पाउने अधिकार प्रदान गरेको छ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, व्यावहारिक, प्रविधियुक्त र सिपमूलक बनाउनुपर्ने हुन्छ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिपको उपयोग गर्दै आफ्नो रुचि र क्षमता अनुसार साधारण शिक्षाको ज्ञानलाई लिएर विभिन्न विषयमा साधारण योग्यताको साथै प्राविधिक तथा व्यावसायिक ज्ञानको सिप हासिल गरेर आयआर्जनको बाटो सुनिश्चित गर्ने लक्ष्य माध्यमिक तहको शिक्षाले लिएको छ । माध्यमिक तहको शिक्षालाई निःशुल्क, बालमैत्री, समावेशी, प्रविधियुक्त, सिपयुक्त बनाउने नीति राष्ट्रिय शिक्षा नीति २०७६ ले लिएको छ ।

यस तहमा पाठ्यक्रमको एकलपथीय नीति अवलम्बन गरिएको छ । कक्षा ९ र १० मा वार्षिक ३२ कार्यघण्टा र कक्षा ११ र १२ मा वार्षिक कम्तीमा २७ देखि ३२ घण्टाको विषयवस्तु राखिएको छ। मानवीय मूल्य मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरीकको जिम्मेवारी बहन गर्न सक्ने विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसाथ गर्दै सभ्य सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने दैनिक जीवनमा भाषिक एवं सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने प्राकृतिक एवं सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शनजस्ता सक्षमताहरू यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तोकिएका छन्। साथै विद्यार्थीहरूको मूल्याङ्कन एवं स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिइने परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुने व्यवस्था गरेको छ ।

विगतका प्रयासहरूले प्राविधिक तथा व्यावसायिक विषयको कार्यक्रम केहि सञ्चालन गरे तापनि उत्पादित जनशक्तिलाई कामको संसारसँग परिचित गर्न नसकेको र सैद्धान्तिक ज्ञानमा मात्र सिमित राखिएको देखिन्छ । आज विद्यालयमा सिकेको सिपले भोलिको संसारमा बिक्ने जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रित हुनुपर्दछ।

### ३.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा माध्यमिक शिक्षा सञ्चालनका लागि सामुदायिक ८ वटा र संस्थागत ८ वटा र धार्मिक ५ वटा गरी जम्मा १९ वटा माध्यमिक विद्यालय रहेका छन्। शैक्षिक सत्र २०८१ अनुसार यस पालिकाभित्र माध्यमिक तह अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या २०६१ रहेको छ। जसमा छात्राहरूको सङ्ख्या ११०७ र छात्रहरुको सङ्ख्या ९५४ रहेको छ । विपन्न समुदायका बालबालिकाहरु घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । यस सवाललाई सम्बोधन गर्न सके विद्यालयको सिकाइ उपलब्धिलाई अझ बढाउन सकिन्छ । अधिकांश माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षक दरबन्दी नहुँदा समेत सिकाइ उपलव्धीलाई प्रभाव पारेको देखिन्छ त्यसैले विद्यालहरुलाई कक्षा थप अनुमति दिदा मौजुदा भौतिक संरचनाको आधारमा मात्र नभई दरबन्दी सहितको अनुमति प्रदान गर्नुपर्ने देखिन्छ । माध्यमिक तहमा कक्षा १२ सम्मको अनिवार्य विषयका पाठ्यपुस्तक पालिका मार्फत निःशुल्क रुपमा उपलब्ध गराईएको छ । विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा, विषयगत रुपमा शिक्षक उपलव्धता तथा मिलान र विद्यालय सञ्चालनका लागि श्रोतको प्रबन्ध हुन नसक्दा निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नसकिएको अवस्था छ । सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, आइसिटि ल्याव, वाचनालय सहितको पुस्तकालयको व्यवस्था गर्नुपर्ने छ ।

**<u>विद्यालय तथा शिक्षक विवरणः</u>**

| त्रस. | विवरण | सङ्ख्या | वतर्मान अवस्था | कै |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालय सङ्ख्या | २१ | सामुदायिक माध्यमिकः ८<br>संस्थागत विद्यालयः ८<br>धार्मिक विद्यालयः ५ | |
| २ | कक्षा १-१० सञ्चालित विद्यालय | १५ | सबै प्रकारका | |
| ४ | कक्षा १-१२ सञ्चालित विद्यालय | ६ | सबै प्रकारका | |
| ५ | विज्ञान विषय थप गरिएको विद्यालय | १ | सबै प्रकारका | |
| ६ | प्राविधिक तथा व्यवसायिक धार सञ्चालित विद्यालय | १ | २०७६ बाट | |
| ७ | माध्यमिक तहका शिक्षक दरबन्दी (स्वीकृत, राहत, सङ्घीय र गाउँपालिका अनुदान ) | ३७ | स्विकृत दरबन्दीः ८<br>राहतः४<br>साविक उ.मा.विः ४<br><u>प्राविधिक तर्फ</u><br>सहायक प्रशिक्षकः २<br>प्रशिक्षकः ४<br>सङ्घीय शिक्षण सिकाइ अनुदानः ११<br>गाउँपालिका अनुदानः ४ | |

### ३.३.३ समस्या र चुनौतीहरू

१. माध्यमिक तहसम्मको शिक्षापूर्ण रुपमा निःशुल्क गर्न नसकिएको,
२. विद्यार्थीको अनुपात एंवम विषयगत आधारमा शिक्षक दरबन्दीको अभाव,
३. व्यवस्थित तथा आवश्यक सामग्री सहितको विज्ञान प्रयोगशालाको अभाव,
४. गुणस्तरीय शिक्षाका लागि आवश्यक अंगका रुपमा रहेको व्यवस्थित गणित, सामाजिक तथा अन्य विषयगत प्रयोगशाला एंवम प्रर्याप्त पुस्तक सहितको पुस्तकालयको व्यवस्था हुन नसक्नु,
५. शैक्षिक उपलव्धी वृद्धिका लागि विशेष कार्यक्रमहरु निर्माण र कार्यन्वयनमा अप्रर्याप्तता,
६. विषयगत शिक्षक समिति गठन, शिक्षकहरु बीचको अन्तर्क्रिया तथा अनुभव आदान प्रदानको वातावरण निर्माण हुन नसकेको,
७. बैयक्तिक क्षमता प्रस्फुटनका लागि आवश्यक पक्ष खेलकुद, संगित र नृत्य लगाएत कार्यक्रमहरु सञ्चालनका लागि कार्यक्रम र बजेटको अभाव,
८. नर्शिङ्ग सहितको प्राथमिक उपचार कक्षको व्यवस्थापन हुन नसकेको |
९. सबै माध्यमिक विद्यालयहरुमा आवश्यक मापदण्ड सहितको भौतिक पूर्वाधार विकास हुन नसकेको,
१०. अनुगमन, निरीक्षण बाट प्राप्त विवरणहरुको लेखाजोखा र कार्यान्वयनमा कमि,
११. शिक्षकको पेसागत विकास सहायता प्रणालीको विकास गर्न नसकिएको
१२. कक्षा ९ मा भर्ना भएका सबै विद्यार्थीहरूको कक्षा १२ सम्म टिकाइराख्न नसकिएको,
१३. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने,
१४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्न नसकिएको,

### ३.३.४ उद्देश्य

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सिपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्नु,
३. माध्यमिक तहको शिक्षण विधिलाई व्यावहारिक सिकारुमैत्री तथा भयरहित, अनुसन्धानमूलक बनाउँदै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गरी प्रतिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउनु,

४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
५. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा बालमैत्री समावेशी र सुरक्षित बनाउनु
६. प्रशासकीय र व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउनु,

### ३.३.५ रणनीतिहरू

१. माध्यमिक शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने,
२. पालिकाको भूगोल, विद्यार्थी सङ्ख्या आवश्यक स्रोत साधन को व्यवस्थापनका आधारमा माध्यमिक विद्यालयको समायोजन तथा व्यवस्थापन गर्ने,
३. विद्यार्थीहरूको बहुक्षमता विकास गरी अतिरिक्त क्रियाकलापको अनिवार्य व्यवस्था मिलाइने,
४. विद्यार्थीहरूको आवश्यकता तथा सबैको पहुँच हुने गरी निःशुल्क माध्यमिक शिक्षा सञ्चालनको व्यवस्था मिलाइने,
५. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
६. माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था गर्ने,
७. शिक्षक पेसागत विकास तथा सहयोग प्रणालीको व्यवस्था गर्ने,
८. हरेक विद्यालयमा सूचना तथा प्रविधिको सुविधा विस्तार गर्ने,
९. विद्यालयहरूमा प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति विपद् उत्थानशील योजना निर्माण गर्ने,
१०. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूको आकर्षण गर्न भौतिक तथा शैक्षिक पूर्वाधार सहितको व्यवस्था गर्ने,
११. प्रधानाध्यापकहरूसँग विद्यालय विकासको प्रस्ताव आह्वान गरी कार्य सम्पादन सम्झौता गर्ने,
१२. हरेक विद्यालयलाई सूचना प्रविधि मैत्री बनाउदै शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
१३. शिक्षकहरुका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
१४. अति गरीब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने,
१५. आवधिक रूपमा सिकाइ उपलब्धिको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गर्ने,

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या (११-१२) | | | | | | |
| ५. | कम्प्युटर विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या ( ९-१२) | ११७ | १३० | १४० | १५० | १८० | २०० |
| ६. | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ८ | २१ | २१ | २१ | २१ | २१ |
| ७. | माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको बिद्यालय सङ्ख्या | ८ | २१ | २१ | २१ | २१ | २१ |
| ८. | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने बिद्यालय सङ्ख्या | ८ | १२ | १५ | १८ | २१ | २१ |
| ९. | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने बिद्यालय सङ्ख्या | १० | १२ | १३ | १५ | १८ | २१ |
| १०. | माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति विपद् उत्थानशील योजना निर्माण गर्ने बिद्यालय सङ्ख्या | ८ | १० | १३ | १५ | १८ | २१ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ११. | सूचना तथा सञ्चार प्राविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने बिद्यालय सङ्ख्या | ८ | १० | १२ | १४ | १७ | २१ |
| १२. | माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने बिद्यालय सङ्ख्या | १३ | १५ | १८ | २० | २१ | २१ |

## ३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १. | विद्यालयको नक्साङ्कन समायोजन तथा पुनर्वितरण | पटक | | १ | | | | १ | |
| २. | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानून, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | | १ | | | | १ | |
| ३. | मापदण्ड अनुसार शिक्षक व्यवस्थापनका लागि स्वयंसेवक शिक्षक व्यवस्थापन | जना | १० | १५ | १५ | १५ | १५ | ७० | |
| ४. | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्बन्धीत गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा,) | कक्षाकोठा | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा बिद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ७ | वि.व्य.स, पि.टी.ए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | |
| ८ | विद्यालय शिक्षालाइ प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| १०. | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | |
| ११. | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | |
| १२. | कक्षाकोठामा आधारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी आन्तरिक मूल्याङ्कन सुधार तथा प्रयोगका लागि शिक्षक क्षमता विकास | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | |
| १३. | उत्कृष्ट सिकाइ उपलब्धि शिक्षक पुरस्कार व्यवस्थापन | जना | ६ | ६ | ६ | ६ | ६ | ३० | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १४. | बालक्लब, रेडक्रस, स्काउट, इको क्लब जस्ता क्लबहरुको परिचालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | |
| १५. | शिक्षक पेसागत सहायता प्रणालीको विकास र परिचालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| १६. | एक शिक्षक एक ल्यापटपको व्यवस्था अनुदान (साझेदारी) | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १७. | विद्यालय सुपरीवेक्षण,शिक्षक मेन्टरिङ | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८. | विद्यालय पोषण तथा स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |
| १९ | माध्यमिक तहस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | |
| २० | इ-पुस्तकालय व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २१ | विज्ञान प्रयोगशाला व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २२ | उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २३ | विद्यालय बसको व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| २४ | प्रधानाध्यापक मासिक बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | |
| २५ | खेलकुद प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५० | |
| २६ | विपन्न लक्षित छात्रवृत्ति अनुदान | विद्यार्थी | २०० | ३०० | ३५० | ४०० | ४५० | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचयः

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विना देशको विकास संभव नहुने भएकोले नेपालको संविधान, शिक्षा नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक र रोजगारमूलक बनाउँदै सक्षम जनशक्ति तयार गर्ने नीतिगत व्यवस्था गरेको छ ।नेपाल सरकारको साझा राष्ट्रिय आकांक्षा अनुरुप समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालिन सोच तथा गाउँपालिकाले राखेको दीर्घकालिन सोचलाई मूर्तरुप दिन समेत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सबै नागरीकको समतामूलक र समावेशी पहुँच पुर्याई श्रम बजारको माग अनुसारको गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री दक्ष जनशक्ति उत्पादन गरी दिगो विकासको लक्ष्यहरु पुरा गर्न आवश्यक रहेको छ ।प्राविधिक शिक्षालाई गरीखाने शिक्षाको रुपमा विकास गरी बदलिदो परिवेश सुहाँउदो गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्नुपर्ने वर्तमान समयमा स्थानीय तहबाटै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई विद्यालय शिक्षाको तहबाट सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमती, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहमा दिएको सन्दर्भमा स्थानीय तह सञ्चालनको सात वर्ष पुरा भइसकेको तर हालसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा नभएकोले संविधान तथा कानूनले दिएको अधिकार तथा जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र सबैको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्न यो शिक्षा योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु समावेश गर्न अपरीहार्य रहेको छ।

### ३.४.२ वर्तमान अवस्थाः

नेपालमा शैक्षिक सत्र २०८१ सम्म विद्यालय तहमा प्राविधिक धार सञ्चालनमा रहेका जम्मा ५३७ विद्यालयमध्ये यस मायादेवी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको श्री जनता माध्यमिक विद्यालय, मायादेवी-५,बलुहवा सामुदायिक विद्यालयमा कक्षा ९-१२ सम्म साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धारको रुपमा कम्प्युटर इन्जिनियरिङ वि.स.२०७६ सालदेखि सञ्चालनमा रहेको छ । यस पालिकाको एकमात्र प्राविधिक धार सञ्चालित विद्यालयमा शैक्षिक सत्र २०८१ मा २ जना सहायक प्रशिक्षक, ४ जना प्रशिक्षक र २ जना शिक्षक सङ्घीय सरकारको अनुदानमा कार्यरत रहेका छन्।प्राविधिक शिक्षा अन्तर्गत कपिलवस्तु जिल्लाका ८ स्थानीय तहमा पशुविज्ञान, कम्प्युटर

इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, बालिविज्ञान, इलेक्ट्रिकल इन्जिनियरिङ लगायतका विषयहरु कक्षा ९ देखि १२ सम्म सञ्चालनमा रहेका छन् । यस गाउँपालिका अन्तर्गतका बालबालिकाहरुलाई प्राविधिक शिक्षा प्राप्त गर्नका लागि जिल्लाभित्रनै विभिन्न अवसरहरु रहेको तथा अन्य स्थानीय तहको समन्वयमा बालबालिकाहरुलाई विभिन्न विषयहरुको प्राविधिक शिक्षा उपलब्ध गराउन सकिने अवसर रहेको छ । तथापी यस गाउँपालिका अन्तर्गत रहेका बालबालिकाहरुलाई अन्य पालिकासँग समन्वय र सहकार्य गरी प्राविधिक शिक्षाको पहुँचमा पुर्याउन सकिएको छैन । प्राविधिक धार सञ्चालनमा रहको यस गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा समेत अन्य पालिका तथा जिल्लाबाट विद्यार्थीहरुलाई आकर्षण गर्न सकिएको छैन। यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका अन्य माध्यमिक विद्यालयहरुले सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाको साझेदारीमा अन्य प्राविधिक धार जस्तै बालि विज्ञान, सिभिल इन्जिनियरिङ लगायतका विषय सञ्चालन गर्न सकेमा थप प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने र समग्र पालिका तथा देशको विकासमा उपयोग गर्न सकिने सम्भावना रहेको छ ।यस गाउँपालिका अन्तर्गत सञ्चालित प्राविधिक धार सञ्चालित कम्प्युटर इन्जिनियरिङ तर्फ शैक्षिक सत्र २०८१ मा जम्मा ११७ जना विद्यार्थी अध्ययनरत छन् ।

### ३.४.३ समस्या तथा चुनौतीहरु

- प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरिब, विपन्न, पछाडि पारिएको वर्ग र सीमान्तकृत समुदायको शिक्षाको पहुँचमा विस्तार गर्न,
- शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्न,
- व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन गर्न,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि जनशक्ति व्यवस्थापन गर्न,
- वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्न,
- अभिभावकहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आकर्षण गर्न नसकिनु,
- प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार, ल्याव व्यवस्थापन गर्न नसकिएको,
- गाउँपालिकासँग प्राविधिक तथा व्यावसायिक शिक्षामा पर्याप्त लगानी गर्न स्रोतको कमी,

### ३.४.४ उद्देश्यहरु:

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा गाउँपालिका अन्तर्गतका नागरीकहरुको पहुँच अभिबृद्धि गर्नु,
२. गाउँपालिका अन्तर्गत भौतिक संरचना तयार भएका माध्यमिक विद्यालयहरुमा थप प्राविधिक शिक्षा सञ्चालन सङ्घीय, प्रदेश सरकार तथा अन्य सङ्घ संस्थासँग आवश्यक सहकार्य, समन्वय र साझेदारी गर्नु,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसर उपलब्ध गराउनु,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका कार्यक्रमहरुलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,

### ३.४.५ रणनीतिः

१. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच अभिबृद्धि गर्ने,
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरु समयसापेक्ष विस्तार गरी सबै नागरीकहरुलाई स्वरोजगार बनाउन प्रयास गर्ने,
३. स्थानीय स्तरमा स्वरोजगार हुन चाहने युवाहरुलाई पुँजी व्यवस्थापनमा आवश्यक सहयोग गर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालनका लागि आवश्यक योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमनका लागि आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्ने,
५. नजिकका पालिकाहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक परिषदबाट सञ्चालित कार्यक्रमहरुमा पालिकाभित्रका विद्यार्थीहरुको पहुँच अभिबृद्धि गर्न आवश्यक सहकार्य र समन्वय गर्ने,
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणस्तर, प्रभावकारीता र पहुँच अभिबृद्धिका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने,
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच बढाउन विभिन्न गैरसरकारी संस्था, सामुदायिक संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने,
८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट उत्पादन र उत्पादकत्व अभिबृद्धि हुने संभ्याव्य क्षेत्रहरु कृषि, पर्यटन, स्थानीय प्रविधि, सूचना प्रविधि, लगायतका क्षेत्रहरुमा पालिकाबाट आवश्यक बजेट व्यवस्थापन गर्ने तथा जनशक्ति विकास गर्ने ,

९. स्थानीय तहअन्तर्गतका महिला,जनजाती, दलित, अपाङ्गता भएका नागरीक एवं आर्थिक रुपले विपन्न समुदाय र वर्गको आर्थिक उन्नयनका लागि व्यावसायिक तालिमका अवसरहरुको पहुँच बढाउन आवश्यक कार्यक्रमहरुको व्यवस्था गर्ने,

१०. पालिका अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिएका जनशक्तिहरुको तथ्याङ्क संकलन गरी पालिका भित्र आवश्यक प्राविधिक जनशक्ति उपयोग गरी बाँकी जनशक्तिको परिचालनका लागि अन्य पालिका, प्रदेश सङ्घीय सरकार तथा नीजि क्षेत्रसँग समन्वय गर्ने,

११. विद्यालय शिक्षा भन्दा बाहिर रहेका युवाहरुलाई उनिहरुको चाहना अनुसार व्यावसायिक तालिम सञ्चालनका लागि आवश्यक योजना तर्जुमा गर्ने तथा तालिम सञ्चालनका लागि विभिन्न सङ्घसंस्था तथा निकायसँग सहकार्य र समन्वय गर्ने,

१२. गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रको संस्थागत क्षमता र समन्वयात्मक क्रियाकलाप अभिबृद्धि गर्ने ,

१३. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरुको स्थापना तथा सञ्चालन गर्न पहल गर्ने

### ३.४.६ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

१.माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पहुँच अभिबृद्धि भएको हुने छ ।

२.प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा प्रदान गर्न आवश्यक योजना, नीति,र कानूनी प्रबन्ध भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स | सूचक | आधार वर्ष (२०८१।०८२) | २०८२ ।०८३ | २०८३ ।०८४ | २०८४ ।०८५ | २०८५ ।०८६ | २०८६ ।०८७ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ | २ |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम भर्ना भएका विद्यार्थी सङ्ख्या | ११७ | १४७ | १६० | २०८ | २५६ | ३३६ |

| क्र.स | सूचक | आधार वर्ष (२०८१।०८२) | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|---|
| ३. | प्राविधिक तथा व्यावसायिक तालिमका लागि गाउँपालिकाको बजेट(प्रतिशतमा) | ०.८८ | ०.९० | १ | १.५ | १.५ | १.५ |
| ४. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम बाट माध्यमिक तह उत्तिर्ण गरी उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक तालिमको अवसर प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | १२ | १५ | १७ | ३० | ३५ | ४० |

### ३.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटाबेश तयारी | पटक | १ | १ | १ | १ | १ | ५ |
| २. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनका लागि योजना तर्जुमा | पटक | ० | १ | ० | ० | ० | १ |
| ३. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनका लागि स्थानीय नीति तथा कानून निर्माण | पटक | ० | १ | ० | ० | ० | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक तालिम लिएका विपन्न विद्यार्थीहरुका लागि उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति | जना | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम/सिप सञ्चालन गर्ने विद्यालयलाई अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ६. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गरेका अन्य स्थानीय तहसँग साझेदारी र समन्वय | पटक | १ | १ | १ | १ | १ | १ |
| ७. | प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालित विद्यालयमा ल्याव सुदृढीकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ८. | प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने थप विद्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन | जना | ० | ० | २ | २ | २ | ६ |
| ९. | प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने विद्यालयका प्रशिक्षक/शिक्षकको क्षमता विकास | जना | ८ | ० | ० | ८ | ० | १६ |
| १० | ल्याव असिस्टेन्ट तथा OJT व्यवस्थापन अनुदान | विद्यार्थी | १५० | १५० | १५० | १५० | १५० | ६०० |
| ११ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने नयाँ विद्यालय लाई अनुदान | विद्यालय | ० | ० | १ | १ | १ | ३ |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१.परिचयः

सिकाइ मानव जीवनमा निरन्तर चलिरहने प्रक्रिया हो ।अनौपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर पनि सिकाइ हुने गर्छ ।मानव जीवनका लागि आवश्यक अभिवृत्ति, सिप,ज्ञान, मूल्य र तत्परता विकास गर्न आजीवन सिकाइ गर्नु पर्छ ।यसका लागि व्यवस्थित गरिएको प्रणालीगत व्यवस्थालाई अनौपचारिक शिक्षा भनिन्छ ।

नेपालको संविधानले प्रत्येक नागरीकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने गरी मौलिक हकको व्यवस्था गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले आधारभूत र माध्यमिक शिक्षा सहित अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ नीति आदिको व्यवस्थापन स्थानीय तहमार्फत हुने व्यवस्था गरेको छ ।संवैधानिक रुपमा स्थापित मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ लगायतको कानूनी व्यवस्था स्थापित भएको छ।

१६ औं योजनाले अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने रणनीति अवलम्बन गरेको छ ।त्यस्तै दिगो विकास लक्ष्यले सन् २०३० सम्म सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ।विद्यालय शिक्षा क्षेत्र योजना सन् २०७९-२०८८ ले पनि आजीवन सिकाइ तथा सक्षमता परीक्षणका सम्बन्धमा थप व्यवस्था गरेको छ ।साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा बृद्धि गर्ने, विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक माध्यमबाट जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्नुपर्ने आवश्यकता रहेको छ ।

नेपाल सरकारले नेपाललाई साक्षर मुलुक बनाउने अभियानको प्रारम्भ गरी अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षा कार्यक्रम र सामुदायिक सिकाइ केन्द्रमा आधारित आजीवन सिकाइका अवसरहरुको विकास गर्दै आएको छ ।सिकारुमा निरन्तर सिप विकासका अवसर प्रदान गर्न अनौपचारिक तथा आजीवन सिकाइका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी तह १-४ को पाठ्यक्रम तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रअन्तर्गत स्थानीय तहले अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ सम्बन्धी नीति,

कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्न सक्ने व्यवस्था रहेको छ ।

### ३.५.२ वर्तमान अवस्थाः

मायादेवी गाउँपालिकाले हालसम्म स्थापित भएका प्रत्येक वडामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुमध्ये ७ सामुदायिक सिकाइ केन्द्रहरुमा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति, सामुदायिक परिचालकको व्यवस्थापन गरी अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।लुम्बिनी CLC परियोजनाबाट पनि यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुमा अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षाका Alternative Education Level-2 र ECD का विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन ।तथापी सामुदायिक सिकाइ केन्द्रहरुको सञ्चालन,व्यवस्थापन, संस्थागत क्षमता विकास र जनशक्तिको क्षमता विकासका लागि गाउँपालिकाबाट बजेट तथा कार्यक्रममा प्राथमिकतामा नपर्दा सामुदायिक सिकाइ केन्द्रहरुलाई क्रियाशिल गराउन सकिएको छैन ।नेपाल सरकारले स्वीकृत गरेको अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार तह १-३ सम्मको अनौपचारिक शिक्षाको परीक्षण गर्ने जिम्मेवारी सामुदायिक सिकाइ केन्द्र र स्थानीय तहको रहेको सन्दर्भमा औपचारिक शिक्षा नलिएका विद्यालय शिक्षाको उमेरका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी अनौपचारिक शिक्षाको माध्यमबाट तोकिएको पाठ्यक्रम अनुसार सक्षमता हासिल गराउने गरी ज्ञान, सिप तथा दक्षताको परीक्षण गरी समकक्षता प्रदान गर्न सामुदायिक सिकाइ केन्द्र तथा गाउँपालिका शिक्षा शाखाको क्षमता विकास गर्नु चुनौतिपूर्ण रहेको छ तथापी गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्रहरुको भौतिक संरचना निर्माण, संस्थागत क्षमता विकास तथा जनशक्ति क्षमता विकासमा आवश्यक बजेट तथा कार्यक्रम व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । साथै आजीवन सिकाइका अवसरहरु प्रदान गर्न गाउँपालिकाभित्र हालसम्म स्थानीय पुस्तकालय, बाचनालय सञ्चालन नगरिएकोले सोको सञ्चालन र व्यवस्थापन गर्नुपर्ने आवश्यकता समेत रहेको छ ।यो शिक्षा योजनाले अनौपचारिक शिक्षाको अवसर प्रदान गर्न तथा आजीवन सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रहरु तथा सामुदायिक पुस्तकालय सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तथा बजेटको सुनिश्चितता गर्ने र गाउँ कार्यपालिकालाई बजेट तथा कार्यक्रमका लागि मार्गदर्शन समेत हुने विश्वास गरिएको छ ।

नेपालमा हालसम्म ६५ जिल्लाहरु साक्षर जिल्ला घोषणा भएकोमा ६४ औं साक्षर जिल्लाको रुपमा कपिलवस्तु जिल्ला रहेकोमा मायादेवी गाउँपालिकाले पनि शैक्षिक वर्ष २०८० को असार महिनामा गाउँपालिकालाई साक्षर पालिका घोषणा गरेको र गाउँपालिका अन्तर्गत बसोबास गर्ने विद्यालय उमेर भित्रका बालबालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट औपचारिक शिक्षा

सरह समकक्षता प्रदान गर्न तथा साक्षर भएकाहरुलाई आजीवन सिकाइका अवसरहरु प्रदान गर्न सामुदायिक पुस्तकालय स्थापना गर्ने अवसर र चुनौती दुवै रहेको छ । यसलाई व्यवस्थित गरी नतिजा हासिल गर्न यो शिक्षा योजना कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ ।

**राष्ट्रिय जनगणना, २०७८ अनुसार मायादेवी गाउँपालिकाको साक्षरताको अवस्थाः**

| कुल परिवार सङ्ख्या | कुल जनसङ्ख्या | पुरुषको जनसङ्ख्या | महिलाको जनसङ्ख्या | पुरुषको साक्षरता | महिलाको साक्षरता | कुल साक्षरता |
|---|---|---|---|---|---|---|
| ८४४३ | ५५९७२ | २७१२४ | २८८४८ | ८१.२% | ६४.५% | ७२.६% |

**सामुदायिक सिकाइ केन्द्रहरुको विवरणः**

| क्र.स. | सामुदायिक सिकाइ केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १ | पकडी सामुदायिक सिकाइ केन्द्र | मायादेवी-१ |
| २ | अभिराव सामुदायिक सिकाइ केन्द्र | मायादेवी-२ |
| ३ | फुलिका सामुदायिक सिकाइ केन्द्र | मायादेवी-३ |
| ४ | बलुहवा सामुदायिक सिकाइ केन्द्र | मायादेवी-५ |
| ५ | डुमरा सामुदायिक सिकाइ केन्द्र | मायादेवी-६ |
| ६ | रामसमुझ सामुदायिक सिकाइ केन्द्र | मायादेवी-७ |
| ७ | विजुवा सामुदायिक सिकाइ केन्द्र | मायादेवी-८ |

### ३.५.३ उद्देश्यहरुः-

१. सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसरहरु सुनिश्चित गर्ने,

२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न अनौपचारिक शिक्षा ,सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने,

३. अनौपचारिक शिक्षाको माध्यमबाट प्राप्त ज्ञान, सिप र दक्षताको परीक्षण गरी औपचारिक शिक्षा सरहको समकक्षता प्रदान गर्ने,

### ३.५.४ रणनीतिः

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्रको संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोको रुपमा विकास गर्ने,
२. सामुमायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरीक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गरी निरन्तर सिकाइका अवसरहरु सञ्चालन गर्ने,
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुरुपका सामग्रीको प्रयोग गर्ने,
४. सरोकारवालाहरुको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन गर्ने,
५. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न साक्षरता, आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने,
६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरुको परीक्षण र प्रमाणिकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने,
७. प्रौढहरुलाई आजीवन सिकाइका लागि सामुदायिक पुस्तकालय एवम् वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने,
८. अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षासम्बन्धी नीति,कानून, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयनको प्रबन्ध गर्ने,
९. स्थानीय सामुदायिक पुस्तकालय सञ्चालनका लागि आवश्यक मापदण्ड, कानून तर्जुमा र कार्यान्वयन गर्ने,

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

<u>उपलब्धिः</u>

- सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरु प्राप्त हुनेछन् ।
- औपचारिक शिक्षाबाट बञ्चित नागरीकहरुले अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप तथा दक्षताको परीक्षण गरी प्रमाणपत्र प्राप्त गरी रोजगारीका अवसरहरुमा पहुँच प्राप्त गर्नेछन् ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | २०८६ /८७ |
|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको कुल साक्षरता प्रतिशत (जनगणना २०७८) | ७२.६ | ७२.६ | ७३.५ | ७५ | ७८ | ८० |
| २ | गाउँपालिकाको कुल महिला साक्षरता प्रतिशत (जनगणना २०७८) | ६४.५ | ६६ | ६८ | ७० | ७२.५ | ७५ |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | ० | १ | ० | १ |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरुको सङ्ख्या | ७ | ७ | ८ | ८ | ८ | ८ |
| ५ | आधारभूत सुविधासम्पन्न नमुना सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |
| ६ | अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप तथा दक्षताको परीक्षण गरी प्रमाणपत्र प्राप्त गर्नेको सङ्ख्या | ० | ० | १० | १५ | २० | २५ |

## ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १. | निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटावेश तयारी | पटक | १ | १ | १ | १ | १ | १ | |
| २. | साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |

| क.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरुको सुदृढीकरण | केन्द्र | ७ | ७ | ७ | ७ | ८ | ८ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रका परिचालकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | सामुदायिक पुस्तकालय तथा वाचनालय सञ्चालनका लागि संरचना निर्माण | वटा | | | १ | | | १ | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरुबाट अनौपचारिक शिक्षाको परीक्षण र प्रमाणपत्र प्रदान(तह १ र २) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | सिपमूलक तथा आयआर्जन कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ८ | लक्षित समूह( विपन्न, पिछडिएको तथा सिमान्तकृत समूह) का लागि साक्षरता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान | सङ्ख्या | ७ | ७ | ७ | ७ | ८ | ८ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धीत विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१. परिचय

शिक्षण पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो। समाज र व्यक्तिको आवश्यकता अनुसार सिकारुले हासिल गर्नुपर्ने विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण संगठन र मूल्याङ्कन सबैलाई पाठ्यक्रमले समेटेको हुन्छ। पाठ्यक्रम सिकाइको योजना हो। शिक्षाको लक्ष्य हासिल गर्नका लागि निर्माण गरिएको शैक्षिक कार्यक्रम हो। पाठ्यक्रम भनेको शैक्षिक क्रियाकलापका लागि तयार गरिएको विस्तृत शैक्षिक योजना हो। यसभित्र शिक्षाको लक्ष्य हासिल गर्न आवश्यक पर्ने पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण विधि, सामग्री र मूल्याङ्कन समावेश भएको हुन्छ। विद्यालयको नेतृत्वमा सिकारुले आफ्ना सम्पूर्ण अनुभवहरुलाई उन्नत पार्ने अवसर पाठ्यक्रमको माध्यमबाट प्राप्त गर्छ। पाठ्यक्रम कुनै पक्ष वा तहमा सिकाउने विषयवस्तुसँग मात्र सम्बन्धीत हुँदैन, देशकाल परिस्थिति अनुसार विद्यार्थीमा हासिल गर्नुपर्ने क्षमतासँग पनि यो सम्बन्धीत हुन्छ। सिकारुमा अपेक्षित परिवर्तन ल्याउनका लागि र शिक्षाले राखेका राष्ट्रिय उद्देश्य र सिकाइ सक्षमतालाई सुनिश्चित गर्नका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा विकसित गरीएका विभिन्न किसिमका र विभिन्न विषयका क्रियाकलापहरू पाठ्यक्रममा समावेश गरीएका हुन्छन् । के पढाउने, के-कस्ता क्रियाकलाप माध्यमबाट सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने के कस्ता पृष्ठपोषणहरू दिन सकिने मूल्याङ्कन विधि र प्रविधिहरू के के प्रयोग गर्ने आदि कुराहरूको समष्टि स्वरूप पाठ्यक्रम हो। यसमा सिकारुको आवश्यकता क्षमता र रुचिलाई संगठित गरीन्छ। यसले पाठ्यपुस्तक, शिक्षक निर्देशिका अन्य शिक्षण सामग्री निर्माण गर्नको लागि सहयोगी भूमिका खेल्छ। विभिन्न शिक्षण विधि रणनीति र क्रियाकलापहरू सञ्चालनका लागि आधार स्रोतको काम गर्छ । समसामयिक विषयवस्तुलाई समावेश गर्दै विद्यालय र शिक्षकको नेतृत्वमा विद्यार्थीको लागि आवश्यक पृष्ठपोषण समेत प्रदान गर्दछ । सिकारुको सिकाइ उपलब्धिलाई विभिन्न मूल्याङ्कन विधि र प्रविधि प्रयोग गर्दै सिकाइ उपलब्धिको लेखाजोखा गर्ने काम समेत गर्दछ। मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य मान्यता, समाज र विश्व परिवेशमा विकास भएका ज्ञानसिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाको रुपमा लिनु आवश्यक छ। पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामग्रीको रुपमा विद्यार्थीको एक मात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना र प्रविधिको उचित प्रयोग गर्न पनि पाठ्यक्रमले निर्देशन गर्छ साथै पाठ्यपुस्तकले पाठ्यक्रमको कार्यान्वयन पक्षलाई पनि सहयोग गर्छ। हाल

नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ । साथै कतिपय स्थानीय तहहरुले स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक समेत तयार गरी कार्यान्वयनमा ल्याएका छन् ।

### ४.१.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा योजनाबद्ध रुपमा पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । पाठ्यक्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भयो। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.स.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ। यसैक्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई वि.स. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन भएको छ ।

नेपाल सरकारको शिक्षा मन्त्रालयले जारी गरेका विभिन्न तह र कक्षागत पाठ्यक्रमहरू यस पालिकामा कार्यान्वयनमा आएका छन्। विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराई शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गरिँदै आएको छ। पाठ्यक्रमको सबल कार्यान्वयनका लागि पालिका स्तरमा नै शैक्षिक क्यालेण्डर निर्माण गरी वार्षिक कार्ययोजना अन्तर्गत रहेर शिक्षण सिकाइ क्रियाकलापहरूमा एकरुपता ल्याउने काम गरिएको छ। विभिन्न आवधिक परीक्षा , शिक्षण गर्नुपर्ने सिकाइ र पाठगत समरूपतालाई यसले सहयोग गरेको छ। मूल्याङ्कन प्रक्रियाको लागि पालिका स्तरीय प्रश्न निर्माण गरी परीक्षा सञ्चालन हुँदै आएको छ। कक्षा ८ को अन्त्यमा पालिका स्तरीय आधारभूत तहउत्तीर्ण परीक्षा सञ्चालन गर्दै पालिकाद्वारा नै नतिजा प्रकाशन गर्ने व्यवस्था गरिएको छ।

कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम अन्तर्गत निर्माण गर्नुपर्ने स्थानीय पाठ्यक्रम निर्माण भइ नसकेको अवस्थामा कतिपय विद्यालयहरूमा अवधि भाषा शिक्षण, अङ्ग्रेजी तथा कम्प्युटर विषयलाई समावेश गरेर शिक्षण क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ।स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय रैथाने कला, ज्ञान, सिप, वातावरणीय दिगोपना, वृक्षारोपण, संरक्षण, हरित विद्यालय समुदाय, वडाको प्रवर्धनका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्ने जमर्को गरिँदै आएता पनि  हालसम्म पाठ्यक्रम निर्माण गर्न सकिएको छैन। आगामी दिनमा विश्व बजारमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक पर्ने वित्तीय साक्षरता, उद्यमशीलता सञ्चार सिप, संवेग व्यवस्थापन तथा जीवनको सिपलाई पाठ्यक्रम र अन्य माध्यमबाट प्रवर्धन गर्ने खालका विषयहरु स्थानीय पाठ्यक्रममा समावेश गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने आवश्यकता

छ। यस मायादेवी गाउँपालिकाले राष्ट्रिय पाठ्यक्रमलाई एकरुपतामा कार्यान्वयन गरेपनि केही समस्याहरू चुनौतीहरू समेत रहेका छन्। जसमा सबै विद्यालयहरूमा शिक्षक दरबन्दीको सङ्ख्या कम हुनु ,आवश्यक सङ्ख्यामा कक्षाकोठाहरू पर्याप्त नहुनु , बनाएको वार्षिक कार्य योजना अनुसार शिक्षक अभावको कारण समयमा शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न नहुन अर्थात् कोर्स पुरा नहुनु, शिक्षण सामग्रीहरूको प्रयोग पर्याप्त नहुनु , तालिममा सिकेका ज्ञान, सिपको कक्षा शिक्षणमा प्रयोगको कमी, शिक्षक पेसागत सहायता तथा पृष्ठपोषण आवश्यकता अनुसार नहुँनु,विद्यालयको आवश्यकता अनुसार विद्युत, खानेपानी, शौचालय, विद्यालय घेराबार, खेलमैदान र सामग्रीहरू आदिको पर्याप्त उपलब्धता नभएका कारण राष्ट्रिय पाठ्यक्रममा राखिएका सबै उद्देश्यहरु प्राप्त गर्नको लागि समस्याहरू देखिएको पाइन्छ।

**४.१.३ उद्देश्यहरुः**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु,
२. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु,
३. सिकाइ दैनिक जीवनसँग अन्तर सम्बन्धीत गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
४. स्थानीय र आधुनिक परिवेश अनुरुपका शिक्षण सिकाइद्धारा सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
५. निरन्तर, आवधिक तथा स्तरीकृत मुल्याङ्कनमा आधारित भई सिकारुको मूल्याङ्कनको व्यवस्था गर्नु,
६. शिक्षण सिकाइलाई नतिजा सँग जोडि उत्पादनमुखी बनाउदै लैजाने,
७. अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गर्न विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई क्षमता अभिवृद्धि गर्नु,
८. विद्यार्थीमा रचनात्मक तथा विश्लेषणात्मक क्षमताको विकास गर्न मूल्यांकन प्रणालीमा परिजोजना कार्यलाई प्रभावकारी बनाउनु,
९. डिजिटल पाठ्यसमग्रीको प्रयोगलाई प्रभावकारी बनाउनु,

**४.१.४ रणनीतिहरुः**

१. पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधिकरण गरी सोही अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने छ,
२. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ,

३. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गर्दे यसको डिजिटल प्रयोगलाई प्रभावकारी तरिकाले व्यवस्थापन गरीने छ,
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गरीने छ,
५. विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरीने छ । शिक्षकको पेसागत सक्षमता विकास गर्दै पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चत गरीने छ,
६. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ,
७. अभिभावकहरुलाई आफ्नो बालबालिकाको सिकाइ प्रति जिम्मेवार बनाउन अभिभावक संलग्नता तथा सहभागिता बृद्धि गरीने छ,
८. शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसंग आवद्ध गरीने छ,
९. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरीने छ,
१०. विज्ञान तथा गणित विषयको सिकाइलाई अभिवृद्धि गर्न प्रयोगात्मक, सृजनात्मक कार्यलाई जोड दिईने छ,
११. विद्यार्थीहरूको सर्वाङ्गीण पक्षको विकासका लागि अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई क्षमता अभिवृद्धिमा जोड दिईने छ,

### ४.१.५. प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार हुने छन् ।
२. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।
३. स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

<u>नतिजा तथा परिमाणात्मक लक्ष्यहरू</u>

| क स | सूचक | आधारवर्ष २०८१/८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम लागू भएको विद्यालयको सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वन गर्ने विद्यालयको सङ्ख्या | ० | ० | ० | सबै | सबै | सबै |
| ३ | एकीकृत पाठ्यक्रम अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालयहरूको सङ्ख्या | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ |
| ४ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालयको सङ्ख्या | २५ | २५ | ३० | ४० | ५० | ६६ |
| ५ | सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि भएका बिद्यालय सङ्ख्या | ८ | ८ | १३ | १८ | २५ | ३३ |
| ६ | माध्यमको रुपमा स्थानीय भाषाको प्रयोग गरी शिक्षण गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरुः

| क.स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १. | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण र विकास | पटक | १ | १ | ० | ० | ० | २ |
| २. | पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक निर्देशिका प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३. | विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरुको क्षमता विकास | सङ्ख्या | ६६ | ६६ | ६६ | ३३ | ३३ | २६४ |
| ४. | प्राविधिक धारको पाठ्यक्रम तथा पाठ्यामग्री प्रवोधिकरण | पटक | १ | ० | ० | १ | ० | २ |
| ५. | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्राणायमलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६. | मनोपरामर्श कार्यक्रम सञ्चालन | सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ |
| ८ | शिक्षक पेसागत विकास तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | ३३ | ३३ | ६६ | ३३ | ३३ | १६५ |
| ९ | निःशुल्क पाठ्यपुस्तक वितरण कक्षा ९-१२ | विद्यार्थी | २००० | २२०० | २४०० | २६०० | २८०० | २८०० |
| १० | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | | | | | | | |
| ११ | शैक्षिक सामग्री संकलन तथा निर्माण सम्बन्धी कार्यशाला | सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| १२ | अतिरिक्त र सहकार्यकलाप कार्यक्रम सञ्चालन | पटक विद्याल य | २ | २ | २ | २ | २ | २ |
| १३ | पाठ्यक्रमा आधारित शैक्षिक सामग्री प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचयः

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ शिक्षक सक्षमता तथा आवश्यकता निर्धारण गर्ने बृहत प्रारुप हो।योग्य, व्यावसायीक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिबद्ध तथा जवाफदेही शिक्षक शैक्षिक प्रणालीका खम्बा हुन ।शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरुले गर्छन भने शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा नियुक्ति गर्न सिफारिस गर्दछ। आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र स्थानीय तहकोसँगको समन्वयमा पदस्थापन गरीन्छ ।

नेपालको संविधानअनुसार सङ्घीयता कार्यान्वयन हुनुपूर्व लामो तथा छोटो अवधिका शिक्षक तालिम सञ्चालन गर्न शैक्षिक जनशक्ती विकास केन्द्र, २९ वटा शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रहरुको व्यवस्था रहेको थियो ।हाल प्रत्येक प्रदेशमा एक एकओटा गरी जम्मा सात शिक्षा तालिम केन्द्र छन् ।त्यसकारण शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन सेवाकालिन तालिम प्रदान गर्नका लागि संस्थागत संरचनाको विकास गर्नुपर्ने आवश्यकता छ ।सङ्घीय संरचना अनुसार स्थानीय तहले समेत छोटो अवधिका कस्टमाइज्ड

तालिम, सूचना प्रविधि तालिम सञ्चालन गर्दै आएकोमा स्थानीय तहमा समेत जनशक्तिको अभावले शिक्षकको पेसागत विकासमा आवश्यक ध्यान पुगेको छैन ।

शिक्षकको पेसागत विकासका लागि शिक्षक पेसागत विकास प्रारुप(परिमार्जनसहित),२०८० ले शिक्षकको पेसागत विकासका दशओटा विधिहरु विकास गरेको छ ।जसमा एक महिने सेवा प्रवेश तालिम, शिक्षक मेन्टरिङ, एक महिने प्रमाणिकरण तालिम, पाँच दिने कस्टमाइज्ड तालिम,कार्यमूलक अनुसन्धान,पाठ अध्ययन,सिकाइ सञ्जाल, स्वनिर्देशित सिकाइ, सहपाठि कक्षा अवलोकन,स्वमूल्याङ्कन रहेका छन् ।यस्ता तालिमका मोडालिटीहरुको माध्यमबाट शिक्षकको पेसागत विकासमा सहजीकरण गर्ने अवसर रहेको छ ।

शिक्षा नियमावली,२०५९ अनुसार पूर्व प्राथमिक शिक्षा/ प्रारम्भिक बाल शिक्षा/विकासमा १ जना शिक्षक, आधारभूत तहको तल्ला कक्षामा ५० जना सम्म विद्यार्थी भए न्यूनतम २ जना, ५० जना भन्दा बढी भए न्यूनतम ३ जना शिक्षक, आधारभूत तहको माथिल्लो कक्षामा न्यूनतम ४ जना शिक्षक तथा माध्यमिक तह(९-१२) मा न्यूनतम ८ जना शिक्षक नियुक्ति गर्ने व्यवस्था छ ।नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:४० , पहाडी क्षेत्रमा १:४५, तराई र उपत्यकामा १:५० कायम गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्थाः

यस गाउँपालिकामा अधिकांश विद्यालयहरुमा आधारभूत तहको तल्ला कक्षाहरुमा तोकिएको अनुपातमा दरबन्दी रहेतापनि आधारभूत तहको माथिल्ला कक्षाहरुमा र माध्यमिक तहमा अत्यन्तै न्यून तथा कतिपय विद्यालयहरुमा शून्य दरबन्दी रहेकोले पठनपाठनमा समस्या भएको साथै विद्यार्थीको सिकाइ उपलब्धिस्तर ज्यादै न्यून रहेको अवस्था छ ।यस गाउँपालिका अन्तर्गतका सबै आधारभूत र माध्यमिक तहमा तोकिएको मापदण्डको अनुपातमा शिक्षक व्यवस्थापन गर्नु ज्यादै चुनौतीपूर्ण रहेको छ ।यसका लागि सङ्घीय सरकारले दरबन्दी मिलानको कार्य स्थानीय तहलाई दिएपनि उल्लेख्य प्रगति नहुँदा दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य हुन सकेको छैन ।सङ्घीय सरकारले केन्द्रस्तरबाटै दरबन्दी बढी भएका जिल्ला तथा स्थानीय तहबाट कम भएका जिल्ला तथा स्थानीय तहमा दरबन्दी स्थानान्तरण गर्ने तथा नपुग दरबन्दी पुनर्वितरण गरी थप गर्नुपर्ने देखिन्छ ।

शिक्षक व्यवस्थापन तथा विकासको अर्को चुनौतिपूर्ण कुरा भनेको शिक्षण पेसालाई आकर्षिक पेसाका रुपमा विकास गर्न नसक्नु हो ।हाल प्रतिभावान व्यक्तिहरुलाई शिक्षण पेसामा आकर्षण Talent Hunt गर्न नसकिएको सन्दर्भमा प्रतिभावान व्यक्तिहरुलाई आकर्षक तलब सुविधा सहित शिक्षण पेसामा आकर्षण गर्नु चुनौतीपूर्ण रहेको छ ।गणित र विज्ञान विषयमा पर्याप्त जनशक्ति

उत्पादन गर्न नसकिएको र स्थायी रुपमा शिक्षक भएका व्यक्तिहरुसमेत पेसाप्रतिको विकर्षणले जागिर छोड्ने, अन्य पेशामा प्रवेश गर्ने तथा Brain Drain को समेत समस्या देखिएको छ।विद्यमान तालिम तथा पेसागत विकासका कार्यक्रमहरुले पनि शिक्षकहरुमा ज्ञान तथा सिप पूर्ण रुपमा सिकाउन सकेको छैन ।सङ्घीयता कार्यान्वयन पश्चात स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीको समेत अभाव देखिएको छ । तसर्थ शिक्षकको पेसागत विकास तथा व्यवस्थापनमा सुधार गर्न यस योजनामा कार्यक्रमहरुको व्यवस्था गरिएको छ ।

यस गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहमा रहेको विद्यमान दरबन्दीको न्यूनतालाई केही हदसम्म भएपनि व्यवस्थापन गर्न स्वयंसेवक शिक्षकहरुको व्यवस्थापन गरेको छ ।तथापी गाउँपालिकाको आफ्नो आन्तरिक स्रोतको न्यूनताको कारण आवश्यक सङ्ख्यामा शिक्षक व्यवस्थापन गर्न नसकेको साथै पारिश्रमिक न्यून हुँदा जनशक्ति टिकाउने चुनौती समेत रहेको छ ।

**मायादेवी गाउँपालिकामा रहेको शिक्षक विवरण तथा शिक्षक विद्यार्थी अनुपातः**

**सामुदायिक विद्यालयः( स्वीकृत दरबन्दी  र राहत शिक्षक मात्र)**

| तह | शिक्षक दरबन्दी | विद्यार्थी सङ्ख्या शै.स.२०८१ | शिक्षक-विद्यार्थी अनुपात |
|---|---|---|---|
| आधारभूत तहको तल्ला कक्षा(कक्षा १-५) | ९९ | ४९२१ | ४९.७० |
| आधारभूत तहको माथिल्लो कक्षा(कक्षा ६-८) | १३ | २१९१ | १६८.५३ |
| माध्यमिक तह कक्षा ९-१० | १६(प्रशिक्षक समेत) | १०३३ | ६४.५६ |
| माध्यमिक तह कक्षा ११-१२ | ६(प्रशिक्षक समेत) | ३९४ | ६५.६६ |

**सामुदायिक विद्यालय(दरबन्दी, राहत र सबै अनुदान)**

| तह | स्वीकृत दरबदी | राहत | सङ्घीय शिक्षण सहयोग अनुदान | सङ्घीय एकमुष्ठ अनुदान | गा.पा. अनुदान | जम्मा | विद्यार्थी सङ्ख्या शै.स.२०८१ | शिक्षक-विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तहको तल्ला कक्षा(कक्षा १-५) | ७२ | २७ | ० | | ३५ | १३४ | ४९२१ | ३६.७२ |
| आधारभूत तहको माथिल्लो | ६ | ७ | ६ | | ३१ | ५० | २१९१ | ४३.८२ |

| तह | स्वीकृत दरबदी | राहत | सङ्घीय शिक्षण सहयोग अनुदान | सङ्घीय एकमुष्ठ अनुदान | गा.पा. अनुदान | जम्मा | विद्यार्थी सङ्ख्या शै.स.२०८१ | शिक्षक-विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा(कक्षा ६-८) | | | | | | | | |
| माध्यमिक तह कक्षा ९-१० | १२ | ४ | ११ | | १० | ३७ | १०३३ | २७.९१ |
| माध्यमिक तह कक्षा ११-१२ | २ | ० | ० | | ४ | ६ | ३९४ | ३९.४ |
| माध्यमिक तह कक्षा ९-१२ | ८ | ० | ० | ० | ० | ८ | ११७ | १४.६२ |

**धार्मिक प्रकृतिका परम्परागत विद्यालय (मदरसा/गुरुकुल) मा** सङ्घीय सरकारबाट अनुदान उपलब्ध भएको तर विषयगत र तहगत शिक्षक व्यवस्थापन नभएको कारण यस गाउँपालिका अन्तर्गत सञ्चालित परम्परागत विद्यालयमा ६ हजार विद्यार्थीहरु अध्ययनरत रहेकोमा हाल नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु भई पठनपाठन भएका र मूलधारमा आइसकेकाले सङ्घीय सरकारले एकमुष्ठ वार्षिक अनुदान उपलब्ध गराएकोमा सो अनुदान रकमले आवश्यक सङ्ख्यामा शिक्षक व्यवस्थापन गर्न समस्या परेको साथै परम्परागत विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुका लागि हालसम्म कुनैपनि तहको सरकारले शिक्षकको पेसागत विकासमा खासै चासो नदिएको सन्दर्भमा यो शिक्षा योजनाले त्यस्ता विद्यालयका शिक्षकहरुको पेसागत सहयोगमा आवश्यक सहजीकरणका लागि समेत कार्यक्रमहरु समावेश गरेको छ । यसले समग्र पालिकाको शैक्षिक विकास तथा गुणस्तर सुधारमा सहयोग गर्ने अपेक्षा राखिएको छ।

### ४.२.३ उद्देश्यहरुः

१. शिक्षकको तहगत, कक्षागत तथा विषयगत रुपमा व्यवस्थापन गर्नु,
२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउने,
३. शिक्षक विकास तथा निरन्तर पेसागत सहयोग प्रणाली स्थापना गर्नु,
४. सुपरिवेक्षण र शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेसाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु,
५. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु,

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
२. रिक्त दरबन्दीमा विद्यार्थीको सिकाइमा क्षति नहुने गरी शिक्षकको व्यवस्थापन गर्ने,
३. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ, प्रदेश तथा अन्य सङ्घसंस्थासँगको समन्वयमा शिक्षण सिप तथा कौशल विकास लगायतका विषयमा सेवाकालीन तथा पुनर्ताजगी तालिम सञ्चालन गर्ने,
५. शिक्षकको क्षमता विकासको लागि कार्यमूलक अनुसन्धानमा जोड दिने,
६. अन्तर विद्यालय अवलोकन, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरुको प्रयोगको लागि शिक्षक भ्रमण, गोष्ठी, सेमिनार तथा अन्य संस्था/ निकायसँग भगिनी सम्बन्ध स्थापनामा जोड दिने,
७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
८. शिक्षकहरुको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धीत गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
९. विद्यालय, विद्यार्थी सङ्ख्या र विषयगत आधारमा पालिकाबाट शिक्षक व्यवस्थापन गर्ने,

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

<u>उपलब्धि</u>

१. विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।
३. सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ ।

<u>नतिजा तथा परिमाणात्मक लक्ष्य</u>

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | २०८६ /८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | २०८६ /८७ |
|---|---|---|---|---|---|---|---|
| | सहजकर्ताको सङ्ख्या | | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | |
| ४ | शिक्षक पेसागत विकास तालिम प्राप्त शिक्षकहरुको प्रतिशत | ६५ | ७० | ८० | ९० | १०० | |
| ५ | शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण हुने बिद्यालय सङ्ख्या | ३३ | ३० | ३० | ३० | ३० | |
| ६ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक प्रतिशत | ५१ | ६० | ७५ | ८५ | १०० | |

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षक तलब भत्ता निकासा( सबै तह र प्रकारका शिक्षक र विद्यालय कर्मचारी समे) | सङ्ख्या | २३८ | २३८ | २३८ | २३८ | २३८ | २३८ |
| २ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ३ | कार्य सम्पादनमा आधारित प्रोत्साहन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ४ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | |
| ५ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ-संजाल बनाउने | वटा | १ | १ | १ | १ | १ | ५ |
| ६ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ७ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० |
| ९ | मागमा आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ |
| १० | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | ० | १ | ० | १ | |
| ११ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलब्धिमा सुधार ल्या उने | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १२ | एकीकृत पाठ्यक्रम लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको ब्यवस्था | जना | ६९ | ६९ | ६९ | ६९ | ६९ | ४१४ |
| १३ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको ब्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | जना | ८८ | ८८ | ८८ | ८८ | ८८ | ४४० |

## ४.३ शैक्षिक समता र समावेशीकरणः

### ४.३.१ परिचयः

अवसर प्राप्त गर्न नसकी समाजको मूलधारबाट पछि परेका व्यक्ति तथा समुदायलाई सकारात्मक विभेदको आधारमा सामाजिक मूलधारमा समाहित गर्ने प्रक्रिया नै समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता गर्न प्राय असहज भएकोले, पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बीच गरीने असमान व्यवहार नै शैक्षिक समता हो । शैक्षिक समता गन्तव्य नभई एउटा माध्यम मात्र हो । यसको मुख्य उद्देश्य समाजमा समानता स्थापना गर्नु रहेको छ। हाम्रो देशको संविधानले सबैले शिक्षा पाउने हक सुनिश्चित गरेको छ । नेपाल सङ्घीय राज्य व्यवस्थामा प्रवेश गरीसकेपछि कानूनको रुपमा राष्ट्रिय शिक्षा नीति २०७६ ले समता र समावेशी शिक्षालाई प्रथमिकतामा राखेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले पनि व्यक्तिको कुनै पनि कारणले शिक्षा प्राप्त हुने अवसरबाट बन्चित हुन नपर्ने व्यवस्था गरेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनुका कारणहरु पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

मायादेवी गउँपालिका एउटा विविधताले भरिपूर्ण पालिका हो । यस क्षेत्रमा यादव, हरिजन, पाण्डेय, लोनिया, धोवी, मुसलमान, कुर्मी, थारु, विश्वकर्मा आदि लगायतका थुप्रै जातजातिहरुको वसोवास रहेको छ ।समग्रमा महिलाहरूको जनसङ्ख्या यस गाउँपालिकामा बढी छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ ।

मायादेवी गाउँपालिका अन्तरगत धेरै जसो हिन्दु र इस्लााम धर्म मान्ने मानिसहरु वसोवास । यो पालिका वहुजातिय, वहुभाषिक, वहुधार्मिक, बहुसांस्कृतिक पालिका हो । धेरैजसो मानिसहरु दलित, गरिब, असहाय, कमजोर रहेको र अशिक्षाको कारण आफ्ना बालबालिकाहरुलाई शिक्षा दिक्षामा धेरै चाँसो नराखु समस्याको रुपमा रहेको छ । धेरैजसो मानिसहरु मातृभाषा अवधी बोल्ने गर्छन् । यस गाउँपालिकामा समुदायिक, संस्थागत, धार्मिक विद्यालय भएता पनि केही बालबालिकाहरु आफू शिक्षा हासिल गर्न वाट वन्चित पनि छन । यस गाउँपालिकामा विभिन्न सङ्घसंस्था र मायादेवी गाउँपालिकाको समन्वयमा दलित तथा कमजोर वालवालिकालाई समय समयमा विभिन्न शैक्षिक सामग्रीहरु वितरण गरी राखेको अवस्था छ ।

### ४.३.३ उद्देश्यहरुः

१. लक्षित समूहका बालबालिकाहरुको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाहरुको सिकाइ सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धिमा सुधार गर्नु,
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुँने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिती, सहभागिता र सिकाइ सहज हुने वातावरण तयार गर्नु,

४. विविधता,समता, एवम समावेशी शिक्षाका मुल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको क्षमता विकास गर्नु,
५. शिक्षण सिकाइ क्रियाकलाप लगायत पाठ्यक्रम, पाठ्यपुस्तक जस्ता प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई वालमैत्री बनाउनु,
६. समता कायम गर्न विद्यालय, स्थानीय तह र विभिन्न सरोकारवाला सङ्घसंस्थाहरुबीच समन्वय गर्नु,

### ४.३.४ रणनीतिहरु

१. आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्ग बालबालिकाहरुको पहिचान गरी सिकाइ अवसरमा सहभागि हुने व्यवस्था गर्ने,
२. आधारभूत तहमा स्थानीय मातृभाषा, संस्कृति तथा वहुभाषाको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने,
३. आवश्यकता अनुसार लक्षित समूहका विद्यार्थीहरुलाई विभिन्न किसिमको छात्रवृत्ति प्रदान गर्ने,
४. विद्यालयमा कुनै किसिमको विभेद नहुने वातावरण सृजना गर्ने,
५. सबै विद्यालयहरुमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माणमा समन्वय र सहकार्य गर्ने,
६. सिकाइलाई जिवनोपयोगी सिपसँग आवद्ध गर्ने,
७. विद्यालयमा हुने विभिन्न विभेदहरुको अन्त्य गर्न जागरणका कार्यक्रम गर्ने,
८. समतामूलक सिकाइका लागि विश्वव्यापी ढाँचा (यु.डि.एल.)को प्रयोग गर्ने,
९. विभिन्न किसिमका विभेदहरुको न्यूनीकरणका लागि सुरक्षा निति, लैङ्गिक संपर्क व्यक्ति तथा गुनासो सुनवाइ संयन्त्र निर्माण गर्ने,
१०. विद्यार्थीहरूलाई खासगरी छात्राहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन, निरीक्षण तथा अनुसन्धान गरी प्राप्त परीणामलाई आवश्यक कार्यान्वयन गरीने छ,
११. विभिन्न सङ्घसंस्था, निकाय र कार्यालयहरूका बीच आपसी समन्वय विकास गर्दै बालबालिकाहरुको समता विकासको लागि कार्यक्रम बनाई कार्यान्वयनमा जोड दिने,

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र. स. | सुचक | आधार वर्ष २०८१।०८२ | २०८१।०८२ | ०८२। ०८३ | ०८३। ०८४ | ०८४। ०८५ | ०८५। ०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क | १ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क | १ | १ | १ | १ | १ | १ |
| ३ | अपाङ्गता, गरीब तथा विपन्न, अभिभावकबिहिन, बेसहारा बालबालिकाहरुको अभिलेख अद्यावधिक गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | लक्षित समूह विपन्न लक्षित छात्रवृती प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ५ | आधारभूत तहमा छात्रा तथा दलित छात्र र अपाङ्ग छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | ६६७२ | ६६७२ | ६८०० | ७००० | ७२०० | ७५०० |

## ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षाको अवसरवाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक अवश्यक्ता | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गरीने | | | | | | | |
| २ | बलबालिकाको पहिचान गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रवन्ध मिलाइने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | बालबालिकाको सिकाइ आवश्यक्ता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशिकरणका विषयवस्तुलाइ समावेश गरीने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | गाउँपालिकामा व्यक्तिको अवस्था र सिकाइ आवश्यक्ता पहिचान गर्ने गरी संयन्त्रको विकास गरीने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय वाहिर रहेका सबै | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बाललबालिकाहरु लाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्त्रता सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन | | | | | | | |
| ६ | लक्षति समूहका विद्यार्थीहरुको छात्रवृति | सङ्ख्या | ६८०० | ६९०० | ७००० | ७२०० | ७४०० | ३५३०० |
| ७ | लैङ्गिक संपर्क व्यक्ति र गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | ८८ | ८८ | ८८ | ८८ | ८८ | ८८ |
| ८ | लैङिगक सञ्जाल निर्माण गरी बालबिवाह, जातिय विभेद, लैङिगक हिंसा आदी विषयमा सचेतना मुलक कार्यक्रमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० |
| १० | शिक्षामा समता र समावेशीकरणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घस्थाहरुबीच समन्वय, बैठक र अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचयः

स्वास्थ्य र शिक्षा एकआसमा अन्योन्याश्रित विषय हुन। विद्यालय जाने उमेरका बालबालिकाहरूको स्वास्थ्य र शिक्षाको स्तर सुधार गर्ने जिम्मेवारी पनि विद्यालयको हो। हाम्रो देशमा स्वास्थ्य र सरसफाइको कमी र कुपोषणले गर्दा बाल मृत्युदर उच्च छ । बालरोगको उच्च सङ्क्रमणले विद्यालय जाने उमेरका बालबालिकाको शिक्षा र स्वास्थ्यमा नकारात्मक असर परेको छ । स्वस्थ वातावरणले बालबालिकाहरूको शारीरिक, मानसिक र संवेगात्मक विकासमा सुधार गर्नका साथै शिक्षा र स्वास्थ्यको लक्ष्य हासिल गर्न मद्दत पुऱ्याउँछ । सबैका लागि शिक्षा र सबैका लागि स्वास्थ्य जस्ता राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न एकीकृत रुपमा विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम सञ्चालन गर्न अति आवश्यक छ। यी कार्यक्रमहरूको दिगो र उपलब्धिमूलक बनाउन पनि जरुरी छ। सबै नागरीकहरूको स्वास्थ्य स्थितिमा सुधार गर्ने दायित्व सरकारको हो। यसका लागि सरकार प्रतिबद्ध रहेको छ । सन् २००८ पछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शिक्षा मन्त्रालयको उच्चस्तरीय समितिको विभिन्न बैठकमा चरणबद्ध रुपमा छलफल हुँदा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनको लागि एकीकृत कार्य योजनाको आवश्यकता महसुस गरीयो । जाइकाको सहयोगमा चार वर्ष अवधिको संयुक्त कार्ययोजना दुवै मन्त्रालयका पदाधिकारीको सहभागितामा २००८ अक्टोबर महिनामा जापानमा भएको कार्यशाला गोष्ठीमा आधारित भएर एकीकृत रुपमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनमा ल्याइयो । यस कार्ययोजना तयार गर्नका लागि विद्यालय स्वास्थ्य तथा पोषण सञ्जाल को समेत सहयोग प्राप्त भएको थियो। परीक्षणको रुपमा केही जिल्लामा यो योजना सञ्चालन गरी प्रभावकारी परिणाम प्राप्त भएपछि हाल स्वास्थ्य सेवा विभाग र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम देशभरि कार्यान्वयन गरी विद्यालयका बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक तथा शैक्षिक स्थितिमा सुधार गर्ने लक्ष्य लिएको छ । त्यसै अनुरूप हाल देश सङ्घीय संरचनामा गइसकेको अवस्थामा विभिन्न स्थानीय तहहरूले आफ्नो तहका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई स्वास्थ्यको कारणले सिकाइमा समस्या नआओस् भन्ने उद्देश्यले विद्यालय स्वास्थ्य कार्यक्रम लागू गरेका छन् । नेपाल सरकारको निर्णयअनुसार कक्षा ५ सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ। विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सीमान्तकृत, पछाडि परेका वर्ग, भौगोलिक विकटता भएका क्षेत्रहरू विद्यालय छोड्ने दर बढी भएका र विद्यालयमा कम विद्यार्थी भर्ना भएका क्षेत्रहरूलाई मध्यनजर गरी प्राथमिकताको आधारमा विद्यालय स्वास्थ्य कार्यक्रम तथा पोषण आधारभूत प्याकेजमा तोकिएका सबै क्रियाकलापहरु

कार्यान्वयन गर्ने योजना सुरुका वर्षहरुमा ल्याइएकोमा हाल देश भरिका  सामुदायिक विद्यालयहरुमा सञ्चालनमा ल्याइएको छ।

**४.४.२ वर्तमान अवस्थाः**

मायादेवी गाउँपालिकाका सामुदायिक विद्यालयका बालबिकास देखि कक्षा पाँचसम्मका ११०९६ जना विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको छ। दिवा खाजा व्यवस्थापनको लागि विद्यालयमा नै दिवा खाजा तयार गरी खुवाउने व्यवस्था गर्ने र विद्यालयलाई दिवा खाजाका लागि रकम उपलब्ध गराउने साथै कक्षा छ देखि माथिका बालबालिकाहरूलाई घरबाट खाजा ल्याउन प्रोत्साहन गर्ने गरिएको छ । स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खानाहरूलाई दिवा खाजामा समावेश गर्ने र यसको अभिलेखन र प्रतिवेदन तयार गर्ने गरिएको छ। यसबाट विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार आएको, विद्यालयमा नियमित उपस्थितिदर बढेको र सिकाइ उपलब्धिमा सुधार आएको पाइन्छ ।

विद्यालयमा सञ्चालित स्वास्थ्य कार्यक्रमका लागि प्राथमिक उपचारको प्रबन्धको  साथै जुकाको औषधि, किशोरीहरुका लागि फोलिक एसिड, आइरन चक्की खुवाउने काम, बालबालिकाको स्वास्थ्य परीक्षण (उमेर अनुसारको तौल उचाइ दृश्य क्षमता ) गर्ने काम समयसमयमा भइरहेको छ। विद्यार्थी स्वास्थ्य सूचीसहितको हाजिरी रजिस्टरको प्रयोग अनिवार्य गरिएको छ। किशोर किशोरीहरूलाई बृहत्तर यौनिकता शिक्षा र महिनावारीको समयमा परामर्श र निःशुल्क सेनेटरी प्याड वितरण गरिएको छ। शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका शाखा लगायतका सरकारी तथा गैरसरकारी सङ्घ संस्थासँग समन्वय गरी विद्यार्थीको स्वास्थ्य रक्षा र पोषणको लागि आवश्यक पहलकदमी अगाडि बढाइएको छ। विद्यालयमा स्वच्छ पिउने पानी सरसफाई र स्वास्थ्य शिक्षाका कार्यक्रमले विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार भई सिकाइ अभिवृद्धि लैङ्गिक समानता को निर्वाह तथा किशोरीहरूको विद्यालय छाड्ने दरमा कमी आउनुको साथै परिवार र समुदायको परिवर्तनको सम्भागको रुपमा भूमिका निर्वाह गर्न सक्छन् भन्ने उद्देश्यले विद्यार्थीमा स्वास्थ्य र सरसफाई सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ। यस कार्यक्रमले विद्यालय जीवनबाट वास्तविक जीवनमा प्रवेश गरेपछि पनि लामो समयसम्म स्वस्थ र सुरक्षित जीवनयापन गर्न मद्दत मिल्ने देखिन्छ।

विद्यालयमा सरसफाई तथा स्वच्छता को लागि कक्षागत सरसफाई तथा विद्यालय प्राङ्गण सरसफाई गर्ने पालो निर्माण गरी आफ्नो सरसफाई आफ्नै जिम्मेवारी भन्ने अभियानका साथ कक्षा कोठा तथा विद्यालय सरसफाई कार्यक्रमलाई अगाडि बढाइएको छ। विद्यालयमा खानेपानी व्यवस्थापनका ह्याण्डपम्पको प्रयोग गरिएको छ ।

बालबालिकाहरुलाई वितरण गरिएको दिवा खाजा गुणस्तरीय युक्त बनाउनु पर्ने र उनीहरूको आवश्यकता अनुसारको खाजाको मात्रा वितरण गर्नुपर्ने कुरा चुनौतीपूर्ण रहेको छ। दिवा खाजामा प्रयोग गर्ने सामग्रीहरू स्थानीय उत्पादनमा आधारित बनाउनुपर्ने तथा दिवा खाजा खाँदा विद्यार्थीको हात हुने बानी र प्रयोग गर्ने भाडाहरु को सरसफाइको समस्या रहेको छ। विद्यार्थीको उपस्थितिको आधारमा मात्र खाजा वितरण गरीने भएको हुनाले दैनिक उपस्थिति लिएर मात्र खाजाको तयारी गर्दा समय व्यवस्थापनमा चमेनागृहलाई केही समस्या भोग्नुपरेको छ । सङ्घीय सरकारबाट हाल दिवा खाजाको लागि प्रति विद्यार्थी छुट्याइएको रकम न्यून रहेको छ । भौतिक सुविधाको पर्याप्तता नरहेको अवस्थामा विद्यार्थीहरूलाई विद्यालयमा खाजा खाने छुट्टै कक्ष बनाउनुपर्ने आवश्यकता थपिएको छ। हात धुने स्थानको प्रबन्ध र सफाई सामग्रीको व्यवस्था गर्नुपर्ने पनि दायित्व थपिएको छ। विद्यालय परिसर र कक्षाकोठाको दैनिक सरसफाईका लागि सरसफाई सामग्री लगायत फोहोर व्यवस्थापन को योजना बनाउनुपर्ने आवश्यकता रहेको छ।

### ४.४.३ उद्देश्य

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरुलाई दिगो र प्रभावकारी ढङ्गले व्यवस्थित गर्ने,
२. सबै माध्यमिक विद्यालयहरुमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने,
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने,
४. विद्यालय खाजा तथा विद्यालय स्वास्थ्य सम्बन्धी सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न,
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने,
७. कार्यक्रमलाई प्रभावकारी ढङ्गले अनुगमन गर्ने ।

### ४.४.४ रणनीतिहरुः

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने,
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पूर्वाधार विकास गर्ने,
३. आवश्यक सरसफाइको प्रबन्ध गरी स्वच्छता मैत्री विद्यालय निर्माण गर्ने,

४. दिवा खाजाका लागि स्थानीय कृर्षि उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने,
५. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि सम्बद्ध निकाय तथा सङ्घसंस्थाहरुसँग आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,
६. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउने,
७. स्थानीय स्तरमा सबै सरोकारवालाहरुलाई पोषण र स्वच्छता सम्बन्धी सचेतीकरण गर्ने,

### ४.४.५ समस्या तथा चुनौतीहरू

१. दिवा खाजाका लागि न्यून रकमको उपलब्धता,
२. स्थानीय स्तरमा सबै सरोकारवालाहरुलाई पोषण र स्वच्छता सम्बन्धी सचेतीकरण गर्न नसकिनु,
३. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु,
४. दिवा खाजा व्यवस्थापनका लागि मानव स्रोत तथा आबश्यक भौतिक सामग्रीको व्यवस्था गर्न नसकिनु,
५. दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोड्न नसक्नु,
६. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई नीतिगत तथा कार्यक्रमगतरुपबाट बहुक्षेत्रीय पक्षसंग समन्वय गरी प्रभावकारी बनाउन नसक्नु,

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै सरसफाइ र स्वच्छ पिउनेपानी प्रति सचेत भएका हुनेछन् ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र स | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खोप प्राप्त बालबालिकाको प्रतिशत | | | | | | |
| २ | दिवा खाजा प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | ११०६९ | १२४८६ | १२७८६ | १३०८८ | १३३९३ | १३७५० |
| ३ | विद्यालयद्वारा प्रदान गर्ने दिवा खाजा प्राप्त गर्ने कक्षा | बा.वि.-कक्षा ५ | बा.वि.-कक्षा ५ | बा.वि.-कक्षा ५ | बा.वि.-कक्षा ५ | बा.वि.-कक्षा ५ | बा.वि.-कक्षा ५ |
| ४ | वार्षिक रुपमा विद्यार्थी नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ८ | ८ | २० | ३० | ५० | ७६ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयको सङ्ख्या | ८५ | ८५ | ८५ | ८५ | ८५ | ८५ |
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालयको सङ्ख्या | ० | ० | १ | १ | २ | ३ |
| ७ | विद्यालय परिसर हरित वातावरणयुक्त भएको विद्यालयको सङ्ख्या | ५ | ५ | १५ | २५ | ४० | ४५ |
| ८ | महिनावारी व्यवस्थापन सुविधासहित चेन्जींग रूम सहित परामर्श कक्ष समेत भएका विद्यालय सङ्ख्या | १ | १ | २ | २ | ३ | ५ |
| ९ | प्राथमिक उपचार बाकस (सामग्री सहित) भएका विद्यालयको सङ्ख्या | १८ | १८ | ३३ | ६६ | ८४ | ८४ |
| १० | प्राथमिक उपचार सहायता कक्ष भएका विद्यालय सङ्ख्या | २ | २ | ५ | १० | १५ | २५ |

## ४.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध (बालविकास देखि कक्षा ५) | विद्यार्थी | १२४८६ | १२७८६ | १३०८८ | १३३९३ | १३७५० | ६५५०३ |
| २ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ३ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | सङ्ख्या | ३१७७ | ३३६७ | ३५०३ | ३६७८ | ३८८२ | १७६०७ |
| ४ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | विद्यालय | १८ | १५ | ३३ | १८ | ० | ८४ |
| ५ | माध्यमिक विद्यालयमा नर्सिङ सेवा तथा सुविधा | विद्यालय | ० | १ | १ | १ | १ | ४ |
| ६ | विद्यालय परिसर हरित वातावरणयुक्त | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ७ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | २ | २ | २ | २ | २ | २ |

## ४.५ विद्यालय सुरक्षा, विपद्, न्यूनीकर्ण तथा उत्थानशीलता

### ४.५.१ परिचयः

विद्यालय सुरक्षा एक महत्वपूर्ण पक्ष हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षण गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न आवश्यक छ । विद्यालय सुरक्षा भित्र भवनको सुरक्षा, आपतकालीन योजनाहरू, विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन । नेपालमा प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानूनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश हुँदै आए पनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन । प्राकृतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देखापर्ने विपद्का कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुग्न सक्ने अवरोधबाट बालबालिकाको सिकाइमा हुन पुग्ने क्षतिलाई व्यवस्थापन गर्न विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रममा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतालाई प्राथमिकता दिंदै कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा तथा विभेद लगायतका गैर संरचनात्मक विपद एवम् जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाइ केन्द्रको रुपमा विकास गर्ने उल्लेख छ ।

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द विस्थापन र बसाइसराइका कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वयन गर्नुपर्ने अवस्था छ । यसका साथै आपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ आपूरण तथा द्रुत सिकाइ

योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ ।

### ४.५.२ वर्तमान अवस्थाः

मायादेवी गाउँपालिकामा विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताको अवस्थाको विश्लेषण गर्दा विद्यालय पूर्वाधारको अवस्था जोखिमपूर्ण, बालबालिका कक्षा कोठा सबैका लागी असुरक्षित वातावरणको अवस्थामा रहेका छन् । विभिन्न विपद् एवं विनाशकारी भू-कम्पबाट प्रभावित विद्यालय र बालबालिकाको सङ्ख्या, व्यवस्थापनका लागी राष्ट्रिय तथा स्थानीय तहवाट गरिएको कार्यगत प्रयासहरु पर्याप्त एवं प्रभावकारि भएका छैनन् । हावाहुरी, आगलागी, हैजा, झाडापखाला, चट्यङ, अविरल वर्षा कोभिड-१९ लगायतका महामारीबाट यस पालिकाका विद्यालयहरु प्रभावित भएका छन्। यस प्रकारका विपद् तथा महामारीको समयमा त्यसको व्यवस्थापनका लागि राष्ट्रिय, अन्तराष्ट्रिय सङ्घसंस्था तथा स्थानीय तहबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन् । स्थानीय तह र विभिन्न सङ्घसंस्थाहरुको सहयोगमा विद्यालयहरुले विपद् प्रतिकार्य योजना निर्माण गरेका तथा बृहत् विद्यालय सुरक्षाका कार्यक्रमहरु सञ्चालन भएका छन्। आपत्कालिन परिस्थितिमा शिक्षण कार्यलाई निरन्तरता दिन राष्ट्रिय स्तरमा रेडियो तथा टेलिभिजन तथा सिकाइ चौतारीमार्फत कक्षाहरु सञ्चालन गरी सहजीकरण गरेको र पालिकास्तरबाट स्वअध्ययन सामग्री तथा विभिन्न सङ्घसंस्थाहरुको सहयोगमा टोल शिक्षा तथा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजनाका कार्यक्रमहरु सञ्चालन भएका छन् ।

### ४.५.३ उद्देश्य

१. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
२. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु,
३. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

### ४.५.४ रणनीति

१. विपदको समयमा सिकाइ निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,
२. सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने,

३. कोभिड १९ लगायतका महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
४. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
५. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने,
६. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
७. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
८. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने,
९. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय बिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निम्ति आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने,

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

<u>उपलब्धि</u>

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

<u>नतिजा तथा परिमाणात्मक लक्ष्य</u>

| क्रसं | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

| क्रसं | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | | | | | | |
| २ | हरित विद्यालय कार्यढाँचा बमोजिम योजना निर्माण | विद्यालय | ० | ५ | १५ | २५ | ३५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ४ | विद्यालयमा आपतकालिन कोषको स्थापना | विद्यालय | ० | ५ | १० | १५ | २० |
| ५ | अपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि वैकल्पिक व्यवस्था अनुसारको सिकाइ क्रियाकलाप सञ्चालन | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

## ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति, कार्यविधि निर्माण तथा पुनरावलोकन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | बृहत विद्यालय सुरक्षा सम्बन्धी शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ४ |
| ५ | स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) तथा आवश्यक संयन्त्रको निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालय विपद उत्थानशील योजना | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | |

### *४.६ विद्यालय भौतिक पूर्वाधार विकास*

### *४.६.१.* परिचयः

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित खेल्नका लागि खेलमैदान, पढ्नका लागि कक्षाकोठा सफाइ, पिउनका लागि स्वचछ पानी र शौचका लागि शौचालय जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । हुन्।एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरुमा भवन ,फर्निचर ,कक्षाकोठा , प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्णमा भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयहरुलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

### ४.६.२ वर्तमान अवस्थाः

विद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, पालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ । विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी सङ्घसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरीक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ | यस गाउँपालिकामा ३३ ओटा सामुदायिक विद्यालयहरू र ३३ धार्मिक विद्यालयहरुमध्ये केही विद्यालयमा भवन र कक्षाकोठा पर्याप्त भएतापनि धैरै विद्यालयमा अझैपनि अभाव देखिन्छ । अधिकांश विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेका छैनन्। कक्षा अनुसारको कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्ष जस्ता सुविधाहरू अझै नपुग देखिन्छ । कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था समेत छैन । पुस्तकालयका लागि फर्निचर, प्रयोगशाला सामग्रीको अभाव छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन । भौतिक पूर्वाधार

सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरीए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन ।

पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरू अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरू विद्यमान छन् ।

**यस गाउँपालिका भित्र रहेका सामुदायिक तथा धार्मिक विद्यालयहरुको भौतिक संरचनागत विवरणः**

| जम्मा विद्यालय | भवन किसिम | | जम्मा कक्षा कोठा | | अपुग कक्षा कोठा | मर्मत गर्नुपर्ने | विस्थापित गर्नुपर्ने | पुस्तकालय | विज्ञान प्रयोगशाला | आई. सि.टी. प्रयोगशाला |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर.सि.सी. ढलान | टिनको छाना | आर.सि.सी. ढलान | टिनको छाना | | | | | | |
| ६६ | २७ | ३९ | १३६ | १५६ | १०७ | ५५ | १५६ | ३ | ६ | ८ |

### ४.६.३ उद्देश्यहरुः

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास मर्मत संभार तथा सबलीकरण गर्नु,
३. जलबायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart infrastructure बनाउन परामर्श गर्नु,
४. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेहीं प्रणालीको विकास गर्नु,
५. भौतिक पूर्वाधारका हिसाबले शैक्षिक संस्थाहरुलाई अभावमुक्त बनाउनु,

### ४.६.४ रणनीतिहरुः

१. भौतिक पूर्वाधार विकासका लागि विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने,
२. एक विद्यालयमा भौतिक पूर्वाधारका विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने,
३. विद्यालयको पूर्वाधार विकासका लागि सङ्घ , प्रदेश र स्थानीयतहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने,
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने,
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने,
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने,
८. विद्यालयमा जस्तापाताले छाएका भवनहरु विस्तापित गर्दै लैजाने,
९. विद्यालयको कक्षाकोठालाई रङ्गरोगन सजावट गरी सिकाइमैत्री बनाउने,

### ४.६.५ प्रमुख उपलब्धि र नतिजाः

<u>उपलब्धिः</u>

सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक सुविधा सहितको वातावरणमा विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

<u>नतिजा तथा परिमाणात्मक लक्ष्यः</u>

| क्रसं | सूचक | एकाइ | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा भौतिक पूर्वाधार निर्माण | कक्षा कोठा | १३६ | १६ | १६ | १६ | १६ | १६ | ८० |
| २ | मर्मत सम्भार | कक्षा | ० | ० | १५ | १५ | १५ | १० | ५५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | कोठा | | | | | | | |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | कक्षा कोठा | ० | ० | ४ | ४ | ४ | ४ | |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | सङ्ख्या | ३ | ३ | ४ | ४ | ४ | ४ | |
| ५ | बाढी लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | ० | ० | ४ | २ | १ | १ | |

### ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | विद्यालयमा भौतिक पूर्वाधार निर्माण | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | ८० |
| २ | विद्यालयको रङ्गरोगन तथा सबलीकरण | सङ्ख्या | ० | ३ | ५ | ७ | १० | २५ |
| ३ | मर्मत सम्भार गर्नुपर्ने कोठा | सङ्ख्या | ० | १० | १५ | १५ | १५ | ५५ |
| ४ | विद्यालयमा नयाँ फर्निचर निर्माण तथा मर्मत सम्भार | कक्षा कोठा सङ्ख्या | ० | १० | १५ | २० | १५ | ६० |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | शौचालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ६ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजुसूची भर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | बाउण्ड्रीवाल निर्माण | विद्यालय सङ्ख्या | ० | ५ | ५ | ७ | १० | २७ |
| ८ | स्वच्छ पिउने पानी तथा सरसफाईको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | ८ | ११ | १४ | १४ | ४७ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचयः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधि भन्नाले कम्प्युटर, ईमेल, ईन्टरनेट आदिको उपयोग गरी सिकाइलाई प्रभावकारी बनाउने कार्यलाई जनाउँदछ । आजको विश्व सूचना प्रविधिले एउटा स्मार्ट ग्राम जस्तै बनीरहेको र २१औं शताब्दीका बालबालिकालाई प्रविधिसँग सूसूचित गराउन पाठ्यक्रम तथा मूल्याङ्कनमा समेत समावेश गरी प्रविधि सम्बन्धी सक्षमता हासिल गर्न विद्यालय शिक्षामा यसको प्रयोग अपरिहार्य छ । यसले विद्यालयको पठनपाठन, व्यवस्थापन र समग्र शैक्षिक सुधारमा योगदान पुराउँदछ । सूचना र सञ्चारको प्रभावकारी प्रयोगले शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाला बीच सुसम्बन्ध कायम गर्न मद्दत पुऱ्याउँदछ । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सूचना तथा सञ्चार प्रविधि बारेमा सिकाइ (Learning about ICT), सूचना तथा सञ्चार प्रविधिको सहयोगले सिकाइ (Learning with ICT) र सूचना तथा सञ्चार प्रविधिको साथसाथमा सिकाइ (Learning through ICT) को माध्यमबाट गर्न सकिन्छ ।

नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्त अर्न्तगत धारा ५१ को ज१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायियक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उद्देश्य लिएको छ। शिक्षाको राष्ट्रिय नीति २०७६ को धारा ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा सबैको पहूँच पुर्याउने नीति

निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको आवश्यकता हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन रोजगार लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने तथ्यलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ। आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी विद्यार्थीहरुलाई शिक्षण गरी सिकाइलाई प्रविधिमैत्री बनाउनु हो यसरी सिकाइलाई सूचना प्रविधिसँग जोड्दा कोभिड–१९ जस्तै अन्य माहामारीमा समेत सूचना प्रविधिलाई प्रयोग गरी पठनपाठन र सिकाइलाई निरन्तरता दिन सकिन्छ । शिक्षक सक्षमता प्रारूप, २०७२ अनुसार उल्लेख गरीएका सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सक्षमता हासिल गर्न समेत वर्तमान अवस्थामा नेपालको विद्यालय शिक्षामा यसको प्रयोग अपरिहार्य देखिएको छ।

### ४.७.२. वर्तमान अवस्थाः

मायादेवी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा सङ्घ, प्रदेश, गाउँपालिका तथा अन्य गैरसरकारी संस्थाको अनुदानमा ८ वटा सामुदायिक माध्यमिक विद्यालयमा ICT ल्याब व्यवस्थापन भई प्रयोगमा रहको, नमुना विकासका लागि छनौट भएको विद्यालय र प्राविधिक धार सञ्चालित विद्यालयमा स्मार्ट बोर्ड तथा कम्प्युटर ल्याव व्यवस्थित रुपमा सञ्चालनमा रहेका तथा आधारभूत विद्यालयहरुमा समेत स्मार्ट बोर्ड/टि.भि.जडान भई प्रयोगमा रहेका छन् । तथापी विद्यालयमा सूचना प्रविधिको प्रयोग गर्ने जनशक्तिको अभाव, लगायतका कारण अपेक्षाकृत रुपमा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग हुन सकेको छैन। संस्थागत विद्यालय र धार्मिक विद्यालयहरुमा ICT ल्याबको व्यवस्थापन खासै भएको छैन ।

**शिक्षामा सूचना तथा सञ्चारको प्रयोग सम्बन्धमा देखा परेका समस्या/चुनौती**

- शिक्षकहरूमा ज्ञान तथा इच्छाशक्तिको कमी,
- ICT युक्त वातावरण सिर्जना गर्नका लागि पूर्वाधारको अभाव हुनु,
- सूचना प्रविधिसम्बन्धी दक्ष मानवीय स्रोतको विकासको कमी,
- महँगो इन्टरनेट शुल्क/पर्याप्त बजेटको अभाव,
- सूचना तथा प्रविधिलाई विषय वा माध्यम के का रूपमा ल्याउने भन्ने अस्पष्टता रहनु,
- पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधिसम्बन्धी विषयको व्यापकता हुनु,
- सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु
- प्रविधिको दुरुपयोग हुने डर (साइबर अपराध,Bullying,Hacking,etc),
- विद्यार्थीहरूमा क्षमताको कमी,

*४.७.३ उद्देश्यः*

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धीत स्थानीय तहका उद्देश्य देहाएबमोजिम रहेका छन्

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु
३. कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्नु

**४.७.४ रणनीति**

उल्लिखित उद्देश्य हासिल गर्नका लागि देहाएका रणनीति अवलम्बन गर्नेछ

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने,
३. विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने,
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने,
७. ICT LAB व्यवस्थापनका लागि विद्यालयलाई आवश्यक आर्थिक सहयोग गर्ने,
८. गाउँपालिका भित्रको कुनै एक सामुदायिक विद्यालयलाई सूचना तथा प्रविधिको प्रयोगको रुपमा नमुना विद्यालयको रुपमा स्थापना गर्ने,

**४.७.५ प्रमुख उपलब्धि तथा नतिजा**

<u>उपलब्धि</u>

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।

*<u>नतिजा तथा परिमाणात्मक लक्ष्य</u>*

**योजना कार्यान्वयन पश्चात देहाए बमोजिमको उपलब्धि हासिल हुनेछ**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ४० | ४५ | ५० | ६५ | ७५ | ८७ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ८ | १० | १३ | २५ | ३२ | ५० |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | ४ | ५ | १० | १५ | २५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २० | २५ | ३० | ३५ | ५० | ६५ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ६० | ७० | ८५ | ८७ | ८७ | ८७ |

## ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा तय गरिएको प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ-लाइब्रेरी स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | ४० | ५० | ६० | ७० | ८७ | ८७ | |
| ३ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि शिक्षकको क्षमता विकास | सङ्ख्या | ८७ | ८७ | ८७ | ८७ | ८७ | ४२५ | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ५ | IEMIS सम्बन्धी क्षमता विकास तालिम | सङ्ख्या | ८७ | ८७ | ८७ | ८७ | ८७ | ४३५ | |

# परिच्छेद-५ अन्य उपक्षेत्र

**५.१ मदरसा शिक्षाः**

**५.१.१ परिचयः**

नेपाल र भारतीय उपमहाद्वीपमा मदरसा धार्मिक तथा सांस्कृतिक शिक्षा प्रदान गर्ने मुसलमानहरुको सबैभन्दा भरोसायोग्य शैक्षिक संस्थाको रुपमा विकास भएको पाइन्छ। नेपालका मदरसाहरु सयौ वर्षदेखि अस्तित्वमा रहेका छन् ।यसले परम्परागत शैलीमा मुस्लिम समुदायलाई शिक्षा प्रदान गर्दछन् ।मदरसाहरुको आफ्नै पाठ्यक्रम छ ।वर्तमान अवस्थामा मदरसाको परम्परागत पाठ्यक्रमलाई केही हदसम्म आधुनिक शिक्षा वा मूल प्रवाहको पाठ्यक्रमसँग समायोजन गरी विकसित गरिएको छ जसमा मुख्य विषयहरु अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरु पनि समावेश गर्न थालिएको छ ।

वि.स.२०६३ मा सरकारले मदरसाहरुलाई बिना दस्तुर जिल्ला शिक्षा कार्यालयमा मुलधारको विद्यालयसरह दर्ता गर्न विशेष अभियानको आह्वान गर्यो ।सरकारले आह्वान गरेपछि देशभरि सयौं मदरसाहरु दर्ता भए ।यी दर्ताभएका मदरसाहरुले धार्मिक तथा सांस्कृतिक(इस्लामी) विषयहरुसँगै आफ्नो पाठ्यक्रमा मूलधारका विषयहरु समावेश गरे ।सरकारले मदरसाहरुलाई शिक्षाको मूलधारसँग जोड्ने उद्देश्यले यसको विकास र प्रबर्द्धनका लागि केही प्रयासहरु गरेको पाइन्छ ।प्रदेश सरकारले समेत मुस्लिम समुदायको धार्मिक तथा परम्परागत शिक्षालाई व्यवस्थित गर्दै सो समुदायका बालबालिकाहरुलाई दिदै आएको मदरसा शिक्षालाई शिक्षाको मूल प्रवाहमा ल्याई शिक्षाको मूलधारबाट बाहिर रहेका मुस्लिम समुदायका बालबालिकाको शिक्षामा पहुँच पुर्याउन र गुणस्तरीय शिक्षा प्रदान गर्न नीतिगत प्रबन्ध गरेको छ ।

**५.१.२ वर्तमान अवस्थाः**

नेपालको संविधानले व्यवस्था गरेअनुसार शिक्षाको मौलिक हकको कार्यान्वयनका सिलसिलामा मुस्लिम समुदायका बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याई शिक्षाको पहुँच सुनिश्चित गर्न मदरसा विद्यालयहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने जिम्मेवारी मुख्य रुपमा स्थानीय तहको रहेको सन्दर्भमा मायादेवी गाउँपालिका अन्तर्गत हाल आधारभूत तह कक्षा बालविकास -५ सञ्चालित मदरसा २१, कक्षा १-८ सञ्चालित ७ र माध्यमिक तह सञ्चालित ५ गरी जम्मा ३३ ओटा मदरसाहरु सञ्चालनमा रहेका छन् ।शैक्षकि सत्र २०८१ मा मदरसा विद्यालयमा अध्ययन गर्ने जम्मा विद्यार्थीहरु ६१७७ जना रहेकोमा छात्राहरुको सङ्ख्या ३७०४ र छात्रहरुको सङ्ख्या २४७३ रहेको छ ।विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेको पाठ्यक्रम अनुसार मुख्य विषयहरु नेपाली,

अंग्रेजी, गणित, विज्ञान, सामाजिक जस्ता विषयहरुसँगै उर्दू, दिनियात, कुरान, अरबिक जस्ता विषयहरुसमेत पठनपाठन भएका छन्। नेपाल सरकारले मदरसा विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनका लागि एकमुष्ठ वार्षिक अनुदान रकम समेत व्यवस्था गरेको र गाउँपालिकाबाट समेत शिक्षण अनुदान र स्वयंसेवक शिक्षकहरुसमेत व्यवस्था गरिएको छ ।साथै नेपाल सरकारबाट अन्य सामुदायिक विद्यालयसरह पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा लगायतका शिर्षकहरुमा अनुदान रकम निकासा गरिएको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ तर्जुमा गरी कार्यान्वयनमा रहेको छ यसले मदरसा विद्यालयलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने आधार तय गरेको छ ।तथापी मदरसा शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा नियमन गर्ने गाउँपालिकाबाट छुट्टै कानूनी व्यवस्था नहुँदा व्यवस्थापनमा चुनौती रहेको छ । मदरसा शिक्षामा विशिष्ट प्रकृतिका विषयहरु अध्यापन गर्ने मौलानाहरुको छनौट प्रक्रिया, शैक्षिक योग्यताको समकक्षता नहुँदा समेत समस्या सृजना भएको छ ।केही मदरसाहरुले प्रवीणता प्रमाणपत्र र स्नातक तहसम्मको आफ्नै पाठ्यक्रम अनुसार शिक्षा प्रदान गरेका छन् तर शैक्षिक प्रमाणपत्रहरुको समकक्षता नहुँदा नेपालमा शिक्षण तथा अन्य सरकारी सेवामा प्रवेश गर्न पाएका छैनन् ।

### ५.१.३ उद्देश्यः

१.मदरसा शिक्षालाई राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार सञ्चालन गर्नु,
२.मदरसा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि कानूनी प्रबन्ध गर्नु,
३.मदरसा शिक्षालाई मूल प्रवाहमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्नु

### ५.१.४.रणनीतिः

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार मदरसा शिक्षाको पाठ्यक्रम कार्यान्वयन गर्ने,
२. मदरसाहरुको भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्ने,
३. मदरसा सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै कानून तर्जुमा गरी कार्यान्वयन गर्ने
४. मदरसा शिक्षालाई मूल प्रवाहमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्ने,
५. मदरसा विद्यालयहरुको नक्साङ्कन र समायोजन गर्ने,
६. मदरसा विद्यालयमा समेत कक्षा १-३ मा एकीकृत पाठ्यक्रमका आधारमा शिक्षण गर्ने
७. सामुदायिक र धार्मिक विद्यालयहरुमा एकरुपमा कायम गर्न वार्षिक शैक्षिक क्यालेण्डर तयार गरी कार्यान्वयन गर्ने,
८. मौलानाहरुको छनौट तथा शैक्षिक योग्यताको समकक्षताका लागि कानूनी प्रबन्ध गर्ने,

९. शिक्षणमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक व्यवस्था मिलाउने,
१०. मदरसा शिक्षाको विद्यार्थी मूल्याङ्कन, परीक्षा सञ्चालनमा एकरुपता कायम गर्ने,
११. मदरसामा कार्यरत शिक्षक, विद्यालय व्यवस्थापन पदाधिकारीहरुको क्षमता विकास गर्ने,
१२. महिला मदरसा (Girls Madrasa) हरुलाई विशेष सुविधा प्रदान गर्ने,
१३. उच्च शिक्षा अध्ययन गर्ने मुस्लिम समुदायिका छात्राहरुलाई छात्रवृत्तिको प्रबन्ध गर्ने,

### ५.१.५. प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

मदरसा शिक्षा सञ्चालन तथा व्यवस्थापनको कानूनी प्रबन्ध भई सबै बालबालिकाहरु शिक्षाको मूलधारमा आइ गुणस्तरीय शिक्षा प्राप्त गरेका हुनेछन् ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | आ.व. २०८६/८७ | पाँच वर्षको भौतिक लक्ष्य |
| १ | माध्यमिक तह कक्षा ९-१२ सञ्चालित मदरसा विद्यालयको सङ्ख्या | विद्यालय | २ | ३ | ४ | ५ | ५ | ५ |
| २ | मदरसा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि कानूनी प्रबन्ध | पटक | ० | १ | ० | ० | ० | १ |
| ३ | उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्ने मुस्लिम छात्राहरुको सङ्ख्या | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २० |
| ४ | परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७९ कार्यान्वयन गर्ने विद्यालयको सङ्ख्या | विद्यालय | १० | २० | ३० | ३६ | ३६ | ३६ |
| ५ | तालिम प्राप्त शिक्षकको सङ्ख्या | पटक | ० | ३५ | ३५ | ३५ | ३५ | १४० |

## ५.१.६ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्यः

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | लक्ष्य भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | मदरसा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि कानून तर्जुमा | पटक | ० | १ | ० | ० | ० | १ | |
| २ | शिक्षकहरुको पेसागत क्षमता विकास | सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | १७७ | |
| ३ | कानून निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | ० | १ | ० | ० | ० | १ | |
| ४ | विद्यालय सुधार योजना निर्माण तथा एवम् अध्यावधिक | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | |
| ५ | मदरसाहरुलाई इमिसमा आवद्ध र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | मदरसा विद्यालयहरुको नक्साङ्कन र समायोजन | पटक | ० | ० | ० | १ | ० | १ | |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को प्रयोग गर्न शिक्षकहरुको क्षमता विकास | सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | |
| ८ | मदरसा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | |
| ९ | विद्यार्थी परीक्षण तथा मूल्याङ्नमा एकरुपता | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| १० | उच्च शिक्षामा प्राविधिक विषय अध्ययनका लागि मुस्लिम छात्राहरुका लागि छात्रवृत्ति | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षा जस्तो महत्वपूर्ण सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनको लागि सुशासन तथा व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षामा सुशासन भन्नाले शैक्षिक प्रणालीलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, विधिको शासन, व्यापक सहभागिता, दिगो, समावेशी र जिम्मेवार बनाउने प्रक्रिया भन्ने बुझिन्छ । यसको मुख्य उद्देश्य शिक्षालाई जनताको पहुँचमा पुऱ्याई गुणस्तरीय शिक्षामा लगानी गर्न उत्प्रेरित गर्नु हो । नेपालमा शिक्षामा सुशासन सुनिश्चित गर्नको लागि विभिन्न तहमा योजना, नीति र विधिको निर्माण र कार्यान्वयनको आवश्यकता रहेको छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ ।

शिक्षण पेसा आफैमा मर्यादित तथा गौरवपूर्ण पेसा हो । गुणस्तरीय शिक्षाप्रदान गर्न शिक्षक योग्य, व्यवसायिक, दक्ष, इमान्दार, उत्प्रेरित र विद्यार्थी सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । तालिम प्राप्त योग्य शिक्षक व्यास्थापनबाट मात्र सबै तहको शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । शिक्षकलाई समय सान्दर्भिक, पेशाप्रति उत्तरदायी, आकर्षित, शिक्षण क्रियाकलापमा प्रभावकारी र समावेशीकरण बनाउन शिक्षक व्यवस्थापन र तयारीको अहम भूमिका रहेको हुन्छ । शिक्षक तयारी तथा व्यवस्थापनको काम नेपालमा विद्यालय तथा विश्व विद्यालयहरुले गरीहेका छन् । अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिले मात्र शिक्षण पेसामा प्रवेश पाउने व्यवस्था रहेको छ ।

### ६.१.२ वर्तमान अवस्था

मायादेवी गाउँपालिकाले तयार गर्ने यस शिक्षा योजनामा शिक्षाको गुणस्तर अभिबृद्धिका लागि शिक्षण पेसालाई मर्यादित र रोजाइको पेसाको रुपमा विकास गरी कक्षा कोठामा शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने विद्यार्थीको सिकाइ प्रति जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।

यस गाउँपालिकामा हाल सामुदायिक ३३, संस्थागत १८ र धार्मिक ३३ गरी गरी जम्मा ८४ वटा विद्यालय रहेका छन् । कुल ३३ वटा सामुदायिक विद्यालयमा नेपाल सरकारको तलब वा अनुदान प्राप्त गर्ने गरी १५१ जना शिक्षकहरु कार्यरत छन् जस मध्ये माध्यामिक तहमा जम्मा

३३ जना(प्राविधिक धार र शिक्षण सहयोग अनुदान सहित), आधारभुत तहमा जम्मा ११८ जना कार्यरत रहेका छन् । गाउँ पालिकाको अनुदानबाट आधारभूत र माध्यमिक तहमा जम्मा ८० जना शिक्षकहरु कार्यरत रहेका छन् ।त्यसैगरी ४४ जना बालबिकास केन्द्रका सहजकर्ता, ७ जना विद्यालय सहायक र ३३ सहयोगी विद्यालयमा कार्यरत छन् । कार्यरत शिक्षक मध्ये महिला ७१ पुरूष १६० रहेको छ रहेको छ । कार्यरत शिक्षक मध्ये सुचना तथा संचार प्रबिधिमा तालिमा पाएका शिक्षक जम्मा ८४ र एकीकृत पाठ्यक्रम तालिम पाएका ६६ शिक्षकहरु रहेका छन् ।

विद्यालयमा सुशासन तथा संस्थागत क्षमता विकासको लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ तोकिएकै समयमा गठन गर्न प्रेरित गरिएको छ । ऐन र नियमावलीले तोकेको ढाँचामा लेखाप्रणालीलाई व्यवस्थित गराउँदै समयमै सामाजिक परिक्षण तथा लेखा परिक्षण गराइएको छ । समुदायसँग विद्यालयलाई एकाकार गराउन गुनासो सुनुवाई सयन्त्र निर्माण गर्दै सूचना अधिकारीको व्यवस्था गरिएको छ । गाउँपालिकाले सबै विद्यालयलाई एउटै छाता भित्र संगठित गर्न शिक्षा ऐन र नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। साथै वार्षिक शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित गर्न शैक्षिक क्यालेण्डर निर्माण गरी प्रयोगमा ल्याइएको छ ।तथापी विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाउने चुनौती रहेको छ । विद्यालयमा विषयगत शिक्षक दरबन्दीको अभाव र गाउँपालिकाको आन्तरिक आम्दानी कम भएको कारणले स्रोत व्यवस्थापन गर्न र संविधानले व्यवस्था गरेको विद्यालय शिक्षालाई निःशुल्क गराउन चुनौती रहेको छ । तथापी संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरेको आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय तहको अधिकार अन्तर्गत रहेकोले विद्यालयका लागि आवश्यक स्रोत व्यवस्थापन गरी सुशासन कायम गराई गुणस्तरीय शिक्षाको सुनिश्चितताको अवसर समेत रहेको कुरालाई नकार्न सकिदैन ।

### ६.१.३ उद्देश्य

१. शैक्षिक सुशासन कायम गर्नु,
२. आवश्यक जनशक्तिको व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. शैक्षिक सुशासन र व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाउनु,
४. शैक्षिक सुशासन र व्यवस्थापनका लागि आवश्यक नीति नियम निर्माण गरी कार्यान्वयनमा ल्याउनु,

### ६.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्न,
३. विद्यालयमा सुशासन कायम गर्न व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाउने,
४. शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ,
५. शिक्षामा लगानी वृद्धी गर्दै आर्थिक स्रोतको प्रभावकारी उपयोग गर्ने,
६. विद्यालयको आर्थिक कारोवारलाई डिजिटललाईज्ड गर्ने,
७. प्रधानाध्यापकको नेतृत्व क्षमता अभृबद्धि गर्दै समग्र प्रशासनिक क्षमतामा सुधार गर्ने,

### ६.१.५. समस्या र चुनौतीहरुः

१. शिक्षा क्षेत्रमा आवश्यता अनुसारको बजेट विनियोज गर्न नसकिएको,
२. व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको सक्रियतामा अनुगमन र साझेदारी स्रोतको खोजी गर्न नसकिएको,
३. बाल क्लब लगायतका विद्यार्थी समावेश भएका  समूहहरुको क्षमता अभिवृद्धि गर्न नसकिएको,
४. सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरू लाई प्रोत्साहन गर्न नसकिएको,
५. शैक्षिक संस्थाहरु सुधारको लागि सरोकारवाला निकायहरुसंग समन्वयको कमि,
६. विज्ञ समूहको रोष्टर निर्माण गरी शिक्षकको पेसागत विकासको लागि परिचालन गर्न नसकिएको,
७. पर्याप्त अनुगमन र मुल्याङ्कन गरी प्राप्त परिणामका आधारमा विद्यालयहरुलाई प्रोत्साहन गर्न नसकिएको,
८. व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई आ-आफ्नो काम, कर्तव्य र अधिकारमा जिम्मेवार बनाउन नसकिएको,
९. विद्यालय सुधार योजनालाई वास्तविक र यथार्थपरक रुपमा निर्माण तथा कार्यान्वयन गर्न नसकिएको,

### ६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

**उपलब्धिः**

आवश्यक नीतिगत तथा कानूनी प्रबन्ध भई शैक्षिक संस्थाहरुमा सुशासन कायम हुनुका साथै संस्थागत क्षमता अभिबृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा बृद्धि भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | एकाइ पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | आ.व. २०८६/८७ | पाँच वर्षको भौतिक लक्ष्य |
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्राधानाध्यपक/ सहायक प्र.अ. सङ्ख्या | सङ्ख्या | ० | २ | ३ | ५ | ३ | १३ |
| २ | आधारभूत विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्राधानाध्यपक/ सहायक प्र.अ. सङ्ख्या | सङ्ख्या | ० | ५ | १० | १० | २० | ४५ |
| ३ | लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ४ | बिद्यालयसंग आवद्ध पदाधकिारीहरुलाई क्षमता विकास र सुशासन सम्वन्धी तालिम | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | पालिका स्तरमा गठन हुने विज्ञ समूहको रोष्टरको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्राधानाध्यापक नियुक्ति गर्ने माध्यमिक विद्यालयको सङ्ख्या | सङ्ख्या | ० | ५ | ७ | १० | ११ | ३३ |
| ७ | विद्यालय स्वमूल्याङ्कन कार्यक्रम | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ८. | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| ९. | शिक्षक अभिभावक सङ्घ भएका विद्यालयको सङ्ख्या | विद्यालय | २५ | ३३ | ६६ | ६६ | ६५ | |
| १० | गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था भएका विद्यालयको सङ्ख्या | विद्यालय | ८ | १३ | २० | ३३ | ५० | |

### ६.१.७ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्यः

| क्र . स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | लक्ष्य भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | आवश्यक कानून निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | ० | ० | ० | ० | १ |
| २ | कानून निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरू लाई थप प्रोत्साहन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० |
| ४ | योजनाको आवधिक समीक्षा र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | गाउँ शिक्षाको पार्श्व चित्र निर्माण | पटक | ० | १ | १ | १ | १ | ४ |
| ६ | विद्यालय व्यवस्थापन पदाधिकारीहरुको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ |
| ७ | प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यालयहरुको सामाजिक तथा लेखा परीक्षण | विद्यालय | ७० | ७० | ७० | ७० | ७० | ७० |
| ९ | विद्यालय कार्यसम्पादन एवं स्वःमूल्याङ्कन गर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | ५ |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचयः

अपेक्षित लक्ष्य, उद्देश्य तथा नतिजा प्राप्त गर्न व्यवस्थितरुपमा बनाइएको शिक्षा योजनाको उचित कार्यान्वयन हुन सकेमा मात्र त्यसको सान्दर्भिकता र महत्व रहन्छ । योजना भित्र निर्धारित लक्ष्यमा पुग्न विविध विकल्पहरु सहित आवश्यक स्रोत साधनहरु र कार्य सम्पादनका लागि निश्चित समयसीमा समेत तोकिएको हुन्छ । योजनाले नै खर्चको मितव्ययी बनाई शैक्षिक सुशासन कायम गर्न मद्दत पुऱ्याउँछ । उचितरुपमा योजना कार्यान्वयन गर्न सके शिक्षामा व्यापक सुधार, गुणस्तरीय सार्वजनिक शिक्षा, दक्ष जनशक्ति उत्पादन र शैक्षिक क्षेत्रको समग्र विकास गर्न सकिन्छ । शैक्षिक विकासले नै सामाजिक परिवर्तनलाई डोऱ्याउने हुँदा शैक्षिक योजनाको पूर्ण कार्यान्वयन गर्दै शिक्षा क्षेत्रको विकास गर्न वाञ्छनीय हुन्छ ।

### ६.२.२ वर्तमान अवस्थाः

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले उल्लेख गरेका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारहरुको कार्यान्वयनका लागि गाउँपालिकामा शिक्षा शाखाको संस्थागत व्यवस्था रहेको र गाउँपालिकामा १ जना अधिकृतस्तर र १ जना सहायकस्तर गरी २ जना कर्मचारीको व्यवस्थापन गरिएको छ। त्यसै गाउँपालिका अन्तर्गत शैक्षिक विषयहरुमा निर्णय गर्न तथा शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापनका लागि कार्यपालिका तथा कार्यान्वयनका लागि गाउँ शिक्षा समिति, वडा समिति तथा शिक्षा शाखा रहेका छन्। गाउँ शिक्षा योजना कार्यान्वयनका लागि वार्षिक नीति तथा कार्यक्रममार्फत आवश्यक नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्नुपर्ने हुन्छ ।सोका लागि गाउँ शिक्षा समिति तथा विज्ञ परामर्श सेवा समेत परिचालन गरी नीति तर्जुमा र कार्यान्वयन गर्नुपर्छ ।विद्यालयमा समेत विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलाई क्रियाशिल र जिम्मेवार बनाई शिक्षा योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि परिचालन र आवश्यक समन्वय तथा सहकार्य सेमत गर्नुपर्ने हुन्छ ।विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजनामा समेत गाउँ शिक्षा योजनाले राखेका लक्ष्य तथा उद्देश्यलाई आन्तरिकीकरण गर्नुपर्छ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण र गाउँ शिक्षा योजनाबीच तादाम्यता कायम गर्न सके गाउँ शिक्षा योजना सफल कार्यान्वयन भई गुणस्तरीय शिक्षा प्राप्तीका लागि कोशे ढुङ्गा सावित हुने कुरामा कुनै शङ्का छैन।तसर्थ शिक्षा योजना कार्यान्वयनका लागि सम्बद्ध सबै पक्ष जिम्मेबार बन्नुपर्छ ।

### ६.२.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु,
२. वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग तादाम्यता कायम गर्नु
३. विद्यालय सुधार योजनामा आन्तरिकीकरण गर्नु

### ६.२.४ रणनीतिहरू

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
२. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,
६. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,
७. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,
८. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,
९. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रुपमा कार्य गर्ने,
१०. गाउँ शिक्षा योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने,

**समस्या र चुनौतीः**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु,
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा कठिनाई,
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण तथा पूर्वाधारको अभाव,

### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| २ | गाउँपालिकाको वार्षिक योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | |
| ३ | कार्यक्रमहरूको उपलब्धी तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक वार्षिक | १ | २ | २ | २ | २ | |

### ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण र अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | विद्यालय | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | समीक्षा तथा प्रतिवेदन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम भूमिका हुन्छ । भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ । शिक्षामा गरीने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी  आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको  योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ । पहिचान गरीएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

संवैधानिक एवम् कानूनी प्रावधान अनुसार विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी रहने व्यवस्था छ । नेपालको संविधानले सबै नागरीकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध हुने व्यवस्था गरेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । मौलिक हकको रुपमा रहेको निःशुल्क शिक्षालाई पूर्णतः कार्यान्वयन गर्न स्थानीय तह जिम्मेवार हुनुपर्ने देखिन्छ । स्थानीय तहमा प्राप्त हुने संघीय तथा प्रादेशिक स्रोतको शसर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानले मात्र नभई पालिकाले निःशुल्क शिक्षाको लागि आन्तिरक स्रोतको पहिचान, संकलन र

परिचालन गर्न जरुरी छ । पालिकाले माध्यमिक तहसम्मको शिक्षालाई अपनत्व ग्रहण गर्दै बालबालिकाको सहज पहुँच विस्तार गर्ने, आवश्यकता अनुसार भौतिक, शैक्षिक तथा मानवीय व्यवस्थापनका लागि योजना निर्माण र कार्यान्वयन गर्ने, त्यस्तै शिक्षकहरुको क्षमता विकास, प्रतिभाशाली विद्यार्थीहरुको प्रतिभा पहिचान र प्रतिभा अनुसारको अवसर निर्माणका लागि लाग्नुपर्ने देखिन्छ । यसका अतिरिक्त शैक्षिक गुणस्तर विकासका लागि योजना निर्माण तथा कार्यान्वयन गर्न सरोकारवाला निकायसँग परामर्श र समन्वय गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ । प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका सिकाइ केन्द्रहरुका नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येयी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

विकासका पूर्वाधारहरूको पनि पूर्वाधार शिक्षा हो । शिक्षाको समयसापेक्ष विकास हुन नसकेमा भौतिक विकासले मात्र समाजिक परिवर्तन हुन सक्दैन । विश्वमा विकसित राष्ट्रहरुले आफ्नो बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको भएतापनि हाम्रो देशमा सो अनुपातमा बजेट विनियोजित हुन सकेको छैन यद्यपी संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित हुनुपर्ने देखिन्छ । आ.व.२०८१।०८२ मा गाउँपालिकाबाट शिक्षा क्षेत्रका कार्यक्रमहरु कार्यान्वयन गर्न छुट्याइएको बजेट कुल बजेटको जम्मा ११.४३ प्रतिशत रहेको थियो ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहने छन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहने छ ।

शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाहरूलाई आवश्यकताको आधारमा क्षेत्रगत रुपमा साझेदारी गरीनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउने, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था पालिकाले गर्नुपर्ने देखिन्छ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १२६०४९० | ७६.४१ | |
| २ | प्रदेश सरकार | ४७००० | २.८५ | |
| ३ | स्थानीय सरकार | २८५१७२ | १७.२९ | |
| ४ | अभिभावक तथा समुदाय, सङ्घ संस्था तथा दातृनिकाय | ५७०७० | ३.४६ | |
| | **जम्मा** | १६४९७३२ | १००.०० | |

## ७.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

## ७.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा सशर्त अनुदान बाहेक स्थानीय तहले कुल बजेटको १० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने

४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवद्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धती अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

## ७.५ प्रमुख उपलब्धि

उपलब्धि

शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सहित आवश्यक स्रोतको व्यवस्थापन हुनेछ ।

## ७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (बजेट रु.हजारमा)**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रु. हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | २६६३ | २७१३ | २७६४ | २८१७ | ३३९५ | १४३५२ |
| २ | ३.२ आधारभूत शिक्षा | ९४९२ | १०२७७ | ९९६३ | १०२०७ | १०६६१ | ५०६०० |
| ३ | ३.३ माध्यमिक शिक्षा | ४३६५ | ५२४० | ५३४९ | ५७३१ | ५८४० | २६५२५ |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २६५० | २६५० | ४९५० | ४९५० | ४९५० | २०१५० |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २३०० | २३०० | २३०० | २३०० | २३०० | ११५०० |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | १५८० | १७५० | १८६६ | १८९४ | २०३० | ९१२० |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | ११९९४८ | ११९९४८ | ११९९४८ | १२००४८ | १२००९८ | ५९९९८८ |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | २७६० | २८०० | २८४० | २९२० | ३००० | १४३२० |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४८३५० | ५०७३० | ५१४१७ | ५२५१५ | ५४१०० | २५७१११ |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रु. हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | १६८०० | १६८०० | १६८०० | १६८०० | १६८०० | ८४००० |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १७९० | १७४० | १९९० | २३४० | २५९० | १०४५० |
| १३ | ५.१ अन्य उपक्षेत्र मदरसा शिक्षा कार्यक्रम | २८९५० | २८९५० | २८९५० | २८९५० | २८९५० | १४४७५० |
| १४ | ६.१ सुशासन तथा व्यवस्थापन | १६०० | १६०० | १७०० | १६०० | १७०० | ८२०० |
| १५ | ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १२३५ | १२३५ | १२३५ | १२३५ | १२३५ | ६१७५ |
| १६ | ८.१ अनुगमन तथा मुल्यंकन | २५० | २५० | २५० | २५० | २५० | १२५० |

## ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रु. हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | ५५० | ६५० | ८०० | ८५० | ६५० | ३,५०० |
| २ | ३.२ आधारभूत शिक्षा | - | - | - | - | - | - |
| ३ | ३.३ माध्यमिक शिक्षा | ३६४० | ३६४० | ३६४० | ३६४० | ३६४० | १८२०० |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | - | - | - | - | - | - |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | - | - | - | - | - | - |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | ५४ | ६० | ६० | ६० | ६६ | ३०० |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | ६० | ६० | ६० | ६० | ६० | ३०० |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | - | - | - | - | - | - |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४४० | ५४० | ६४० | ७४० | ८४० | ३२०० |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | - | - | - | - | - | - |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | ३००० | ३५०० | ४००० | ५००० | ५५०० | २१००० |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ४० | ७० | १०० | १३० | १६० | ५०० |
| १३ | ५.१ अन्य उपक्षेत्र मदरसा शिक्षा कार्यक्रम | - | - | - | - | - | - |
| १४ | ६.१ सुशासन तथा व्यवस्थापन | - | - | - | - | - | - |
| १५ | ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | - | - | - | - | - | - |
| १६ | ८.१ अनुगमन तथा मूल्याङ्कन | - | - | - | - | - | - |

## ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष (रु. हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | १०२७ | १३७२ | ११५७ | ११९७ | ११८२ | ५९३५ |
| २ | ३.२ आधारभूत शिक्षा | २१४८५ | १८०५ | १५३० | १५५० | २१५७० | १०७९४० |
| ३ | ३.३ माध्यमिक शिक्षा | ५७८४ | ७७२४ | ७६४९ | ७७७९ | ७९०४ | ३६८४० |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ६९८ | ८५० | १३१५ | १३६३ | १३२० | ५५४६ |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १८८० | १९५० | २४१० | २०५० | २६१० | १०९०० |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | १६०६ | १५१६ | १२२६ | १०५३ | १३१३ | ६७१४ |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | १०२५७ | १०२६९ | १०४७९ | १०२८९ | १०२९९ | ५१५९२ |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | ७९५ | ८७० | ९२० | ९९५ | १,०७० | ४६५० |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १४५ | १२५ | १८५ | १४५ | १०० | ७०० |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ७७० | ८२० | ८२० | ८२० | ८२० | ४०५० |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | ३३५० | ४९८० | ५६६० | ६५७५ | ८४६० | २९०२५ |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १६१४ | १६१४ | १६४४ | १६६४ | १६८४ | ८२२० |
| १३ | ५.१ अन्य उपक्षेत्र मदरसा शिक्षा कार्यक्रम | ८६२ | १०६२ | ८६२ | १०६२ | ८६२ | ४७१० |
| १४ | ६.१ सुशासन तथा व्यवस्थापन | ९२० | ८२० | ८२० | ८२० | ८२० | ४२०० |
| १५ | ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १६ | ८.१ अनुगमन तथा मुल्यंकन | ३३० | ३३० | ३३० | ३३० | ३३० | १६५० |

## घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | ८९५ | ८८५ | ९१५ | ९५० | ९३० | ४५७५ |
| २ | ३.२ आधारभूत शिक्षा | २४५७ | २४८७ | २५२२ | २५५२ | २५८२ | २६०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ३.३ माध्यमिक शिक्षा | ८३६ | ८८१ | ९२६ | ९७१ | १०१६ | ४६३० |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | - | - | ३०० | ३४० | ३६० | १००० |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २६० | ३४० | ५१० | ४६० | ५३० | २१०० |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | २५० | ३१० | ३७० | ४२५ | ५४० | १८९५ |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | ४३२ | ४४७ | ४५७ | ४६७ | ४७७ | २२८० |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | ८५० | ९०५ | ९६० | १०१५ | १०७० | ४८०० |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७१५ | ७८५ | ९४५ | १,०१५ | १०६० | ४५२० |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ४४० | ६०० | ५१० | ५२० | ५३० | २६०० |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | ३०० | २३८५ | ३१३० | ३१३० | ३५३० | १२४७५ |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० |
| १३ | ५.१ अन्य उपक्षेत्र मदरसा शिक्षा कार्यक्रम | १४० | १६० | १९० | २०० | २१० | ९०० |
| १४ | ६.१ सुशासन तथा व्यवस्थापन | १७ | २८ | ४० | ५० | ६० | १९५ |
| १५ | ६.२शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १६ | ८.१ अनुगमन तथा मुल्यंकन | - | - | - | - | - | - |

## ७.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

मायादेवी गाउँपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरी क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धीत विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धीत विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपशिलको तालिकामा प्रस्तुत गरिएको छ । उपक्षेत्रगत र अन्तरसम्बन्धीत विषयक्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ ।

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | ५५८५ | ५८३५ | ५५८६ | ५६३९ | ५७१७ | २८३६२ |
| २ | ३.२ आधारभूत शिक्षा | ३३६८० | ३४२१५ | ३४१६५ | ३४४१५ | ३४६६५ | १७११४० |
| ३ | ३.३ माध्यमिक शिक्षा | १५०७१ | १७४८१ | १७५८१ | १७८८१ | १८१८१ | ८६१९५ |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ३३४८ | ३५०० | ६६०० | ६६४८ | ६६०० | २६६९६ |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ४७०० | ४७०० | ५२०० | ४७०० | ५२०० | २४५०० |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | ३८४१ | ३८३१ | ३६२१ | ३२२३ | ३५१३ | १८०२९ |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | १३०७९२ | १३०७९२ | १३०९९२ | १३०७९२ | १३०७९२ | ६५४१६० |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | ४६५० | ४६९० | ४७३० | ४८१० | ४८९० | २३७७० |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५०२४० | ५१८०५ | ५३१८२ | ५४४०५ | ५५९०० | २६५५३१ |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | १६५० | १७५० | १७५० | १७५० | १७५० | ८६५० |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | २५०५० | २८४०० | २९६२५ | ३१००० | ३२४२५ | १४६५०० |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ३९९४ | ३९९४ | ४१९४ | ४३९४ | ४५९४ | २११७० |
| १३ | ५.१ अन्य उपक्षेत्र मदरसा शिक्षा कार्यक्रम | २९९९२ | ३०१९२ | २९९९२ | ३०१९२ | २९९९२ | १५०३६० |
| १४ | ६.१ सुशासन तथा व्यवस्थापन | २५९९ | २४९९ | २४९९ | २४९९ | २४९९ | १२५९५ |
| १५ | ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १८३५ | १८३५ | १८३५ | १८३५ | १८३५ | ९१७५ |
| १६ | ८.१ अनुगमन तथा मुल्यंकन | ५८० | ५८० | ५८० | ५८० | ५८० | २९०० |

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

### ७.८ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

# परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ, छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिकरुपमा निगरानी राख्ने कार्य अनुगमन हो भने कार्यान्वयन गरीएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन तथा के कस्ता उपलब्धि एवम् प्रभावहरु हासिल भएका छन् र त्यसको दिगोपना सम्बन्धमा आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । अनुगमन तथा मूल्याङ्कनले शैक्षिक योजनालाई तोकिएको समय, लागत र गुणस्तर सहितको परिमाणमा सम्पन्न गर्नुको साथै पारदर्शिता, नतिजामुखि, उत्तरदायी र जवाफदेहिता अभिवृद्धि गरी शैक्षिक सुशासन कायम गर्न मद्दत गर्दछ।

यस पालिकामा वार्षिक स्वीकृत कार्यक्रम अनुरुप शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने गरीन्छ। नगरसभाबाट स्वीकृत कार्यक्रमहरु कार्यान्वयनको मुख्य जिम्मेवारी स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखाको हुने गर्दछ । शाखाले कार्यक्रम कार्यान्वयनको लागि विद्यालय तथा जिम्मेवार निकायसँग कार्यक्रम प्रवोधीकरण गर्दै गाउँ शिक्षा ऐन, नियमावली र कार्यविधिले तोकेको जिम्मेवारी अनुसार कार्यसम्पादनका लागि अगाडि बढाउँछ । विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा विद्यालयका सरोकारवाला निकाय तथा पालिका स्वयंले तदरुपता लिदैं सम्पन्न गर्ने गरिएको छ । कानूनले तोके बमोजिम अनुगमन र मूल्याङ्कनको जिम्मेवारी प्राप्त निकायबाट यी कार्यहरु सम्पन्न हुने गरेका छन् । विद्यालय अनगुमनका क्रममा पालिकाले विद्यालयको समग्र पक्षको अनगुमन, सपुरिवेक्षण र निरीक्षण गर्ने गर्दछ । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न वाञ्छनीय छ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई पालिका र विद्यालय स्तरमा सक्रिय हुदाँ अझ प्रभावकारी परिणाम प्राप्त गर्न सक्ने देखिन्छ ।

## ८.२ वर्तमान अवस्था

शैक्षिक तथा कार्यविधिको क्षेत्राधिकार अनुसारका कार्यक्रमहरुको कार्यान्वयनमा अनुगमन, नियमन र मूल्यांकन गर्ने गरिएको छ । अनुगमनको मुख्य निकाय पालिकाको शिक्षा शाखावाट समय समयमा विद्यालय, विद्यालयमा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ । विशेष अवसरहरुमा जनप्रतिनीधिहरु सहितको संयुक्त टोलीबाट समेत विद्यालय र योजनाहरुको अनुगमन गर्ने गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा नियमितरुपमा अनुगमन, सुपरीवेक्षण, कार्यक्रमको मूल्याङ्कन हुने गर्दछ । अनुगमन र मूल्यांकनका लागि पालिकास्तरीय छुट्टै संरचना वा निकायहरु निर्माण गर्न सकिएको छैन । शैक्षिक सुधारका लागि विज्ञ समूह गठन गर्दै विद्यालय र सरोकारवाला निकायहरुलाई पृष्टपोषण दिन सके अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने देखिन्छ । अनुगमनका सुधारात्मक सुझावहरु कार्यान्वयन भए, भएनन् सो पक्षको मूल्याङ्कन गर्दै सुझाव कार्यान्वयनलाई वृत्ति विकाससँग जोड्न सकिएको छैन । विद्यालयका सफलता, सिकाइ उपलब्धी र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसारको पनि उत्तिकै खाँचो रहेको देखिन्छ ।

## *८.३ उद्देश्य*

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्ने,
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,

## ८.४ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
३. विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन विज्ञ टोलीबाट कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने

५. योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने

६. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने

### ८.५ प्रमुख उपलब्धि तथा नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।

### ८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन पद्धति विकास तथा संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |

| | पूर्व प्रा.बि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | Total | Financing Level (In NPR) | | | | Total Budget |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | | | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | | Federal Gov. | Province Gov. | Local Gov. | Others (schools, NGOs &…..) | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | ० | ३०० | ० | ० | ० | | ३०० | | १ | | | | १ | | | ३०० | | ३०० |
| २ | भर्ना अभियान संचालन गर्ने | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | | | २०० | ३०० | ५०० |
| ३ | बालविकास केन्द्रको सबलीकरण | ६०० | ५०० | ५०० | ५०० | ५०० | | ५० | १२ | १० | १० | १० | १० | ५२ | | १००० | ६०० | १००० | २६०० |
| ४ | बालविकास शिक्षकहरुको पेशागत क्षमता विकास | १२० | १२० | १२० | १२० | १२० | | ६ | २० | २० | २० | २० | २० | १०० | ३०० | | ३०० | | ६०० |
| ५ | बालविकास शिक्षकहरुको पुनर्ताजगी क्षमता विकास | ६० | ६० | ६० | ६० | ६० | | ३ | २० | २० | २० | २० | २० | १०० | | | १५० | १५० | ३०० |
| ६ | परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्रसँगको सहकार्य | ५० | ५० | ५० | ५० | ५० | | ५० | १ | १ | १ | १ | १ | ५ | | | १२५ | १२५ | २५० |
| ७ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | | | ३०० | २०० | ५०० |
| ८ | सुरक्षित तथा अपाङ्ग मैत्री शौचालयको व्यवस्था | १००० | १००० | १००० | १००० | १००० | | ५०० | २ | २ | २ | २ | २ | १० | ३००० | १००० | ५०० | ५०० | ५००० |
| ९ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विद्यार्थी अभिलेखिकरण | ५० | ५० | ५० | ५० | ५० | | ५० | १ | १ | १ | १ | १ | ५ | २५० | | | | २५० |
| १० | प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम प्रबोधिकरण | १०२ | १०२ | १०२ | १०२ | १०२ | | ३ | ३४ | ३४ | ३४ | ३४ | ३४ | १७० | ३०० | | ११० | १०० | ५१० |
| ११ | पूर्वाधार, सिकाइक्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | ६०० | ६०० | ६०० | ६०० | ६०० | | २०० | ३ | ३ | ३ | ३ | ३ | १५ | | १५०० | १००० | ५०० | ३००० |
| १२ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्वन्धि अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | | | ४०० | १०० | ५०० |
| १३ | अभिभावक शिक्षा कार्यक्रम सन्चालन | १८० | १८० | १८० | १८० | १८० | | ३ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | | ३०० | ६०० | ९०० |
| १४ | नमूना बालविकास स्थापना | ५०० | ५०० | ५०० | ५०० | ५०० | | ५०० | १ | १ | १ | १ | १ | ५ | | | १५०० | १००० | २५०० |
| १५ | प्रारम्भिक वालविकास शिक्षकहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कार तथा सम्मान | ३० | ३० | ३० | ३० | ३० | | १० | ३ | ३ | ३ | ३ | ३ | १५ | | | १५० | | १५० |
| १६ | प्रति विद्यार्थी लागत | १९९३ | २०४३ | २०९४ | २१४७ | २२२५ | | ०.५ | ३९८६ | ४०८६ | ४१८८ | ४२९३ | ४४५० | २१००३ | १०५०२ | | | | १०५०२ |
| | पूर्व प्रा.बि./बालविकासका लागि बजेट (हजारमा) | ५५८५ | ५८३५ | ५५८६ | ५६३९ | ५७१७ | | | | | | | | | १४३५२ | ३५०० | ५९३५ | ४५७५ | २८३६२ |
| | | | | | | | | | | | | | | | | | | | 28,362 |

| क्र.म. | आधारभूत तहका प्रस्तावित कार्यक्रमहरु<br>प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s)<br>२०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)<br>२०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | Total | Financing Level (In NPR)<br>Federal Gov. | Province Gov. | Local Gov. | Others (School and other stakeholder) | Total Budget | Types of Grants |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, समायोजन तथा पुनर्वितरण | ० | ३०० | ० | ० | ० | | ३०० | | १ | | | | १ | | | ३०० | | ३०० | |
| २ | स्वयंसेवक शिक्षक व्यवस्थापन | १७५०० | १७५०० | १७५०० | १७५०० | १७५०० | २४४ | २५० | ७० | ७० | ७० | ७० | ७० | ३५० | | | ८७५०० | | ८७५०० | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | | | १०० | ४०० | ५०० | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था(सामुदायिक) | २९७ | २९७ | २९७ | २९७ | २९७ | | ९ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | १४८५ | | | | १४८५ | |
| ५ | प्रारम्भिक कक्षामा कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | १९८ | १९८ | १९८ | १९८ | १९८ | | ६ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | १०० | | ३९० | ५०० | ९९० | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | | | ५०० | | ५०० | |
| ७ | शिक्षक क्षमता विकास | ३६० | ३६० | ३६० | ३६० | ३६० | | ६ | 60 | 60 | 60 | 60 | 60 | ३०० | | | १००० | ८०० | १८०० | |
| ८ | विद्यालय विपत उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | १०० | १०० | १०० | १०० | १०० | | १०० | 1 | 1 | 1 | 1 | 1 | ५ | | | २०० | ३०० | ५०० | |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | ३२५० | ३२५० | ३२५० | ३२५० | ३२५० | | ६५० | ५ | ५ | ५ | ५ | ५ | २५ | | | १०००० | ६२५० | १६२५० | |
| १० | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | ११५ | १५० | २०० | २५० | ३०० | | ५ | २३ | ३० | ४० | ५० | ६० | २०३ | १०१५ | | | | १०१५ | |
| ११ | पाठ्यपुस्तक व्यवस्था | ८५०० | ८७०० | ८९०० | ९१०० | ९३०० | | १ | ८५०० | ८७०० | ८९०० | ९१०० | ९३०० | ४४५०० | ४४५०० | | | | ४४५०० | |
| १२ | अति विपन्न परिवारका बालबालिकाहरुका लागि ड्रेस तथा स्टेशनरीका लागि छात्रबृत्ति | ६० | ६० | ६० | ६० | ६० | | ३ | २० | २० | २० | २० | २० | १०० | | | २०० | १०० | ३०० | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कन | २०० | २०० | २०० | २०० | २०० | | २० | १० | १० | १० | १० | १० | ५० | | | | १००० | १००० | |
| १४ | व्यवस्थित परीक्षा प्रणाली | ५०० | ५०० | ५०० | ५०० | ५०० | | ५०० | १ | १ | १ | १ | १ | ५ | १५०० | | ५०० | ५०० | २५०० | |
| १५ | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | १५० | १५० | १५० | १५० | १५० | | १५० | १ | १ | १ | १ | १ | ५ | | | ५०० | २५० | ७५० | |
| १६ | अभिभावक शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम | १५० | १५० | १५० | १५० | १५० | | १५० | १ | १ | १ | १ | १ | ५ | | | २५० | ५०० | ७५० | |
| १७ | उत्कृष्ट शिक्षकलाई पुरस्कार तथा सम्मान | १०० | १०० | १०० | १०० | १०० | | १० | १० | १० | १० | १० | १० | ५० | | | ५०० | | ५०० | |
| १८ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | ६०० | ६०० | ६०० | ६०० | ६०० | | ६०० | १ | १ | १ | १ | १ | ५ | २००० | | ५०० | ५०० | ३००० | |
| १९ | असल अभ्यास आदानप्रदानका लागि शैक्षिक अवलोकन | ३०० | ३०० | ३०० | ३०० | ३०० | | ३०० | १ | १ | १ | १ | १ | ५ | | | १००० | ५०० | १५०० | |
| २० | आधारभूत तह क्लास १ -३ को मुल्याकन अभिलेखीकरण | ७०० | ७०० | ७०० | ७०० | ७०० | | ७०० | १ | १ | १ | १ | १ | ५ | | | ३५०० | | ३५०० | |
| २१ | आधारभूत तह इस्तरिय अतिरिक्त किर्यकलाप | ४०० | ४०० | ४०० | ४०० | ४०० | | २०० | २ | २ | २ | २ | २ | १० | | | १००० | १००० | २००० | |
| २२ | एक विद्यालय एक पुस्तकालय कार्यक्रम | ३२०० | १००० | १००० | १४०० | २००० | | २०० | १६ | ५ | ५ | ७ | १० | ४३ | | | २८६६ | ५७३४ | ८६०० | |
| | आधारभूत तह को बजेट( हजारमा ) | ३६८८० | ३५२१५ | ३५१६५ | ३५८१५ | ३६६६५ | | | | | | | | | ५०६०० | ० | ११०८०६ | १८३३४ | १७९७४० | |

| | माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | लगानीको अनुमान (Cost Estimates (in '000s)) | | | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | | Financing Level (In NPR) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | Existing unit cost | Proposed unit cost | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | Total | Federal Gov. | Province Gov. | Local Gov. | Others (NGOs&.....) | Total Budget |
| १ | सबै प्रकार र तहका विद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | ० | १०० | ० | ० | | | १०० | | १ | ० | ० | ० | १ | | | १०० | | १००.०० |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | ० | १०० | ० | ० | ० | | १०० | | १ | | | | १ | | | १०० | | १०० |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापनका लागि | ३२२० | ४८३० | ४८३० | ४८३० | ४८३० | | ३२२ | १० | १५ | १५ | १५ | १५ | ७० | | | २२५४० | | २२,५४०.०० |
| ४ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | २०० | १०० | ५० | १५० | ५००.०० |
| ५ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | १२६ | १२६ | १२६ | १२६ | १२६ | | ६ | २१ | २१ | २१ | २१ | २१ | १०५ | | | ४०० | २३० | ६३० |
| ६ | वि.व्य.स, पि.टी.ए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | ७५ | ७५ | ७५ | ७५ | ७५ | | ३ | २५ | २५ | २५ | २५ | २५ | १२५ | २७५ | | ५० | ५० | ३७५ |
| ७ | विद्यालय शिक्षालाइ प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | २०० | २०० | २०० | २०० | २०० | | २०० | १ | १ | १ | १ | १ | ५ | ४०० | | २०० | ४०० | १,००० |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री | ६५० | ६५० | ६५० | ६५० | ६५० | | ६५० | १ | १ | १ | १ | १ | ५ | ३२५० | | | | ३,२५० |
| ९ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | ६० | ६० | ६० | ६० | ६० | | ३ | २० | २० | २० | २० | २० | १०० | | | १०० | २०० | ३०० |
| १० | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | १९५० | १९५० | १९५० | १९५० | १९५० | | १५० | १३ | १३ | १३ | १३ | १३ | ६५ | ६००० | | ३७५० | | ९,७५० |
| ११ | कक्षाकोठामा आधारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी आन्तरिक मूल्याङ्कन सुधार तथा प्रयोगका लागि शिक्षक क्षमता विकास | १५० | १५० | १५० | १५० | १५० | | ६ | २५ | २५ | २५ | २५ | २५ | १२५ | २०० | | ५५० | | ७५० |
| १२ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था गर्ने | ६० | ६० | ६० | ६० | ६० | | १० | ६ | ६ | ६ | ६ | ६ | ३० | | | ३०० | | ३००.०० |
| १३ | बालक्लब,रेडक्रस,स्काउट,इको क्लब जस्ता क्लबहरुको परिचालन | १३० | १३० | १३० | १३० | १३० | | १० | १३ | १३ | १३ | १३ | १३ | ६५ | | | १०० | ५५० | ६५०.०० |

| | माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | लगानीको अनुमान (Cost Estimates (in '000s)) | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | | Financing Level (In NPR) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | | | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | २०२९/३० ८६/८७ | Total | Federal Gov. | Province Gov. | Local Gov. | Others (NGOs&.....) | Total Budget |
| १४ | शिक्षक पेसागत सहायता प्रणालीको विकास र परिचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | | १५० | २ | २ | २ | २ | २ | १० | | ६०० | ९०० | | १,५००.०० |
| १५ | एक शिक्षक एक ल्यापटपको व्यवस्था अनुदान (साझेदारी) | ५०० | ५०० | ५०० | ५०० | ५०० | | १०० | ५ | ५ | ५ | ५ | ५ | २५ | | | २००० | ५०० | २,५००.०० |
| १६ | विद्यालय सुपरिवेक्षण,शिक्षक मेन्टरिङ | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ | ५ | २५० | | २५० | | ५००.०० |
| १७ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | | ५० | २ | २ | २ | २ | २ | १० | | | २५० | २५० | ५००.०० |
| १८ | मा. वि तह स्तरिय अतिरिक्त क्रियाकलाप | २०० | २०० | २०० | २०० | २०० | | १०० | २ | २ | २ | २ | २ | १० | | | ७०० | ३०० | १,०००.०० |
| २० | विज्ञान प्रयोगशाला | ६५० | ६५० | ६५० | ६५० | ६५० | | ६५० | १ | १ | १ | १ | १ | ५ | ३२५० | | | | ३,२५०.०० |
| २१ | उत्कृष्ट कार्यसम्पदान गर्ने विद्यल लाई प्रोत्साहन | ३०० | ३०० | ३०० | ३०० | ३०० | | ३०० | १ | १ | १ | १ | १ | ५ | १५०० | | | | १,५००.०० |
| २२ | विद्यालय बसको व्यवस्थापन | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | | ३५०० | १ | १ | १ | १ | १ | ५ | | १७५०० | | | १७,५००.०० |
| २३ | प्र.अ बैठक | ५०० | ५०० | ५०० | ५०० | ५०० | | ५० | १० | १० | १० | १० | १० | ५० | | | २५०० | | २,५००.०० |
| २४ | खेलकुद | १००० | १००० | १००० | १००० | १००० | | १००० | १ | १ | १ | १ | १ | ५ | १००० | | २००० | २००० | ५,००० |
| २५ | बिपन्न लक्षित छात्रवृत्ति | १२०० | १८०० | २१०० | २४०० | २७०० | | ६ | २०० | ३०० | ३५० | ४०० | ४५० | १७०० | १०२०० | | | | १०,२०० |
| | माध्यमिक तहको जम्मा बजेट (हजारमा) | १५,०७१ | १७,४८१ | १७,५८१ | १७,८८१ | १८,१८१ | | | | | | | | | २६,५२५ | १८,२०० | ३६,८४० | ४,६३० | ८६,१९५ |

